# बैशाख पूर्णिमा
# बुद्ध पूर्णिमा

-भिक्षु संघरक्षित

२९४.३
५२ बौ

सत्यसन्देश प्रचारक प्रकाशन काठमाडौं
संचालक
भिक्षु संघरक्षित

सत्यसन्देश प्रचारक प्रकाशन-६

# बैशाख पूर्णिमा-बुद्ध पूर्णिमा

वीर-पूर्ण पुस्तक संग्रहालय
उपहार
नायबहाल, ललितपुर, नेपाल

**भिक्षु संघरक्षित, संघाराम**
"परियत्ति सद्धम्म पालक"
ढल्को, क्षेत्रपाटी, काठमाडौं।
☎ - २५५९६०

9766

**प्रकाशक:**

**सत्यसन्देश प्रचारक प्रकाशन ।**

**ज्ञान ज्योति कंसाकार, लक्ष्मीप्रभा कंसाकार**
**ठमेल, काठमाडौं ।**

**प्रथम संस्करण छपाई : १००० प्रति ।**

| | | |
|---|---|---|
| बुद्ध सम्बत् | : | २५४५ |
| नेपाल सम्बत् | : | ११२१ |
| इस्वी सम्बत् | : | २००१ |
| बिक्रम सम्बत् | : | २०५८ |

**कभर डिजाइनर : राजेश मानन्धर**

**कम्प्यूटर सेटिङ्ग :**

सुदर्शन जोशी
इन्द्रायणी कम्प्यूटर सेन्टर
क्षेत्रपाटी, काठमाडौं ।
☎ - २५११२८

**मुद्रक :**

**युनिभर्सल प्रिन्ट कन्सर्न**
**क्षेत्रपाटी, काठमाडौं ।**
☎ - २५४६८१

# विषय - सूचि


| क्र.सं. | | पृष्ठ |
|---|---|---|
| १. | समर्पण | ५ |
| २. | आशिका | ६ |
| ३. | दुई शब्द | ७ |
| ४. | शुभकामना | ८ |
| ५. | प्रकाशकीय | ९ |
| ६. | लेखकको आफ्नो कुरा | १० |
| ७. | आयो बुद्धजयन्ती (कविता) | १२ |
| | **बैशाख पूर्णिमा-बुद्ध पूर्णिमा** | |
| १. | त्रिसंयोगयुक्त दिवस | १३ |
| २. | बौद्ध उत्सव दिवस | १४ |
| ३. | बुद्धगुण | १५ |
| ४. | धर्मगुण | १९ |
| ५. | संघगुण | २० |
| ६. | विदाको आनन्दमय दिन | २२ |
| ७. | बुद्ध महोत्सव बौद्धमा | २२ |
| ८. | पञ्चशील : प्रार्थना र यथार्थता | २३ |
| ९. | हिंसा नगर्ने शील | २४ |
| १०. | चोरी नगर्ने शील | २५ |
| ११. | व्यभिचार नगर्ने शील | २६ |
| १२. | असत्य नबोल्ने शील | २७ |
| १३. | सुरापान नगर्ने शील | २८ |
| १४. | बिडम्बना | ३० |
| १५. | शील र शील प्रार्थनाको सार्थकता | ३१ |
| १६. | ऐतिहासिक पृष्ठभूमि-बैशाख पूर्णिमा | ३२ |
| १७. | बौद्ध मात्रको नयाँ वर्ष | ३४ |
| १८. | कुशल र अकुशल ज्ञात | ३५ |
| १९. | स्वार्थ र परोपकार स्वभाव ज्ञात | ३६ |

| क्र.सं. | | पृष्ठ |
|---|---|---|


२०. लोभ र दान ज्ञात ........................ ३७
२१. सत्य र असत्य ज्ञात ........................ ३९
२२. दश अकुशल ज्ञात ........................ ४०
२३. दश पुण्यक्रिया ज्ञात ........................ ४१
२४. स्वयंलाई ज्ञात ........................ ४२
२५. चित्त चञ्चलता ज्ञात ........................ ४३
२६. मर्नुपर्ने अनित्यता ज्ञात ........................ ४४
२७. भावना धर्म ज्ञात ........................ ४५
२८. सच्चा उपदेश अनुशरणमा ज्ञात ........................ ४७
२९. राम्रो र नराम्रो ज्ञात ........................ ४७
३०. मुक्तिमार्गको नजिक वा टाढाको ज्ञात ........................ ४८
३१. सम्यक् वचन के हो ? ........................ ५०
३२. सम्यक् कर्मान्त के हो ? ........................ ५०
३३. सम्यक् आजीविका के हो ? ........................ ५०
३४. सम्यक् व्यायाम के हो ? ........................ ५१
३५. सम्यक् स्मृति के हो ? ........................ ५१
३६. सम्यक् समाधि के हो ? ........................ ५२
३७. सम्यक् दृष्टि के हो ? ........................ ५२
३८. सम्यक् संकल्प के हो ? ........................ ५३
३९. विगत वर्षमाथि दृष्टि ........................ ५४
४०. बैशाख पूर्णिमा-बुद्ध पूर्णिमाको संयोग ........................ ५५
४१. चिरस्मरणीय बुद्धको जन्म जयन्ती ........................ ५५
४२. चिरप्रेरक वुद्धत्व ज्ञान प्राप्ति ........................ ५७
४३. चिरसंवेगदायी महापरिनिर्वाण ........................ ६०
४४. प्रथम कपिलबस्तु आगमन ........................ ६४
४५. वुद्ध हुने भविष्यवाणी प्राप्त ........................ ६७
४६. उपसंहार ........................ ६९
४७. सहायक ग्रन्थहरू (Bibliography) ........................ ७१

# स-श्रद्धा समर्पण





जो हुनुहुन्छ जन्मदाता कर्म विधाता
अतुलनीय अविस्मरणीय सदा सर्वदा ।
निस्वार्थभावी ब्रह्मारूपी कल्याणदायी
जे-जस्तो प्रतिकुलतामा पनि हितकारी ।
जसले पढाए-हुर्काए असक्त अचेतनमा
जसले सिकाए-बुझाए सच्चरित्र सत्कर्ममा ।
प्रातः वन्दनीय श्रद्धेय माता-पिता प्रति
स-श्रद्धा समर्पण गर्दछु पुत्रको यो कृति ।

-लेखक

प्र. जि. प्र. का. का. स. द. नं. १८१/०४७

फोन नं. २-२४६०७

प्रधान कार्यालय :
विश्व शान्ति विहार
मीन भवन, नयाँ बानेश्वर
काठमाडौं, नेपाल

"सुखा सङ्घस्स सामग्गी"

# अखिल नेपाल भिक्षु महासंघ

(स्थापित : सम्वत् २०४७)

## आशिका

भगवान् गौतम बुद्धको जन्म, सम्बोधि लाभ तथा महापरिनिर्वाण प्राप्त त्रिसंयोगरूपी पावन दिन हो – बैशाख पूर्णिमा । बौद्ध मात्रले नभई समूचा बिश्वले यस दिनलाई बुद्ध-जयन्ती, बुद्ध-पूर्णिमा तथापि शान्तिका प्रतीक दिनका रूपमा लिइन्छ । यस्तै बैशाख पूर्णिमाका विषयमा रचना गरिएको प्रस्तुत "बैशाख पूर्णिमा-बुद्ध पूर्णिमा" पुस्तक लाभदायी, प्रशंसनीय एवं पठनीय नै छ ।

नेपालका सपूत भगवान् बुद्धका बारेमा अद्यावधि अनभिज्ञ मानिसहरू पनि भेटिन्छन्– यहीं कहीं । बुद्धको बारेमा पनि ज्ञान नराख्ने ब्यक्तिले बैशाख पूर्णिमा र यसको महत्त्व बारेमा जान्ने कुरै भएन । यस्तो स्थितिमा, यो पुस्तक बैशाख पूर्णिमा सम्बन्धी जान्न र बुझ्न अचूक साधन नै बनेको छ । अझ, पुस्तकभित्र समाविष्ट उपदेश र बिषयबस्तुले नेपाली मात्रलाई यो पुस्तक अत्यन्त महत्त्वको बनेको कुरा नकार्न सकिन्न ।

युवक बौद्धहरूको सक्रियता नै मानवीय बुद्ध धर्मको उत्थान-उन्नतिको कारण हो । यस्तै युवकमा आयुष्मान् भिक्षु संघरक्षितले किताब प्रकाशन गरिरहेको काम एकदम राम्रो छ, प्रशंसा योग्य छ । अझ यस्तै रचनात्मक सत्कार्यको अपेक्षा राख्दै उत्तरोत्तर प्रगतिको आशिका गर्दछु ।

१५ चैत्र २०५७
आनन्दकुटी विहार

भिक्षु अनिरूद्ध महास्थविर
"अग्ग महा सद्धम्म जोतिक धज"
संघनायक
अखिल नेपाल भिक्षु महासंघ

अखिल नेपाल भिक्षुमहासंघद्वारा संचालित
बा.अ.का.द.नं. ३८३ / ०४७

"पञ्ञा नयनं रतनं"

Head Office
Manimandapa Mahavihar
Patako, Lalitpur- 16
Nepal
☎:- 5-26517

# नेपाल बौद्ध परियत्ति शिक्षा
Nepal Bauddha Pariyatti Shiksha

केन्द्रीयकार्यालय
मणिमण्डप महाविहार
पटको, ललितपुर - १६
नेपाल
☎:- ५-२६५१७

च.नं.
Ref. :-

मिति
Date :-

## दुई शब्द

आमिष पूजा र प्रतिपत्ति पूजा गरी पूजा दुई थरिका छन् । भगवान् बुद्धलाई विविध पुष्प, धूप, नैवद्य आदि चढाएर भक्तिभावले पूजा गर्नु आमिष हो । त्यस्तै, भगवान् बुद्धले दिनुभएको उपदेश अनुसार पालन गर्दै जानु प्रतिपत्ति पूजा हो । आयुष्मान् संघरक्षितद्वारा लेखिएको प्रस्तुत "वैशाख पूर्णिमा-बुद्ध पूर्णिमा" नामक पुस्तकमा प्रतिपत्ति पूजालाई बडो जोड दिंदै अगाडि बढाएको छ । विभिन्न बौद्ध ग्रन्थ-पुस्तकहरूको अध्ययनद्वारा रचना गरिएको यो पुस्तक पाठक वर्गहरूलाई धेरै उपकार हुनेछ भन्नेमा म विश्वस्त छु ।

आयुष्मान् संघरक्षित 'नेपाल बौद्ध परियत्ति शिक्षा' अन्तर्गतको परियत्ति सद्धम्म कोविद प्रथम वर्ष (बु.सं. २५४४) को परीक्षामा प्रथम श्रेणीले उत्तीर्ण हुने व्यक्ति हुन् ।

यस्ता व्यक्तित्वबाट यस्तो महत्त्वपूर्ण कृति राष्ट्रभाषामा लेखेर प्रकाशन समेत गर्ने सत्प्रयासमा लागेका लेखकलाई हार्दिक साधुवाद तथा मंगलमय कामना गर्दछु । उहाँको उत्तरोत्तर प्रगति-उन्नति होस् र भविष्यमा पनि यस्तै महत्त्वपूर्ण पुस्तकहरू प्रकाशन गर्दै जान सकून्, भित्र हृदयदेखिको शुभकामना सँगै दुई शब्द यहीं टुँग्याउँदैछु ।

२२ चैत्र २०५७
सुमंगल विहार, पाटन

भिक्षु बुद्धघोष महास्थविर
"अग्ग महा सद्धम्म जोतिक धज"
शिक्षाध्यक्ष
नेपाल बौद्ध परियत्ति शिक्षा समिति

# शुभकामना

प्रस्तुत "**बैशाख पूर्णिमा-बुद्ध पूर्णिमा**" नामक पुस्तकको विषयसूची हेर्दा नै थाहा पाउन सकिन्छ कि यो एउटा बुद्ध-अनुयायीहरूको हस्तक पुस्तक नै हो । मुख्यतः यसमा बुद्धधर्मावलम्बीहरूले जानिराख्नुपर्ने अति आवश्यक ज्ञानवर्द्धक कुराहरू समावेश भएका छन् । अझ, ती मध्ये "स्वार्थ र परोपकार स्वभाव ज्ञात", "सत्य र असत्य ज्ञात", "स्वयंलाई ज्ञात", "चित्त चञ्चलता ज्ञात", "मर्नुपर्ने अनित्यता ज्ञात" आदि जस्ता कुराहरू महत्त्पूर्ण छन् ।

भिक्षु संघरक्षितद्वारा यो भन्दा केही पहिले २०५७ मंसीरमा पनि "**पथप्रदर्शक**" नामक पुस्तक छापिएका थिए । हाल पाँचै महिनाभित्र फेरि "**बैशाख पूर्णिमा-बुद्ध पूर्णिमा**" नामक पुस्तक छापिन लागेको कुरा सुन्न पाउँदा साह्रै नै खुशी लागेको छ । यो पुस्तकले पनि पथप्रदर्शकको काम लिनेछ भन्ने आशा छ ।

प्रस्तुत पुस्तक पढेर पाठक वर्ग ज्ञानी वन्ने पथमा अग्रसर हुने आशा छ । लेखकले त ज्ञान भएको अनुभवको कुरा लेख्नु भएको छ । वहाँ त झन् ज्ञानी हुने नै भयो । उहाँको उत्तरोत्तर प्रगति होस् भन्ने शुभकामना छ ।

१५ चैत्र २०५७
श्रीघः विहार

**भिक्षु अश्वघोष महास्थविर**
"अग्ग महा सद्धम्म जोतिक धज"

प्रकाशकीय

# श्रद्धाधनमा हाम्रो भन्नु

भगवान् बुद्धको शिक्षा सदाकाल सत्यधर्मको प्रतीक बनेको छ, दुःख मोचन गर्ने कारकतत्त्व रहेको छ। यस्ता अमूल्य बुद्धशिक्षा देशका कुना-कन्दरामा प्रचार-प्रसार गर्ने प्रमुख माध्यममध्ये पुस्तक प्रकाशन पनि हो। मुख्यतः बिहार-बिहारमा धाउन नसक्ने र नजान्नेहरूलाई धर्मको मर्म बुझाउन र धर्मप्रति आस्था र श्रद्धाभाव जगाउन बुद्धशिक्षाका पुस्तकहरूले ठूलो भूमिका निर्वाह गर्ने कुरामा दुई मत हुँदैन।

भगवान् बुद्धको आफ्नै विशेषता छ। आफ्नो शिक्षा दुःखमुक्तिको वाहक हो भन्ने यथार्थ जानेर पनि उहाँले कहिल्यै आफ्नै सिद्धान्त मात्र राम्रो र यो सिद्धान्तमा सबै लाग्नैपर्छ, पालन गर्नैपर्छ भन्नेजस्ता कुरामा अडिग लिनु भएन। बरू प्रत्येकलाई वास्तविकता बुझाएर यथार्थ बोध गराउने कुरामा जोड दिनुहुन्छ। सत्य तथ्य जानेपछि त्यसै पनि मानिसहरू श्रद्धाले युक्त विविध रचनात्मक कार्य गर्छन् नै।

बुद्धभूमि शान्तिक्षेत्र नेपाल राष्ट्र जागरणको पहलमा छन् । समस्त धर्मको मूल मर्म र भगवान् बुद्धसँग सम्बन्धित कुराहरू बुझ्न चाहने व्यक्ति मात्रलाई फलदायी नै सिद्ध हुने प्रस्तुत श्रद्धेय संघरक्षित भन्तेद्वारा रचना गरिएको "बैशाख पूर्णिमा-बुद्ध पूर्णिमा" पुस्तक धर्मदानको रूपमा पाठक वर्ग समक्ष राख्दैछु । पुस्तकका लेखक संघरक्षित भन्तेको निरन्तर प्रगति र उन्नतिको कामना सँगै सम्पूर्ण सत्त्वप्राणीको सुखी, निरोगी र दीर्घायु होऊन्, सत्कर्ममा आबद्ध रहून्, नव वर्ष २५४५ औं बैशाख पूर्णिमा-बुद्ध पूर्णिमाको शुभ पावन अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

ज्ञानज्योति कंसाकार, लक्ष्मीप्रभा कंसाकार
ठमेल, काठमाडौं ।

प्रकाशकीय

# हाम्रो आफ्नो कुरा

विविधतामय संस्कृतिले भरिएको नेपाल अधिराज्यमा विभिन्न चाडपर्वहरू मनाउने क्रम अद्यावधि जीवित छ । विशेषतः बुद्धको जन्मभूमि शान्तिक्षेत्र नेपालमा उहाँको विभिन्न अपरम्पार ज्ञान र सम्वन्धित मुख्य घटनाको अनुस्मरणमा पावन वैशाख-पूर्णिमा उत्सव वडो जोश र जाँगरले सुसम्पन्न गरिने कुरा हामी प्रत्यक्षतः देखिरहेकै छौं । वस् ! कोही वुझेर कार्यक्रममा सहभागी वनेका हुन्छन् त कोही नबुझेर पनि सहभागी भएका हुन्छन् । यसरी नै, वैशाख पूर्णिमाका वारेमा नजानेका र नवुझेका व्यक्तिहरूलाई सजिलै यसवारे स्पष्ट एवं यथार्थ कुरा वुझ्ने माध्यम पुस्तक हो – **"वैशाख पूर्णिमा-बुद्ध पूर्णिमा"** ।

मुख्यतः वैशाख पूर्णिमासँग तथागत गौतम बुद्धको सम्वन्धलाई जोडेर अगाडि वढाइएको प्रस्तुत पुस्तकमा बुद्धभूमि नेपालका सच्चा मानव मात्रले जान्न र वुझ्न आवश्यक कुराहरूलाई प्रष्ट्याइएको छ । शीलको प्रार्थना र यथार्थता अववोध गर्नुपर्ने, त्रिरत्नगुणको भित्री तथ्य वुझेर पूजामा सरिक हुनुपर्ने, वौद्धमात्रमा वुद्ध उत्सव कसरी गर्नु राम्रो हुन्छ भने जस्ता कुराहरूलाई सामान्यतः वुझिराख्नु उचित हुन्छ । तिनै कुराहरूको संक्षिप्त रूपरेखा खिचिएको महत्त्वपूर्ण पुस्तक हो - **"वैशाख पूर्णिमा-बुद्ध पूर्णिमा"** ।

प्रस्तुत पुस्तकले वैशाख पूर्णिमाको सम्वन्धमा यथार्थ कुरा वुझ्न धैरै हदसम्म सफल हुनेछ भन्ने दृढ विश्वासका साथ प्रस्तुत पुस्तक पाठकवर्ग समक्ष टक्राउँदैछौं । कृति प्रकाशनका लागि सहयोग गर्ने श्रद्धालु दाताहरूमा स-धन्यवाद सुखी, निरोगी र दीर्घायुको कामना गर्दछौं । अन्तमा; २५४५ औं वैशाख पूर्णिमा-वुद्ध पूर्णिमाको शुभ औ पावन अवसरमा समस्त शान्तिप्रिय धर्मप्रेमी मानव मात्रमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं - सवैको जीवन फलोस् - फुलोस् र उन्नति - प्रगतिको शिखरतामा पुगोस् ।

सव्वेसत्ता भवन्तु सुखितता !

**सत्यसन्देश प्रचारक प्रकाशन**

# लेखकको आफ्नो कुरा

यो देश बुद्धको पवित्र जन्मभूमी हो । यही नेपाल देशको लुम्बिनी शालोद्यानमा पदार्पण हुनुभएर विश्वमा एउटा नवीन वैचारिक क्रान्ति र शान्ति ल्याउनुहुने भगवान् बुद्धको गुण अपरम्पार छ । **एसियाका ज्योति** भगवान् बुद्धकै कारणले आज हाम्रो मातृभूमि नेपाललाई '**विश्व शान्तिको मुहान**' एवं '**शान्तिक्षेत्र नेपाल**' का रूपमा चिनिन्छ । उहाँकै मुख्यत: चिरस्मणीय जन्म, चिरप्रेरक बुद्धत्व ज्ञान प्राप्त एवं चिरसंवेगदायी महापरिनिर्वाण प्राप्त उल्लेखनीय पावन दिन हो- बैशाख पूर्णिमा ।

वैशाख पूर्णिमालाई बुद्ध पूर्णिमाको रूपमा पनि लिइन्छ । नेपाल अधिराज्यभर यस दिन विदा घोषित भइरहेकोमा हालै मात्र विश्वभरमै पनि यस दिन विदाको रूपमा घोषणा भइसकेको छ । बुद्धप्रति आस्था र श्रद्धा हुने प्रत्येक श्रद्धालुहरूले बडो हर्षोल्लास र नयाँ उमंगका साथ धुमधामले यो वैशाख पूर्णिमा-बुद्ध पूर्णिमा मनाउने गर्दछन् । सम्पूर्ण बौद्ध मात्रको नयाँ वर्षका रूपमा केन्द्रित यस त्रिसंयोगरूपी बुद्ध पूर्णिमा बौद्ध महोत्सवको कार्यक्रममा बौद्धहरू मात्र नभई विश्व शान्तिको चाहना र कामना राख्ने विश्वका सम्पूर्ण व्यक्तिहरू सक्रिय सहभागी हुने गर्दछन् । तर, त्यसैमा मात्र सीमित नरहेर, एउटा सच्चा मानवशिक्षा अनुगामी बौद्धले यस पावन अवसरलाई कुन अनुरूप धारण पालन गर्नुपर्दछ ? नयाँ वर्षको रूपमा ग्रहण गरेर हामी कसरी आफ्नो चारित्रिक अपवित्रतालाई पवित्र तुल्याउन सक्षम हुन्छौं ? कसरी निर्दोष शुद्ध चरित्रको विकास गर्न सक्छौं ? भन्ने कुराहरूलाई यस पुस्तकमा भरसक स्पष्ट उजागार गर्ने प्रयत्न-प्रयास यथाशक्य गरे झैं लाग्दछ ।

मैले यहाँ, पाठक वर्गलाई पढ्नमा कठिनाइको महसुस नहोस् भन्ने कुरा ध्यानमा राखेर महत्त्वपूर्ण बौद्धिक शिक्षाहरूलाई विभिन्न शीर्षक-उपशीर्षकहरूमा विभाजन गरी प्रस्तुत गरेको छु । यसै साथमा, गौतम बुद्धसँग सम्बन्धित वैशाख पूर्णिमाका संयोगहरू **जन्म, सम्बोधि लाभ** एवं **महापरिनिर्वाण**का साथै **प्रथम कपिलबस्तु आगमन** र **दीपंकर तथागतसँग सम्बोधि प्राप्तिको प्रार्थना** जस्ता घटनाहरूलाई कथाक्रममा प्रस्तुत गर्ने सानो प्रयास पनि गरेको छु । आशा छ, यस पुस्तकले ज्ञानको पिपासा बौद्धजनहरूलाई मात्र नभई वैशाख पूर्णिमाका विषयमा जान्न र बुझ्न खोज्ने प्रत्येकलाई सहजरूपले बोध गराउनमा सहायक सिद्ध र लाभजनक पनि हुनेछ ।

हुन त, २५४४ औं बैशाख पूर्णिमा - बुद्ध पूर्णिमा मनाउने क्रममा **भोजपुर-टक्सार** पुगें । त्यहीं, प्रवचनको रेकर्ड गरी पुन: लेखका रूपमा तयार पारें । त्यसै लेखभित्र रहेर सोच्दासोच्दै एउटा विचारको प्रादुर्भाव भयो । लेखकै मूल आधारमा आवश्यक कुराहरूको थप र समिश्रणद्वारा एउटा सानो पुस्तिकाको रूपमा प्रस्तुत गर्ने जमर्को गरें । तब, यसै लक्ष्यमा केन्द्रित रहेर वर्षदिनभित्र विभिन्न पुस्तक एवं ग्रन्थहरू अध्ययन-अनुसन्धान गरें, बौद्ध विद्वान्हरूसँग सल्लाह-सुझावको अपेक्षा राखें र बिस्तारै-विस्तारै पुस्तकभित्र समावेश हुने कुराहरूको बुँदा टिपोट र एकपल्ट सबै लेखेर सकें । पुन: त्यसैलाई अझ परिमार्जन एवं स-सानो शीर्षक राखेर लामो अन्तरालमा अन्ततोगत्वा: पुस्तक लेखन कार्य समापन भयो । तर पनि विभिन्न आर्थिक समस्या र आफ्नै क्याम्पसको पढाई परीक्षा आदि जस्ता आन्तरिक कुराले पुस्तक प्रकाशनमा सशंकित भइनै रह्यो । यस्तोमा पनि, आफ्नै दृढता र धेरैको प्रेरणाले पुस्तक लक्ष्यभित्र प्रकाशन गर्न पाउँदा ज्यादै खुशीको अनुभव गर्देछु ।

**'अग्ग महा सद्धम्म जोतिक धज'** उपाधिले विभूषित नेपाली त्रय श्रद्धेय भिक्षुहरू **संघनायक अनिरूद्ध महास्थविर,** अ.ने.भि. महासंघका **अध्यक्ष बुद्धघोष महास्थविर**, अ.ने.भि.म. का **धर्मानुशासक अश्वघोष महास्थविर** हरूका आशीर्वादरूपी अमूल्य दुई शब्दहरू कृतिका लागि पाउँदा कृति र कृतिकार धन्य धन्य भएको छ। अझ, **त्रिपिटकाचार्य कुमार काश्यप महास्थविर, प्रा. सुवर्ण शाक्य, दुण्ड बहादुर वज्राचार्य** जस्ता महान् हस्तीहरूले पुस्तकका लागि केही शब्द कोरिदिने कष्ट गर्नुभएकोमा साधुवाद सहित कृतज्ञता व्यक्त गर्दछु । अल्छी र झिजो कत्ति नमानी पुस्तक लेखनको भाषिक शुद्धिकरणमा सहानुभूतिपूर्ण सहयोग गरिदिनुहुने **प्रा. श्री रमेश कुमार भट्टराइ एम. ए.** प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

अन्तत: कृतिका लागि सल्लाह-सुझाव दिइरहनु हुने **बुद्धघोष भन्ते, धर्ममूर्ति भन्ते, सद्धातिस्स भन्ते, कोलित भन्ते, सोभन भन्ते**, पुस्तक प्रकाशनका श्रद्धालु दाताहरू, प्रत्यक्ष-अप्रत्यक्ष कृति प्रकाशनमा मद्दत प्रदान गर्नेहरूप्रति हार्दिक धन्यवादसँगै सम्पूर्ण सत्त्वप्राणीहरूको सुस्वास्थ्य, दीर्घायु र जयमङ्गलको शुभकामना प्रकट गर्दछु ।

**भिक्षु संघरक्षित, संघाराम**

# आयो बुद्धजयन्ती

आयो बुद्धजयन्ती नवीन लहर र जाँगर बोकेर
आयो बुद्धजयन्ती हर्षोल्लास अनि खुशी बोकेर ॥

संसारमा अवतरण भए बोधिसत्व कुमार बनी
अहो ! अचम्म-आश्चर्य जन्मै सात पाइला हिंडी ।

ल्यायो संसारमा नवीन शान्ति र क्रान्ति बोकेर
आयो बुद्धजयन्ती हर्षोल्लास अनि खुशी बोकेर ॥

घोर-घनघोर दृढ तपस्यारत भई उहाँ कुमार
साराका सारा मारबन्धन चटक्क उनले तोडेर ॥

बन्यो बुद्ध बुद्धत्व लाभ गरी ज्ञानभण्डार बोकेर
आयो बुद्धजयन्ती नवीन जाँगर र लहर बोकेर ॥

ग्राम-ग्राम, नगर-नगर तथा देश - देशान्तर
बहुजन हित - सुखार्थ ध्येय चारिका गर्दै बढेर ॥

ओहो ! लुप्त अग्रतारा लोकलाई धुरु - धुरु रूवाएर
आयो बुद्धजयन्ती केही राम्रो गर्न र गराउन भनेर ॥

ल्यायो बुद्धजयन्ती सदासर्वदा प्रीति र सुख बोकेर
आयो बुद्धजयन्ती बुद्धको पवित्र गुणानुस्मरण बोकेर ॥

❋ ❋ ❋

# बैशाख पूर्णिमा-बुद्ध पूर्णिमा

**नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।**

तथागत भगवान् बुद्ध, उहाँले देशना गर्नुभएको मानव कल्याणकारी धर्म तथा उहाँका शुद्ध अनुयायी **आर्यश्रावक**[1] संघ वा त्रिरत्नको शरणमा आउनुभएका समस्त **श्रद्धावान्**[2] धर्मप्रेमी शान्तिप्रिय **उपासक**[3] र **उपासिका**[4]हरू !

बैशाख पूर्णिमा–बुद्ध पूर्णिमाको पावन शुभ उपलक्ष्यमा हामी विशेष हर्षोल्लासका साथ बुद्ध उत्सव मनाउन गइरहेका छौं । विविध कार्यक्रमहरूको व्यवस्थित योजना बनाएर हामी **बिहार**[5]–बिहार तथा विभिन्न स्थानहरूमा शान्तिसन्देश बोकेर भेला भएका छौं । हामी भित्र नवीन जोश र जाँगरको प्रवाह विद्यमान अवस्थामा जिवन्त भइरहेको छ । प्रथमतः सम्पूर्ण बौद्ध जन मात्रको "नयाँ वर्ष" का रूपमा रहेको २५४५ औं बैशाख पूर्णिमा–बुद्ध पूर्णिमाको शुभ उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना !

## त्रिसंयोगयुक्त दिवस

विशेषतः आज बैशाख पूर्णिमा वा बुद्ध पूर्णिमा त्रिसंयोगले पूर्ण महान् दिवस हो । आजकै पावन तिथिमा हाम्रो मातृभूमि नेपाल राष्ट्रको लुम्बिनी शालोद्यानमा **बोधिसत्व**[6] सिद्धार्थको जन्म भएको थियो । आजकै

१) **"आर्यश्रावक"** भन्नाले भगवान् बुद्धको ज्ञानलाई अनुशरण गरेर मार्गफल (श्रोतापत्तिफल, सकृदागामीफल अनागामीफल, अर्हन्तफल) मध्ये एउटा न एउटा फल प्राप्त भइसकेको व्यक्तिलाई बुझिन्छ । यहाँ, "आर्यश्रावक संघ" भएकोले बुद्ध अनुयायी गृहत्यागी भिक्षुहरूको संगठनात्मक समुदाय भन्ने बुझिन्छ । जसलाई सम्मुति संघको रूपमा लिइन्छ । जो मार्गफल प्राप्तिको लागि प्रयासरत छन् ।

२) **श्रद्धावान्** = त्रिरत्न, आर्यसत्य, कर्म र कर्मफलमा विश्वास गर्नेआस्था राख्ने व्यक्तिलाई "श्रद्धावान्" भनिन्छ ।

३) **उपासक** = आफ्नो शरीर, वचन र मनद्वारा बुद्ध, धर्म र संघको शरणमा आइपुगेको पुरुषलाई "उपासक" भनिन्छ ।

४) **उपासिका** = त्रिरत्न शरणागत महिला मात्रलाई "उपासिका" भनिन्छ ।

५) **बिहार** = बुद्धशासनमा प्रव्रजित गृहत्यागी चीवरधारी भिक्षुहरू वस्ने पवित्र स्थल (घर) लाई "बिहार" भनिन्छ ।

६) **बोधिसत्व** = भविष्यमा गएर बुद्ध हुने प्राणीलाई "बोधिसत्व" भनिन्छ ।

दिन बुद्धगयाको बोधिवृक्षमा बोधिसत्त्व कुमारले सुख-शान्ति प्राप्त हुने मूल सर्वज्ञ बुद्धत्व ज्ञान अवबोध गर्नुभई बुद्धत्व प्राप्त गर्नु भएको थियो । त्यस्तै, आजकै दिन उहाँले ८० बर्षको उमेरमा सद्धर्म प्रचार-प्रसार गर्ने क्रममा **कुशीनगर**[७]को शालोद्यानमा महापरिनिर्वाण प्राप्त गर्नुभएको थियो । तसर्थ आज बैशाख पूर्णिमाको दिन :

(१) शाक्यमुनि तथागत बुद्धको चिरस्मरणीय जन्म जयन्ती हो,

(२) बुद्धत्व ज्ञान प्राप्त गरेको चिरप्रेरक पावन दिन हो,

(३) **महापरिनिर्वाण**[८] प्राप्त चिरसंवेगदायी दिवस हो ।

## बौद्ध उत्सव-दिवस

यसै बुद्ध पूर्णिमाको दिन विभिन्न व्यक्तिहरू विविध प्रकारले सुसम्पन्न गर्ने, मनाउने वा दिन बिताउने गर्दछन् । कसैकसैले त यो दिन विभिन्न कार्यक्रमहरूको आयोजना र संचालन गरेर, त्यसमा सक्रिय सहभागी भई मनाउने गर्दछन्। बौद्धजन मात्रको महान् यस पावन दिनमा प्रत्येक बौद्धजनहरू परोपकारी-कल्याणकारी क्रियाकलाप विशेष जोडतोडका साथ कार्यान्वयन गर्ने गर्दछन् । विभिन्न बिहार, संघ-संस्था र ब्यक्तिहरूको सक्रियतामा अनेकानेक कार्यक्रमहरू बन्छन्-बनाइन्छन्, बुद्धवचनले भरिपूर्ण ज्ञानमाला भजन गाइन्छन् । बौद्ध जनहरू आफ्नो श्रद्धाभावले विविध फलफूल, धूप, नैवेद्य आदि अर्पण गर्छन्-गराउने मौका दिन्छन्, पुण्यकार्यमा सकभर आफू सहभागी बन्छन्-सबैलाई सहभागी हुने सुअवसर प्रदान गर्दछन् ।

कुनै बिहार वा बुद्धप्रतिमा रहेको स्थानमा कार्यक्रम गर्दा बुद्धको विशेष गुणानुस्मरणमा विभिन्न फलफूलादि चढाउँछन् । शरीर, वचन र मनद्वारा सम्पूर्ण कुरा त्याग गर्न अर्पणस्वरूप "बुद्ध-वन्दना" कार्य सम्पन्न गरिन्छ जुनलाई 'बुद्धपूजा' पनि भन्दछ। यसै अन्तर्गत, सर्वज्ञ तथागत भगवान् बुद्धको प्रमुख ९ वटा गुण, बुद्धद्वारा देशित धर्मको मूल गुण ६ वटा तथा उहाँका अनुयायी आर्यसंघका महत्त्वपूर्ण ९ वटा गुणको अनुस्मरण हुन्छ । यसकै प्रतिफलस्वरूप पालि गाथाद्वारा वन्दना पनि गर्दछन्। यहाँ, बुद्धगुण, धर्मगुण र संघगुणका सम्बन्धमा यस प्रकार स्पष्टसँग बुझ्न सकिन्छ ।

७) **कुशीनगर** = वर्तमान भारतको कसया गाउँ, गोरखपुर ।

**बुद्ध र बुद्धपछि, पृ. ५२ः बुद्ध जीवनी**

८) **महापरिनिर्वाण** = तथागत बुद्धको देह त्याग गर्ने अवस्था वा मृत्यु अवस्थालाई "महापरिनिर्वाण" भनिन्छ ।

# बुद्धगुण

सत्यधर्मका प्रवक्ता सुखका दाता, मुक्तिका पथप्रदर्शक सत्यसन्देशका प्रचारक, सर्वलोक हितकारक सर्वज्ञाता, शान्तिका अग्रदूत, नेपालका सपूत महाकारूणिक भगवान् बुद्धका अनन्त गुणहरू छन्। हाम्रो आकांक्षा भनेको उहाँका अनन्त गुणहरू स्मरण गरेर केही भए पनि गुणहरू धारण गर्नु हो। उहाँका अनगिन्ती **अल्याख** गुणहरूमध्ये प्रमुख ९ वटा उल्लेखनीय गुण यसप्रकार छन्:–

**१) अरहं गुण :**

➔ उहाँ राग, द्वेष, मोह आदि शत्रुलाई हरण गरिसकेका, ब्रह्मादि देवमनुष्यहरूले पूजा गर्न योग्य हुनुभएका, कहिल्यै कदापि **गुप्त पाप**[९] नगर्ने, **संसारचक्रको आढ**[१०]लाई भाँच्नुभएका अरहं गुणको हुनुहुन्छ।

**२) सम्मासम्बुद्धो गुण :**

➔ उहाँ **दु:खसत्य, दु:खसमुदयसत्य, दु:खनिरोधसत्य, दु:खनिरोधगामिनीप्रतिपदासत्य** जस्ता चारसत्यलाई यथार्थरूपमा बोध गरी लोकजनहरूलाई पनि बोध गराउन सक्षम हुनुभएकोले सम्मासम्बुद्धो गुणयुक्त हुनुहुन्छ।

**३) विज्जाचरणसम्पन्नो गुण :**

➔ उहाँ विद्या र आचरणधर्मले परिपूर्ण हुनुहुन्छ। अझ उहाँमा तीन विद्या, आठ विद्या र पन्ध्र आचारण धर्मयुक्त गुणहरू विद्यमान छन्। ती गुणहरू यस प्रकार छन्:–

**तीन विद्या**

क) **पुब्बेनिवासविज्जा** = पूर्वजन्मको कुरा थाहापाउने विद्या,
ख) **दिब्बचक्खुविज्जा** = देवताहरूको आँखाले झैं स्थूल र सूक्ष्म, टाढा र नजिकको देख्न सकिने विद्या,
ग) **आसवक्खयविज्जा** = क्लेश–आश्रव नाश गर्न सकिने अर्हत्मार्ग विद्या।

**आठ विद्या**

क) **दिब्बचक्खुविज्जा** = देवताहरूको आँखाले झैं स्थूल र सूक्ष्म, टाढा र नजिकको देख्न सकिने ज्ञान,

९) **गुप्त पाप** भन्नाले अरूलाई थाहा नपाउने नदेख्ने गरी लुकाई गरिने पाप हो।
१०) **संसारचक्रको आढ** भन्नाले सामान्य पांग्राको डण्डी जस्तो संसारचक्रको डण्डी वा आढ भन्ने बुझिन्छ।

ख) **दिब्बसोतविज्जा** = देवताहरूको कानले झैं नछेकिने गरी सुन्न सक्ने ज्ञान,
ग) **इद्धिविधविज्जा** = अनेकप्रकारका ऋद्धि वा विस्तार देखाउन सक्ने ज्ञान,
घ) **चेतोपरियविज्जा** = अरूको चित्तलाई बुझ्ने ज्ञान,
ङ) **पुब्बेनिवासविज्जा** = पूर्वजन्मको कुरा थाहापाउने ज्ञान,
च) **आसवक्खयविज्जा** = क्लेश-आश्रव नाश गर्न सकिने अर्हत्मार्ग ज्ञान,
छ) **मनोमयिद्धिविज्जा** = मनले चिताए झैं गर्न सकिने ज्ञान,
ज) **विपस्सनाविज्जा** = अनित्य, दुःख र अनात्म भनेर नाम, रूप र धर्म सबै जान्न सकिने ज्ञान ।

**पन्ध्रवटा आचरण धर्म:**

क) **सीलसंवर** = शीललाई संयम गर्ने,
ख) **इन्द्रियसंवर** = चक्षु आदि इन्द्रियलाई संयम गर्ने,
ग) **भोजनेमत्तञ्ञुता** = भोजनमा मात्राको ज्ञान राख्ने,
घ) **जागरियानुयोग** = जागृत भइरहने,
ङ) **सद्धा** = त्रिरत्न, आर्यसत्य, कर्म र कर्मफलमा विश्वास गर्ने,
च) **सति** = कुशल कर्ममा प्रमाद नहुनु र स्मृति राख्नु,
छ) **हिरी** = दुराचरणमा लज्जा हुनु,
ज) **ओत्तप्प** = दुराचरणमा डर–त्रास हुनु,
झ) **बाहुसच्च** = बहुश्रुत हुनु,
ञ) **वीरिय** = कर्म कुशल वीर्ययुक्त हुनु,
ट) **पञ्ञा** = लौकिक र लोकोत्तर हरेक विषयमा विशुद्ध ज्ञान राख्नु,
ठ) **पठमज्झान** = वितर्क, विचार, प्रीति, सुख र एकाग्रता यी पाँचैवटा ध्यानाङ्गले युक्त हुनु प्रथम ध्यान हो ,
ड) **दुतियज्झान** = प्रीति, सुख र एकाग्रता ध्यानका तीनै अङ्गले युक्त द्वितीय ध्यान हो,
ढ) **ततियज्झान** = सुख र एकाग्रता ध्यानका दुबै अङ्गले युक्त तृतीय ध्यान हो,
ण) **चतुत्थज्झान** = उपेक्षा र एकाग्रता ध्यानका दुबै अङ्गले युक्त चतुर्थ ध्यान हो।[११]

**४) सुगतो गुण :**

→ सन्मार्गमा गमनागमन गरिसकेर, मृत्यु भयरहित शान्त **निर्वाण**[१२] पथमा पुग्न सक्ने सुगतो गुण हो। बुद्ध त्यस गुणले सम्पन्न हुनुहुन्छ ।

११)परियत्तिशिक्षा (भाग-३), पृ. ५० : त्रिरत्नगुणको शब्दार्थ ।
१२)**निर्वाण** = सम्पूर्ण तृष्णाबाट मुक्त भई सबै प्रकारका दुःखबाट अलगिगसकेको, काम, क्रोध,लोभ र अहंकारले रहित भएको परम सुखमय अवस्थालाई **निर्वाण** भनिन्छ ।

५) **लोकविदु गुण :**

→ भगवान् बुद्ध लोकका ज्ञाता हुनुहुन्छ, सम्पुर्ण कुराहरू यथा स्थितिमा ज्ञान गर्नसक्ने हुनुहुन्छ । अझ स्पष्ट भन्ने हो भने उहाँ **तीनै लोक**[१३] का यथार्थ ज्ञाता लोकविदु हुनुहुन्छ ।

६) **अनुत्तरोपुरिसदम्मसारथि गुण :**

→ बोध गर्न योग्य देव, मनुष्य, **तिर्यक**[१४] र **वेनेय्य प्राणीहरू**[१५] लाई सभ्य हुनेगरी ज्ञानले दमन गर्ने अद्वितीय सारथी हुनुहुन्छ ।

७) **सत्था देवमनुस्सानं गुण :**

→ ब्रह्मादि देवमनुष्यहरूलाई अनुशासन गर्ने वा गर्न सक्ने सामर्थ्ययुक्त गुणले भरिपूर्ण शास्ता वा आचार्य हुनुहुन्छ ।

८) **बुद्धो गुण :**

→ अविद्यारूपी अन्धकारमा सर्वप्रथम ज्ञानरूपी प्रदीप जलाई चार आर्यसत्यलाई विश्लेषण गरी बोधजन्य भएको हुनुहुन्छ ।

यहाँ, **अविद्या** भन्नाले यसअनुरूप बुझ्नुपर्छः–

क) **अनित्य**[१६] लाई अनित्य भनी थाहा नपाउनु अविद्या,
ख) **दु:ख**[१७] लाई दु:ख भनी थाहा नपाउनु अविद्या,
ग) **अनात्मस्वभाव**[१८] लाई अनात्म भनी नजान्नु अविद्या,
घ) दुश्चरित्रताले मार्गफलमा बाधा गर्छ भनी नजान्नु अविद्या,
ङ) सच्चरित्रताले मार्गफलमा सघाउ पुऱ्याउँदछ भनी नजान्नु अविद्या,
च) भवचक्रमा भुलाइरहने कारणबाट मुक्त हुन सकिन्छ भनी नजान्नु अविद्या,
छ) भवचक्रमा भुलाइरहने र मुक्त गर्ने कार्यहरू नजान्नु अविद्या,
ज) कुशल कार्य सुषुप्त रही अकुशलमा अनियन्त्रित हुनु अविद्या ।

१३) **तीनै लोक** भन्नाले यसरी बुझिन्छ : क) **सत्तलोक** = सत्त्व प्राणीहरू, ख) **संखार लोक**=लौकिक नाम र रूप तथा ग) **ओकासलोक** = सत्त्वप्राणीहरू बस्ने स्थान ।

१४) **तिर्यक** भन्नाले पशु, पंक्षी, कीरा आदि सत्त्वहरू बुझिन्छन्, जुन सत्त्वहरू बुद्धको कथन अनुसार दुर्गतिमा परिरहेका हुन्छन् ।

१५) **वेनेय्य प्राणीहरू** भन्नाले शिक्षित बनाउन वा विनीत गराउन योग्य प्राणीहरू भन्ने बुझिन्छ ।

१६) **अनित्य** = वदल्न सकिने, फरक हुनसक्ने, क्षय हुने, परिवर्तन हुने ।

१७) **दु:ख** = संसार दु:खै दु:खले व्याप्त छ । कुनै कुरा सुखै सम्झने भूल गरिए तापनि त्यो केवल क्षणभरको कोरा कल्पना मात्र हो, मुख्यत: ती व्यक्तिहरूको लागि जो मार्गफल प्राप्त छैन, अज्ञानी छन् । मानवीय जीवनमा विद्यमान दु:खका बारेमा यसै पुस्तकको पृ. ४८ मा हेर्नुहोला ।

१८) **अनात्म स्वभाव** = म, मेरो भन्ने नभएको स्वभाव अथवा आफूले भने जस्तो नभएको स्वभाव ।

**९) भगवा गुण :**

→ राग, द्वेष र मोहलाई निर्मूल गरी सांसारिक दुःखवाट मुक्त हुनुभएका, नानाप्रकारको धर्मादि भोग सम्पत्तिद्वारा भाग्यवान् भएका हुनुहुन्छ।

यहाँ, **भाग्यवान्** भन्नाले निम्नअनुरूप बुझ्नुपर्छ :-

क) **इस्सरिय** = आफ्नो चित्त आफूले भने जस्तो हुने,

ख) **धम्म** = नौ लौकोत्तर धर्म हुने,

ग) **यस** = परिवार र कीर्ति हुने,

घ) **सिरि** = श्री शोभाले युक्त हुने,

ङ) **काम** = आफूले चिताएको पूर्ण हुने,

च) **पयत्त** = महान् वीर्य हुने ।

जसले धर्म देख्छ, उसले बुद्धलाई देख्छ। त्यस्तै जसले रोगीको सेवा गर्छ, उसले वुद्धको सेवा गर्छ भन्नुहुने वुद्धका अनन्त गुण लेखेर लेखिसकिन्न, भनेर भनिसाध्य पनि छैन । आफू मोक्षदाता नभएर आफूलाई केवल मार्गप्रदर्शकका रूपमा मात्र चिनाउने एवं दुःख र दुःखवाट मुक्ति जस्ता दुइटै कुरा सिकाउने बुद्ध शास्त्रीय नभएर अनुभवी थिए, परम्परावादी नभएर मौलिक विचारक थिए, दार्शनिक नभएर प्रत्यक्षदर्शी थिए। कार्यकारण सिद्धान्तका पक्षपाती तथागत बुद्ध अनित्यवादी, अनात्मवादी, अनिश्वरवादी, अभौतिकवादी, कर्मवादी, मानवतावादी, व्यवहारवादी, बोधवादी थिए । कट्टर सिद्धान्तवादी बन्न नजान्ने महाकारूणिक बुद्ध अति आकर्षक **बत्तीस महापुरूष**[१९] लक्षणले युक्त युगपुरूष थिए । श्रोताहरूले

१९) **बत्तीस महापुरुष लक्षण**=भगवान् वुद्ध ३२ महापुरुष लक्षणले परिपूर्ण हुनुहुन्छ। ती हुन्:–(१) सुप्रतिष्ठित पाइला, (२) पाइतालामा सम्पूर्ण चिन्ह, (३) लामा कुर्कुच्चा, (४) लामा औंला, (५) नरम हातखुट्टा, (६) बरावर औंलाहरू, (७) माथि सरेको गोलिगाँठा (८) मृगको जस्तो कम्मर, (९) घुंडासम्म पुगेका हात, (१०) प्रतिच्छन्न पुरुपेन्द्रिय हुने, (११) सुवर्ण छाला, (१२) धूलो नजम्ने छाला, (१३) हरेक रौंका प्वालवाट एक रौं, (१४) दाहिनेवाट घुमेकी नीला रोम, (१५) सीधा शरीर, (१६) पुष्ट हात, खुट्टा, काँध र गर्धन, (१७) कम्मरमाथि सिंहको जस्तो हुनु, (१८) दुवै काँध सुगठित हुनु (१९) आँङको उचाई-चौडाइ वरावर हुनु; (२०) गोलो गर्धन, (२१) तुरून्तै स्वाद लिने जिभ्रो, (२२) सिंहको जस्तो वंगरा, (२३) दाँत संख्या चालीस, (२४) एउटै आकारका दाँत, (२५) दाँत मिलेका, (२६) सेता दाँत, (२७) लामो जिभ्रो, (२८) मधुर स्वर, (२९) नीलो आँखा, (३०) वाछाको जस्तो परेला, (३१) न्हातिका (निधार) मा मसिना रोम, (३२) मुकुट जस्तो टाउको । यिनै वत्तीस कुरा महापुरूषको लक्षण मानिएका छन् । **(बौद्ध दर्पण, पृ. ३४, बौद्ध धारणा)**

बुझ्नसक्ने भाषाको प्रयोग गर्ने, **स्वर**[२०] अति गम्भीर तर प्रभावशाली बुद्ध **अष्टलोक धर्म**[२१]मा अकम्पा थिए । राजनीतिमा गम्भीर रुचि नलिए तापनि राज्य व्यवस्था तानाशाहीमुक्त प्रजातान्त्रिक हुनुपर्ने धारणा अभिव्यक्त गर्नुहुने बुद्धका निश्चय नै अनन्त गुणहरू छन् ।

## धर्मगुण

भगवान् बुद्धले बोधिज्ञान प्राप्त गरेपछि गाउँ-गाउँमा डुलेर, नगर-नगरमा चहारेर, देश-देशान्तरमा पुगेर देशना गर्नुभएको, प्रकाशमा ल्याउनुभएको हितकारी-वहूपकारी तथा यथार्थ कल्याण एवं मंगलकारी सदुपदेश नै धर्म हो । ज्ञानको पिपासु भएर सर्वश्रेष्ठ मानव-जीवन फलदायी तुल्याउन शुद्ध बुद्धधर्मप्रति अडीग रहन सक्नु पर्छ । प्रमुखतः ६ वटा धर्मगुण निम्नानुसार छन्ः–

१) **स्वाक्खातो गुण** :

➔ आदि, मध्य र अन्त्यसम्म कल्याण हुने भगवान् बुद्धद्वारा देशित दशवटा उत्तम धर्म हुन् । दशवटा उत्तम धर्म पनि निम्नप्रकार छन् :–

क) **श्रोतापत्ति**[२२] मार्ग,
ख) श्रोतापत्तिफल,
ग) **सकृदागामी**[२३]मार्ग ,
घ) सकृदागामीफल,
ङ) **अनागामी**[२४]मार्ग,
च) अनागामीफल,
छ) **अरहत्**[२५]मार्ग,
ज) अरहत्फल,
झ) निर्वाण,
ञ) **परियत्ति (त्रिपिटक)**[२६]।

२०) **भगवान् बुद्धको स्वर**मा निम्न लिखित यी ८ विशेषताहरू छन्–(१) स्पष्ट,(२) बुझ्न सकिने,(३) मञ्जु (=मधुर), (४) सुन्नमा रमाइलो, (५) विन्दू (=तीखो), (६) अविक्षिप्त (=नफाटेको), (७) गम्भीर, (८) सुन्न सकिने । (**बौद्ध दर्पण**)

२१)**अष्टलोक धर्म**=लोकजनमा विद्यमान आठ प्रकारका स्वभावहरू छन्, जुन कुराबाट (तटस्थ) वा मुक्त रहने उपदेश बुद्ध धर्मले दिन्छ। ती हुन् -(१) लाभ हुँदा खुशी हुने, (२) अलाभ हुँदा दुखी हुने, (३) यश फैलिदाँ रमाउने, (४) अयश फैलिदाँ दुःखी हुने, (५) प्रशंसा हुँदा खुशी हुने, (६) निन्दा हुँदा दुःखी हुने (७) सुख पाउँदा मात्तिने र (८) दुःख पाउँदा आत्तिने ।

२२) **श्रोतापत्ति**=निर्वाणको स्रोतमा पुग्नु, धेरैमा सातपटकसम्म यसलोकमा जन्म लिई परिनिर्वाण हुने अवस्था ।

२३) **सकृदागामी** = यस लोकमा केवल एकपटक मात्र जन्म लिई परिनिर्वाण हुने अवस्था।

२४) **अनागामी** = यस लोकमा जन्म नलिई व्रह्मलोकवाटै परिनिर्वाण हुने अवस्था ।

२५) **अरहत्** = सम्पूर्ण आश्रव रहित, राग-क्षय, द्वेष-क्षय, मोह-क्षय भई भवदुःखमुक्त भइसकेको अवस्था। यो भन्दा माथिको सुख र विमुक्ति छैन ।

**२) सन्दिट्ठिको गुण :**

→ यहाँको यहीं नै फल दिने वा **आर्यपुद्गल**[२७]हरूले स्वयं देख्न योग्य उपदेश भएका **नौ लोकोत्तर मार्गधर्म**[२८] हुन् ।

**३) अकालिको गुण :**

→ समय नबित्दै नै प्रत्यक्ष फल प्राप्त हुने बुद्धोपदेशित **चार उत्तम मार्गधर्म**[२९] हुन् ।

**४) एहिपस्सिको गुण :**

→ आऊ, हेर भनी परीक्षण गर्न योग्य बुद्धोपदेशित नौ लोकोत्तर उपदेश धर्म हुन् ।

**५) ओपनयिको गुण :**

→ आर्यगणहरूलाई निर्वाणमा पुऱ्याइदिने बुद्धोपदेशित नौ लोकोत्तर धर्म हुन् ।

**६) पच्चतं वेदितब्बो विञ्ञूहि गुण :**

→ विद्वज्जनहरूले छुट्याई निजी अनुभवले हेरी बुझी लिन योग्य बुद्धोपदेशित नौ लोकोत्तर उपदेशधर्म हुन् ।

## संघगुण

परिशुद्ध तन, मन र वचनद्वारा भगवान् बुद्धका शुद्ध अनुयायी भई गृहत्यागी जीवन यापन गरिरहेको समुहगत रूपलाई हामी संघ भन्दछौं । सर्वज्ञ बुद्धद्वारा प्रकाशित सत्य धर्म राम्ररी जानेर, बुझेर, यथार्थमा चिनेर प्रज्ञावान् रहनुभएका आर्यश्रावकसंघका महान्तम गुणानुस्मरण गरेर नै संघप्रतिको आफ्नो आस्था दिगो र दरिलो रहन दिनुपर्छ । मुख्यतः बौद्ध

२६) **त्रिपिटक** = बुद्धधर्मको मूल ग्रन्थलाई त्रिपिटक भनिन्छ । त्रिपिटक भन्नाले **सुत्र पिटक, विनय पिटक र अभिधर्म पिटक यी तीन पिटक बुझिन्छ । सुत्र पिटक** मा बुद्धका उपदेशहरू संकलन गरिएका छन् । **विनय पिटक** मा भिक्षु र भिक्षुणीहरूको लागि विनय (=नियम) विधि संकलन गरिएका छन् । **अभिधर्म पिटक** मा दर्शनका कुराहरू समावेश गरिएका छन् ।

२७)**आर्यपुद्गल** = श्रोतापत्ति, सकृदागामी आदि उत्तम मार्गफल प्राप्त गरिसक्नुभएका व्यक्तिहरू ।

२८)माथिकै दश उत्तम धर्ममा परियत्ति एक नहुँदा नौ **लोकोत्तर धर्म** हुन्छ ।

२९)**चार उत्तम मार्ग** भन्नाले निम्न कुराहरू पर्छन् :–
क) श्रोतापत्तिमार्ग ख) सकृदागामीमार्ग ग) अनागामीमार्ग घ) अरहत्तमार्ग ।

वाङ्मयमा उल्लिखित नौं वटा गुण निम्नानुसार परिचित छन्:–

१) **सुपटिपन्नो गुण :**

→ जसरी उपदेश गर्नुभएको हो, त्यसरी नै राम्ररी धर्म विनयमा प्रतिष्ठित भगवान् बुद्धका श्रावकसंघ हुनुहुन्छ ।

२) **उजुपटिपन्नो गुण :**

→ अष्टाङ्गिक मार्गमा प्रतिष्ठित सोझो आचरण गर्नुहुने बुद्धका श्रावकसंघ हुनुहुन्छ ।

३) **ञायपटिपन्नो गुण :**

→ निर्वाणपद प्राप्त हुने मार्गमा जानुहुने बुद्धका श्रावकसंघ हुनुहुन्छ ।

४) **सामीचिपटिपन्नो गुण :**

→ आदर सत्कार गर्न योग्य धर्ममा प्रतिष्ठित बुद्धका श्रावकसंघ हुनुहुन्छ ।

**यदिदं चत्तारि पुरिसयुगानि अट्ठ पुरिसपुग्गला, एस भगवतो सावकसंघो** → स्रोतापन्न, सकृदागामी, अनागामी, अरहन्त चार जोडी पुरुषहरू मार्ग र फल प्राप्त गरेका अष्ट पुरुषपुद्गलहरू बुद्धका श्रावकसंघ यस्ता छन्:

५) **आहुनेय्यो गुण :**

→ आह्वान गर्न योग्य,

६) **पाहुनेय्यो गुण :**

→ पाहुनाको रूपमा सत्कार गर्न योग्य,

७) **दक्खिणेय्यो गुण :**

→ श्रद्धा राखी खाद्यादि नाना पदार्थ दक्षिणा दिन योग्य,

८) **अञ्जलिकरणीयो गुण :**

→ असल फल दिने आशाले दुबै हात जोडी बिन्ति (वन्दना=नमस्कार) गर्न योग्य र

९) **अनुत्तरं पुञ्ञक्खेत्तं लोकस्स गुण :**

→ ब्रह्मा, देव, मनुष्य तीनै लोकमा निर्वाणसम्म पाउने आशाले गरिने पुण्यरूपी बीज रोप्न योग्य संसारका अद्वितीय पुण्यको खेत समान छन् ।

यसअनुरूप बुद्धरत्न, धर्मरत्न र संघरत्नका अनेकन् गुणहरू मानसपटलमा उतारेर, जानेर, बुझेर हरेकले त्रिरत्नप्रति श्रद्धाभाव राख्नु सदाकाल हितमय सुखदायक हुने कुरा जान्नु अझ लाभप्रद बन्दछ। प्रत्येक धर्मप्रेमी शान्तिप्रिय उपासक-उपासिकाहरूले त्रिरत्नप्रति श्रद्धान्वित चित्तले विश्वासको प्रसन्न आस्था जगाएर "बुद्ध-वन्दना" कार्य सुसम्पन्न गर्दछन् र केही प्रेरणा अनि केही उत्साह हासिल गर्दछन्।

त्यसको अलावा पनि, भगवान् बुद्धका केही हितकारक कल्याणकारी सद्धर्म सुनेर, उहाँको ज्ञानप्राप्तिमा सहायकसिद्ध बनेका **बोधिबृक्ष**[३०] को प्रतीक पिपलबोटमा जल अर्पण गर्दै बजारका यत्रतत्र सर्वत्र महामानव बुद्धको प्रतिमालाई रथयात्रा गरेर बुद्ध पूर्णिमा वा बैशाख-पूर्णिमा मनाउँछन् वा मनाइरहेका हुन्छन्। यसरी यस नयाँ वर्षको बुद्ध जयन्तीका उपलक्ष्यमा मनाउने बृहत् कार्यक्रम नभएका होइनन्, छन् नै। हामी मात्र होइनौं, बुद्धज्ञानले व्याप्त-दिप्त प्रत्येक जसो क्षेत्रहरूमा बुद्धको अनुस्मरण गरी प्रायः हरेक श्रद्धालु व्यक्तिहरूले वैशाख पूर्णिमा वा बुद्ध पूर्णिमामा यस्तै नै धुमधामले, नवीन जाँगर अनि हर्षले कार्यक्रमहरू बनाउँदै, सक्रियताका साथ सहभागिता जनाई सुसम्पन्न गरिरहेका होलान्, बुद्ध जयन्ती मनाइरहेका होलान्।

## बिदाको आनन्दमय दिन

सबै व्यक्तिहरू कार्यक्रममा सहभागी हुन्छन् नै भन्ने छैन। मान्छेपिच्छे विचार र मतहरू फरक-फरक हुन्छन् नै। कतिपय व्यक्तिहरू कार्यक्रम नबनाइकनै, बुद्ध जयन्तीको उत्सवमा नबसिकनै यस दिनलाई केवल बिदाको रूपमा मात्र मनाउने पनि गर्दछन्। अझ गत **बु.सं. २५४४ औं बैशाख पूर्णिमादेखि संयुक्त राष्ट्र संघद्वारा यस दिनलाई सार्वजनिकरूपमा बिदा घोषित** गरिएको छ। त्यसरी बिदा मनाउने प्रवृतिका व्यक्तिहरू कहीं-कतै गएर कुनै पनि तवरले रमाइलो गरी वा आनन्दका साथ शान्त दिनको रूपमा व्यतित गर्दछन् र बिदाको दिन बिताउने गर्दछन्।

## बुद्ध महोत्सव बौद्धमा

यथार्थतः हामी बुद्धका शुद्ध अनुयायी हौं र बौद्धमार्गी हौं भने, बुद्ध-

३०) **बोधिबृक्ष** = सिद्धार्थ बोधिसत्त्वले जुन पिपलको रूखमुनि बसेर बोधिज्ञान लाभ गर्नुभएको थियो, त्यसै रूख वा त्यसको पुस्तालाई बोधिवृक्ष भनिन्छ।

धर्ममा लागेका र संघको शरणमा आइपुगेकै हौं भने यसरी केवल कार्यक्रम मात्र बनाएर पर्याप्त हुँदैन र विदाको रूपमा एक दिन रमाइलो गरेर मात्र पनि पुग्दैन । विशेषतः आज विश्व शान्तिका प्रतीक शाक्यमुनि बुद्धको जन्म, संबोधि लाभ तथा महापरिनिर्वाण भएको दिन हो । यस दिनको विशेष अनुस्मरणमा यदि हामी उहाँप्रति वास्तवमै श्रद्धा र भक्ति अर्पण गर्न चाहन्छौं भने, आदर-गौरव र सच्चा मनले पुजा गर्छौं भने हामीले आफ्नो कायिक, वाचिक तथा मानसिक विकारहरूलाई विस्तारै छोड्दै जान सक्नुपर्छ र आफ्नो आचरण व्यवहारलाई परिशुद्ध तुल्याउन जान्नुपर्छ। कमसेकम आजको सीमित एक दिनमै भए पनि सद्धर्म कार्यमा आवद्ध भएर बुद्ध महोत्सव मनाउनु पर्दछ । उहाँ भगवान् बुद्धले देशना गर्नुभएको अनन्तप्रमाणका कल्याणकारी उपदेशहरूलाई चिन्तन मनन गर्नुपर्छ। उहाँका उपदेश अनुसार आफ्नो बानीव्यहोरा सपार्दै र सुधार्दै जाने हो भने आफूलाई पनि हानी र नोक्सानी नहुने तथा परजन मात्रलाई पनि कुनै प्रकारको विघ्न-बाधा नपुग्ने हुनाले त्यस किसिमको ज्ञानलाई सर्वदा आफूले धारणा गर्न हामी सक्षम हुनुपर्छ । हामी आफूले आर्जन गरे अनुरूप आचरणमा पनि अवलम्बन गरेर त्यसको सदुपयोग गरी बुद्ध पूर्णिमा मनाउन सक्नुपर्छ । यस्तो व्यक्ति मात्र सही रूपमा बौद्ध ठहरिन आउँछ ।

## पञ्चशील : प्रार्थना र यथार्थता

आजको दिन बुद्ध जयन्तीको पावन दिन हो । हर्षोल्लासका साथ बुद्धोत्सव मनाउन कार्यक्रममा सहभागी हुने श्रद्धालुहरू कार्यक्रम मनाउने क्रममै प्रत्येक कार्यक्रमको थालनी पूर्व “**पञ्चशील**” को प्रार्थना गरिरहने हुन्छन् । यसरी उनीहरू संभवतः एकै दिनमा ३,४ पटकसम्म पनि शील-प्रार्थना गर्दछन् । किन्तु मौखिकरूपमा पञ्चशीललाई प्रार्थना मात्र गरेर पुग्दैन, भन्न खोजेको त्यत्ति नै हो ।

हुन त, कुनै पनि बौद्ध कार्यक्रम शुभारम्भ हुनु अघि बौद्ध परम्परा अनुरूप प्रथमतः पञ्चशील नै ग्रहण गर्ने प्रचलन अद्यावधि रहिआएको छ, चाहे त्यो कुनै भिक्षुहरू समक्ष होस् अथवा बुद्धप्रतिमा सम्मुख होस् । यथार्थतः प्रत्येक बौद्ध धर्मावलम्वीहरूले आ-आफूमा विद्यमान दोष तथा अवगुणहरूलाई आफैले बुझेर त्यसवाट अलगिगन शील-प्रार्थना गर्ने हो । आफूमा भएका अहंकार-अभिमानलाई त्याग गर्न पञ्चशील ग्रहण गर्ने हो ।

आ-आफ्नो आचरण-व्यवहारमा निर्मलता, निर्दोषता कायम गरी सबैसँग मैत्रीपूर्वक पारस्परिक मेलमिलापपूर्ण जीवन परिचालन गर्ने प्रमुख हेतुले पञ्चशील लिने गरिन्छ । समग्रमा आ-आफ्नो चरित्रलाई असत् खराब कामकुराहरूबाट टाढै राखी असल सुवचन-सुकार्यमा भिजेर शुद्ध हुनको निम्ति शील-ग्रहण गर्ने गरिन्छ । त्यसैले पञ्चशील लिने श्रद्धालु प्रत्येकले यस्ता कुरा मनन गर्न सके राम्रो हुन्छ ।

पञ्चशीलको प्रारम्भ कुनै बौद्ध बिद्वान् एवं भिक्षुहरूबाट भएको थिएन । स्वयं तथागत गौतम बुद्धले आफ्नै कालमा विभिन्न सामाजिक कुरीति र कुसंस्कार तथा मानवीय कुत्सित तत्त्वहरूलाई निर्मूल पार्नका लागि विभिन्न समयमा विविध समस्या रोकथाम गर्नका लागि समेत प्रतिपादन गर्नुभएको थियो । पञ्चशील भन्नाले पाँचवटा राम्रा नियमहरूको सँगालो भन्ने बुझिन्छ । ती हुन्ः–

(१) **पाणातिपाता** = कसैलाई दुःख-कष्ट नदिने, हिंसा नगर्ने,
(२) **अदिन्नादाना** = परबस्तु चोरी नगर्ने,
(३) **कामेसुमिच्छाचारा** = परस्त्री/परपुरूष गमन नगर्ने,
(४) **मुसावादा** = असत्य तथा झुठो कुरा नबोल्ने र
(५) **सुरामेरय मज्जपमादट्ठाना** = अम्मल नशालु पदार्थ सेवन नगर्ने।

## हिंसा नगर्ने शील

शरीर, वचन र मनद्वारा कुनै पनि प्रकारले कुनै पनि प्राणीलाई दुःख-कष्ट नदिनु नै अहिंसा हो । जब आफ्नो मनमा हिंसाको छायाँसम्म पनि देखिदैंन, तब मात्र अहिंसाको लक्ष्य सिद्धि भयो भन्ने बुझ्नुपर्छ । शिक्षाको निम्ति सन्ततिलाई गाली गर्ने, कुट्ने, पिट्ने, रोग निवारणका लागि जबर्जस्ति औषधि खुवाउने, चिरफार गर्ने, सुधारका निम्ति अथवा प्रायश्चितका लागि दण्ड दिने सजाय भोगाउने आदि कार्यहरू हिंसा होइनन् । तिनलाई हिंसा भनिदैन पनि । यदि ती क्रियाकलापहरू द्वेषमुक्त, क्रोधमुक्त रही तिनीहरूकै कल्याणार्थ सम्पन्न गरिन्छन् भने ती हिंसा भनिँदैनन् । किन्तु, जब यिनै कार्यहरू लोभ, द्वेष, मोह, अहंकार, भय आदि कलुषित मनोबृत्तिहरूले युक्त भई हामी कार्यन्वयन गर्दछौं भने तिनै कृत्यहरू हिंसामा परिणत हुन पुग्दछन् ।

कुनै पनि सुख-शान्तिका चाहना राख्ने व्यक्तिले आफूलाई अरूद्वारा दुःख-कष्टको सामना गर्नु परिरहोस्, आफ्नो हानी-नोक्सानी होस्, आफूलाई चोटपटक लागोस् वा आफ्नो हत्या होस् भन्ने चाहना राख्न सक्तैंन । कुनै सत्त्वलाई पनि अरूले आफूलाई दुःख दिने गरेको मनपर्दैन, हिंसा गरेको मन पर्दैन । हामीले के सोच्नु पर्छ भने जसरी अरूबाट दुःख-कष्ट, हिंसा आदि कुराहरू भएको आफूलाई मनपर्दैन बरू रिस उठ्दछ, त्यस्तै नै अरूलाई पनि आफूले गरेका तिनै हिंसात्मक क्रियाकलापहरू मन नपर्ने हुन्छन् । ती हरहालतमा प्रिय हुन सक्तैंनन् । तिनका लागि आफूले आफैलाई उदाहरणका रूपमा प्रस्तुत गरेर हिंसा जस्ता कुत्सित कार्यबाट हामी सदा अलग्गिन सक्नुपर्छ ।

स्मरणीय छ, बलि भनेर कुनै पनि निरिह निर्दोष प्राणीको हत्या गर्नुलाई भनेको होइन । आफ्नै मनभित्रका काम, क्रोध, लोभ, मोह र अहंकारको त्याग गर्नु हो भन्ने बुझ्नुपर्छ । भनिन्छ, जसले दुःख दिन्छ, उसलाई दुःख दिने पनि अर्को आउँछ तथापि जसले मार्ने, हत्या गर्ने जघन्य पाप काम गर्दछ भने उसलाई पनि हत्या गरी बदला लिने अर्को व्यक्ति जन्मिइसकेको हुन्छ ।

## चोरी नगर्ने शील

अरू कुनै व्यक्तिको स्वामित्वमा रहेको कुनै पनि सजीव तथा निर्जीव बस्तुहरूमा गिद्धेदृष्टि राखेर ती कुराहरू हरण गर्नु वा थाहा नदिइकनै लिनु नै चोरी गर्नु हो-। यदि हामी समाजमा सामाजिक प्राणीको रूपमा जिउनु छ, सबैसँग मेलमिलाप गरी पारस्परिक सौहार्दतामा बाँच्नु छ र सबैको बिश्वासपात्र वन्नु छ भने चित्तका क्लेशरूपी यो चोर्ने दुस्प्रवृत्तिलाई पनि त्यागन सक्नु फाइदाजनक हुनेछ । तथागत बुद्ध भन्नुहुन्छ - **ख्याल-ख्यालैमा पनि नसोधी लिने, चोर्ने, लुकाउने कार्य गर्नुहुन्न । लिनै परे पनि बरू सोधेर अनुमति लिएर मात्र लिन जान्नुपर्छ ।**

कुनै अप्रिय एउटा बस्तु आफ्नो कोठाको एक कुनामा थन्क्याइएको छ र प्रत्येक पटक आउने जाने क्रममा देखिइरहेको पनि छ -त्यो वस्तु आफुलाई मनपर्दैन । तर जब त्यही बस्तु पनि कसैद्वारा चोरिन्छ, तब अनायासै हाम्रो मुटु चस्स चस्किने हुन्छ, हाय ! मेरो फलानो बस्तु कुन चाहिं पापीले चोरेर लग्यो । यसरी, आफूलाई मन नपर्ने अप्रिय बस्तुको चोरी

हुँदासम्म हाम्रो चित्त दुख्छ भने अझ झन् मनपर्ने बस्तु, आफ्नो आवश्यक चीज तथा ठूल्ठूला वस्तुहरूको चोरी भएमा कसरी हाम्रो चित्त स्थिर रहँन सक्ला ? अझ बढी छटपटी नहोला र ? त्यो कुरा हाम्रो आफ्नो अनुकूल एवं प्रिय बन्ला र ? पक्कै पनि हामीमा नकारात्मक प्रभावले जरो गाड्ने छ, सकारात्मक पक्षले होइन । यसप्रकार जसरी आफ्नो कुनै बस्तु चोरिएको आफूलाइ मन पर्दैन, अप्रिय लाग्छ, क्रोध पैदा हुन्छ, त्यसैगरी अरूको बस्तु चोर्दा उसलाई पनि त्यस्तै अप्रिय लाग्ने, क्रोध पैदा हुने हुन्छ । यसरी आफूले आफैलाई उपमाका रूपमा प्रस्तुत गरेर चोरी गर्ने जस्ता निन्दनीय पापकृत्यबाट जोगिएर रहनु नै कल्याणकारी हुन्छ ।

सत्य छलंग छ - दुनियाँको आँखा छल्न सकिन्छ, आफूलाई छल्न सकिँदैन । आफूले गरेको पापयुक्त कार्यले भविष्यमा पश्चात्ताप र चिन्ताको सागरमा र आँसुको तालमा डुबाउने वास्तविक सत्य बुझेर सदासर्वदा सजग-सचेत रहनुपर्दछ । किन्तु, चोरी जस्ता अपराधबाट समाज एवं सम्पूर्ण देशलाई मुक्त तुल्याउनका लागि शिक्षा-दीक्षा एवं सामाजिक तथा आर्थिक समानता आदि सुब्यवस्था पनि अनिवार्य रूपमा हुनु आवश्यक छ । त्यसका लागि बेरोजगारी समस्याका साथ-साथै याचक-गरीबहरूको संख्या पनि मेटिदै जानुपर्छ । अन्यथा, उहि भन्ने गरिन्छ नि– **बुभुक्षितः किं न करोति पापम्** ! अर्थात् भोकाएको मानिसले के पाप नगर्ला र ?

## ब्यभिचार नगर्ने शील

कुनै पनि परस्त्री/परपुरूषसँग कामरागले बसीभूत भई-गराई उनीसँग अनुचित व्यवहार गर्नु, अनैतिक कृत्य गर्नुलाई ब्यभिचार भनिन्छ । ब्यभिचारी प्रवृत्ति एउटा यस्तो सामाजिक किरो हो, जसले हाम्रा आफ्नो जीवनभरिका इज्जत, प्रतिस्ठा र मान-मर्यादा सम्पूर्ण कुरालाई सिसा फुटाए झैं चकनाचुर पारिदिन सक्छ र धुजाधुजामा मिल्काइदिन सक्छ । कुनै एक पहाडको चुचुरोमा एउटा ठुलो ढुंगा पुऱ्याउन कठिन छ, त्यो धेरै समय लगाएर धेरै श्रमशक्तिद्वारा मात्र टुप्पोमा पुग्न सक्दछ । तर त्यही ढुंगालाई खसाल्न सजिलो हुन्छ । थोरै समयमा, थोरै प्रयासले पनि उक्त ढुंगालाई गुल्टाइदिंदा सजिलै तल पुऱ्याउन सकिन्छ । त्यस्तै, सामाजिक प्रतिष्ठा प्रतिस्थापन गर्न जटिल छ, प्रतिस्ठा गुमाउन भने त्यति गाह्रो पर्दैन । केवल एउटा मात्र खराब काम गरिदिए पुग्छ ।

आफ्नो परिवारमा हुर्किएका चेलिबेटीहरू हुन्छन् । यदि कसैले ती चेलीबेटीमाथि अनुचित व्यवहार गऱ्यो वा बलात्कार गऱ्यो भने हाम्रो मनस्थिति कस्तो होला ? अझ भनौं त्यस्तो स्थितिमा के नहोला ? आफ्नो कूल-इज्जतमा हस्तक्षेप गर्ने त्यो ब्यक्तिप्रति पैंतालादेखि क्रोधको अग्नि दन्दन् दन्किन थाल्छ। पाएमा कांचै चबाइदिने मानसिकतामा हामी पुग्छौं । अथवा भनौं, त्यो जघन्य अपराधको वदलामा हामी उक्त बलात्कारी व्यभिचारी व्यक्तिप्रति जस्तोसुकै खतरनाक कार्य गर्न पनि तयार हुन्छौं । एउटा नीच् अपराधिक कार्य नै गर्न पनि हामी हच्किदैनौं । यसरी आफ्नो इज्जत-प्रतिस्थामा कसैले आक्रमण गर्छ भने हामीलाई किञ्चित् पनि मनपर्दैन, रिस उठ्दछ र हामी कुनै पनि भयानक प्रतिक्रिया जनाउन तम्तयार हुन्छौं । त्यसरी नै अरूको इज्जतमा आक्रमण गर्दा, परका चेलीबेटीलाई बलात्कार-ब्यभिचार गर्दा ती व्यक्तिहरूलाई पनि प्रिय र सहज हुदैन । ती आफूहरू झैं डरलाग्दो मानसिक द्वन्द्वमा पुग्नसक्ने हुन्छन्, त्यस्तै डरलाग्दो अपराधजनक काम गर्न पनि पछि पर्दैनन् । यसर्थ, यी सत्य-तथ्य कुराहरू सदा स्मरण गरेर ब्यभिचार जस्ता काममिथ्याचार र पापकर्मबाट अलगिनु सदासर्वदा हितकर र सुखमय हुन्छ ।

जबसम्म हामी अरूको कूल-इज्जतमा हस्तक्षेप गरिरहन्छौं, अरूको संरक्षणमा रहेका महिलाहरूलाई कामवासनाको शिकार बनाउने चेष्टा गरिरहन्छौं, तबसम्म आफ्नो इज्जत-प्रतिस्ठामा पनि वारम्बार यस्ता आक्रमण नहोलान् भन्न कदापि सकिन्न । सामाजिक विकृति र खराब तत्वहरूलाई पन्छाएर नमूनामय आदर्शको समाज श्रृजना गर्नु छ भने सर्वप्रथम हामीले व्यक्ति-ब्यक्तिभित्र विद्यमान ब्यभिचारी स्वभावलाई त्याग्नैपर्छ, कलुषित चित्तबाट बच्न र मुक्त रहन जान्नैपर्छ। अरूको इज्जत रहेमा आफ्नो इज्जत पनि कायमै रहन्छ। आफ्नो इज्जत रहन अरूको इज्जत सुरक्षित रहनु पर्छ भन्ने यथार्थता हांमीले कदापि भुल्नु हुँदैन ।

## असत्य नबोल्ने शील

आफ्नै आँखाले नदेखेकोलाई देखेको भन्नु र देखेकोलाई चाहिं नदेखेको भन्नु असत्य हो । आफ्नै कानले नसुनेकोलाई सुनेको र सुनेकोलाई नसुनेको भन्नु पनि असत्य हो । थाहा नपाएको कुरालाई पनि थाहा पाएको भनी फलाक्दै हिड्नु र थाहा पाएकोलाई चाहिं थाहा नपाएको देखाउनु पनि

असत्य नै हो। कुनै पनि कुराको यथार्थलाई ढाकेर छलकपट पूर्ण तवरले अर्कै कुरा प्रकट वा प्रस्तुत गर्नु नै असत्य हो। हाम्रो कर्त्तब्य के हो भने भरसक सत्य एवं वास्तविक कुरा ऐना झैं छर्लङ्ग प्रष्ट्याउनु पर्छ र असत्य वा झुठो कुरा नगर्ने अभ्यास र प्रयत्न गर्दै जानुपर्छ।

कुनै एक मित्र नै सही, आफूलाई छलेर उसले ब्यर्थमा आफूलाई अन्यत्र यताउता कुदायो, दुःख दिएर मज्जा लियो भने स्वभाविक तवरले हामीमा केही असन्तोष, केही खिन्नता र केही रिसको मनोभाव पैदा हुने गर्दछ। यस्ता सामान्य कुराबाट पनि हामी भित्र उठेको खिन्नता, क्रोध आदि ब्यक्त गर्दछौं भने, अझ जीवनमा ठूलै हानी र नोक्सानी हुनेगरी कसैले असत्य बोल्यो, छलप्रपञ्च गऱ्यो भने हामीलाई कस्तो होला ? त्यस्तो स्थिति नचाहँदा नचाहँदै पनि भइहालेमा हामी रिसाउँछौं। हाम्रो मन असन्तोषले ब्याप्त हुनेछ र ठूलो सन्तापले छाउने छ। यसरी आफूलाई कसैले असत्य वचन बोलेको, चुकली लगाउँदै हिंडेको, अपशब्द बोलेको तथा अनर्थक निन्दाचर्चा गर्दै रहेको मन नपर्ने हो, त्यसैगरि अरूलाई पनि मन नपर्ने, अप्रिय बन्ने निश्चित छ। यिनै कुरा बुझेर असत्य नबोल्ने शील परिपालन गर्न अग्रसर बन्नु स्वयंको कल्याण गर्नु हो।

असत्य बोल्नु हुन्न। यसको मतलब सत्य हुँदैमा हरबखत हरक्षेत्रमा प्रकाश गर्दै जानुपर्छ भन्नु पनि ठीक छैन। सत्य छ र अरू केहीलाई प्रिय लाग्ने नै छ भने पनि धेरैको अहितकर परिणाम आउने सत्य कुरा नबोल्नु राम्रो हुन्छ। सत्य भए पनि, कसैको आन्तरिक अवगुण जानेर, सबै ब्यक्तिहरूमा फलाक्दै प्रचार गर्दै हिड्नु पक्कै पनि बुद्धिमानी होइन। तसर्थ, असत्य नबोल्नेमा जोड दिनुपर्छ। त्यसरी नै अवस्था र आवश्यकता अनुरूप सत्य प्रकाशित गर्न पनि सक्नुपर्छ। यही बुद्धशिक्षा हो।

## सुरापान नगर्ने शील

जुन पदार्थको सेवन गर्नाले आफ्नो मन-मष्टिस्कलाई आफ्नो नियन्त्रणभन्दा बाहिर पुऱ्याइदिने र मानवीय गुणलाई दानव गुणमा परिणत गराइदिने हुन्छ, त्यस्तो अम्मल-नशालु पदार्थलाई सुरापान भनिन्छ। यहाँ, अम्मल-नशालु पदार्थ भन्नाले जाँड, रक्सी, चुरोटदेखि लिएर अफिम, गाँजा इत्यादि सबै प्रकारका नशा पर्दछन्। सुरा वा रक्सी एउटा यस्तो विषालु पदार्थ हो, जसको ग्रहण गर्नुले मानवभित्र रहने लज्जा र भयलाई नै नष्ट-

ध्वष्ट तुल्याइदिने गर्दछ। जुन व्यक्तिमा आफ्नो कुकृत्यले लज्जा, भय जस्ता कुरा पैदा हुदैन, उसले अरूलाई दुःख-कष्ट दिने, हिंसा गर्ने, चोरी गर्ने, व्यभिचार गर्ने, असत्य कुरा गरेर छलप्रपञ्च गर्ने आदि जस्ता नीच्, हीन्, दुष्ट कार्यहरू गरिरहन सक्ने हुन्छ। त्यसकारण बुद्ध सर्वदा भनिरहनु हुन्थ्यो- **द्वे मे धम्मा लोकं पालेन्ति** । – दुई धर्महरूले यो संसारको रक्षा भइराखेको छ।

**कतमे द्वे ?** - ती दुई के - के हुन् त ?

**हिरिं च ओत्तप्पं च** । - लज्जा र भय (दुराचरणमा आउने)।

भगवान् बुद्धको कथनानुसार पञ्चशीलको अन्तिम शील भएर पनि यो सुरापान नगर्ने शील सबैभन्दा महत्त्वपूर्ण छ। यही शीललाई मात्र पनि बेवास्ता गर्नाले मानिसले डरलाग्दो र भयानक प्रतिफलको सामना गर्नुपर्ने हुन्छ। विकशित मुलुक कहलाएका अमेरिका, बेलायत जस्ता युरोपीय देशहरूमा अत्यधिक दुर्घटनाद्वारा अकालमा मृत्यु हुनेको संख्यामा बृद्धि हुदै जानुको प्रमुख कारण पनि यही सुरापान शीलको अवहेलनाले हो भन्नुमा अत्युक्ति नहोला। त बिडम्बना के पनि छ भने यसै सुरापानलाई हाम्रो संस्कृतिले अभिन्न रूपमा ग्रहण गरिदिएको छ। शिक्षित बिद्वान्वर्गका आवाज सदा बुलन्द भएका छन् - **रक्सिपान-सुरापानले हाम्रो स्नायुमण्डलमा विकृति ल्याइदिन्छ र यसले गर्दा हाम्रो समाज कहिल्यै पनि उन्नत र सक्षम हुन सक्तैन।**

सुरापानका विभिन्न दुष्परिणाम, दुस्प्रभावहरू छन्। यसबाट हुने दुर्घटनाहरू मनन गरेर यस्तो घृणित सुरापान वा रक्सी सेवनबाट दूर रही आफूलाई एक सभ्य मानवको रूपमा चिनाउनु प्रत्येक मानव मात्रको कर्तब्य हुनुपर्दछ। सुरापानका बेफाइदा बुझाउन भगवान् बुद्धले सिंगालपुत्रलाई गर्नुभएको उपदेश हेर्नु उचित हुन्छ। त्यस अनुसार, सुरापानका प्रमुख दोष तथा अवगुणहरू यसप्रकार छन्:–

(१) सुरापानबाट अहिलेको अहिल्यै धन-द्रब्य तथा घरखेत, गहना आदि विनाश भएर जान्छ।

(२) आफ्नै परिवारका आमा-बुबा, दाजु-भाइ, दिदी-बहिनी, नोकरचाकर, छरछिमेकी तथा नाताकुटुम्ब इष्टमित्रहरूसँग कलह, झैंझगडा हुन थाल्दछ।

(३) आफ्नो शरीरमा रोग उत्पन्न हुन थाल्दछ। शरीरका विभिन्न अङ्ग आदि दुख्न थाल्दछन्। हाम्रो शरीमा नाना प्रकारका दुःख-पीडा पैदा भई

समय नहुँदै वूढो जस्तो देखिन थालिन्छ ।

(४) वदनामी फैलिन थाल्दछ । सवैले धिक्कार्न शुरु गर्दछन् । अपमान सहनुपर्ने हुन्छ । अरूले विश्वास र पत्यार गर्न छोड्दछन् । विधि-व्यवहार वहन गर्न गाह्रो हुन्छ ।

(५) यसवाट मान्छे वेसर्मी भएर निर्लज्ज वन्न थाल्छ । अर्थात् त्यस्तो मान्छे सुरापान गरी कर्तव्याकर्तव्य भुली भोलिपल्ट हिजो आफू कराएर चलेर हिंडेको कुरा सम्भीएर पनि पश्चात्ताप गर्नुपर्ने ठाउँमा पश्चात्ताप नगरी, अरूले आफूलाई के भन्दा हुन् भन्ने भय केही नलिई, इष्टमित्रहरूको मुखै म कसरी हेरूँ भन्ने कुनै किसिमको चिन्ता नलिई निर्लज्ज भएर हिंड्न थाल्दछ ।

(६) सुरापानले गर्दा मान्छे प्रज्ञा-वुद्धिहीन भएर जान्छ । सुरापान गर्नुमात्रले पनि शरीरका नशाहरू दुर्वल भएर जान्छन् । नशाहरू दुर्वल भएपछि चिन्तनशक्ति शिथिल भएर कमजोर हुन थाल्दछ । चिन्तनशक्ति कम भएपछि यथार्थ कुरा केही पनि वुभ्न सकिंदैन । हाम्रो स्मृति पनि ठीक रहँदैन । स्मृति ठीक रहेन भने आँखा भए पनि मान्छे अन्धो हुन्छ र ज्ञान भए पनि मूर्ख वन्छ । प्रज्ञा भए पनि असिद्धि हुनुपर्ने हुन्छ ।

गृही-विनय, पृ. १२ : सिगालोवाद सूत्र

संक्षेपमा भन्दा, यथार्थ कुरा अवबोध गरेर हामी स्वतन्त्र चिन्तनले निस्पक्ष निर्णयमा पुग्नुपर्छ र उचित लागेमा आफ्नो व्यवहारमा चरितार्थ गर्न अग्रसर हुनुपर्छ चाहे जतिसुकै विघ्नबाधा तथा तगाराहरू किन नआऊन्, हामी संघर्ष गर्न प्रयत्नरत रहनुपर्दछ । पञ्चशील मात्र होइन, जुनसुकै कर्तव्य पनि परिपालना गर्न हामीले सर्वदा कोशिस गरिरहनु पर्छ । त्यही नै मानव मानवीय कल्याण अभिवृद्धिको मूल कारण हो ।

## बिडम्बना

हामी राम्रो शीलमा प्रतिवद्ध हुनपर्छ भन्ने कुरा स्पष्ट छ । शीलाचरणमा निहित वन्न अनवरत प्रयत्नरत रहने वुद्धअनुयायी सच्चा व्यक्तिहरूमा पनि कहिलेकाहीं प्रमादवश अयोग्य तवरका नराम्रा कुराहरू गर्न पुग्दछन् र **चार अपाय दुर्गति**[३१] मा ठाडै वज्रिएर पतन हुनसक्छन् भने,

[३१] **चार अपाय दुर्गति** = वुद्धको उपदेश अनुसार मनुष्य र देव सुगति भनिए भैं नराम्रो चार अपाय दुर्गति छन् – (१) नरक, (२) प्रेत, (३) तिर्यक र (४) असुर ।

झन् (१) पञ्चशील भनेको केही जान्दै नजानेका व्यक्तिहरू, (२) जाने तापनि दृढरूपमा पालना नगरी वस्ने व्यक्तिहरू तथा (३) पञ्चशीलमध्ये एक-एक शील वा सम्पूर्ण शील नै भ्रष्ट बनाइवसेका व्यक्तिहरूको वर्तमान जीवन र परलोक जीवन नारकीय हुने कुरा अवश्यम्भावी छ ।

संसार ठूलो छ । यहाँका प्राणीमध्ये मानवको संख्या पनि वढी नै छ । यस विशाल मानव समुदायमा आधाभन्दा वढी व्यक्तिहरू छन्, जुनले पञ्चशील भन्ने कुन चराको नाउँ हो भन्ने पनि थाहा हुँदैन । सहजताले अनुमान लगाउन सकिन्छ, यदि पञ्चशील मात्रै पनि उसले जानेको वुझेको र सुनेको छैन भने उसले आफूलाई पञ्चशीलमा प्रतिष्ठित कसरी गराउन सक्ला ! मान्छेमा एउटा पञ्चशील पनि आफ्नो चरित्रमा छैन भने उसको आचरण के राम्रो होला ? कसरी उ परिशुद्ध वन्ला ? अनि उसले आफूलाई पापकर्म गर्नवाट नियन्त्रण कसरी गर्न सक्ला ! उ कसरी आफूलाई सम्हाल्न समर्थवान् होला ? त्यस्ता पञ्चशील नवुझ्ने अनियन्त्रित व्यक्ति भएको परिवार कस्तो होला ? त्यस्तो समाज कति असभ्य होला ? अनि त्यस्ता व्यक्तिहरूले भरिएको सम्पूर्ण देशको भविष्य के होला ? कस्तो वन्ला ? उफ् ! बिडम्बना !

## शील र शील-प्रार्थनाको सार्थकता

कुत्सित पापकर्मबाट अलग्ग राख्ने राम्रो आचरण र असल स्वभाव नै शील हो । जाल-जंजालमय भव-सागरबाट मुक्त गराउने सद्बीज शील नै हो । कलुषित चित्तलाई दमन गर्नसक्ने शक्तिपुञ्ज नै शील हो । यो शीललाई शुद्ध चित्तले पालन गरी समाधिस्थ चित्त अभिवृद्धि गरी प्रज्ञाचक्षुले जीवनको यथार्थ सार्थकता साक्षात्कार गर्न सकिन्छ । शीलाचरणले परिपूर्ण असल व्यक्तिलाई मात्र यथार्थरूपमा यहाँ सच्चा मानवका रूपमा गणना गरिन्छ । शीलरहित व्यक्तिलाई मानवरूपी पशुका रूपमा मात्र चिन्न सकिन्छ भन्नुमा वढी नहोला ।

एउटा कुरा ! धेरैपल्ट शील-प्रार्थना गर्नाले मात्र शुद्ध होइन्न । प्रार्थनाले त आफ्नो कमजोर मनलाई वलियो र दृढ पार्ने काम मात्र गर्दछ, पलपल-क्षणक्षण खराव कामप्रति सजग-सचेत गराउने मात्र यसको काम हो । यथार्थतः हामी स्वयंले शीलको महिमा-महत्ता वुझेर, विचारेर व्यवहार-मा पालन पनि गर्नसके मात्र हामी शीलको फल उपभोग गर्न सक्छौं, आफ्नो जीवन सार्थक एवं सफल तुल्याउन सक्छौं अनि हामीले वुद्धप्रतिमा तथा

भिक्षुहरू समक्ष गरेको शील-प्रार्थना फलदायी लाभप्रद हुन्छ ।

धुमधामले कार्यक्रम मनाएर बुद्धजयन्ती मनाउने श्रद्धालु उपासक तथा उपासिकाहरू ! प्रत्येक कार्यक्रम प्रारम्भ गर्नु अघि पञ्चशील प्रार्थना गरेर थाक्न नजानेका श्रद्धालुहरू ! एकछिन ठण्डा दिमागले सोचौं कि हामी शील-प्रार्थना मात्र गरेर, आफ्नो व्यवहारमा उतार्नबाट टाढिएर, यथार्थताभन्दा बाह्य नै रूमल्लिएर कहीं कतै अहंकारी-अभिमानी त बनिरहेका छैनौं ? आफू मात्र सही र धर्मात्मा, अरू सबै खराब र ढोंगी भनी अनर्थ सोच्न त हामी पुगेनौं ? त्यसैले सावधान ! आफूभित्रको बिषालु अहंकारी स्वभावलाई पहिचान गरौं र त्यसलाई त्याग्न, जरैदेखि उखेलेर फाल्न दरिलो कदम चालौं । आजको बैशाख पूर्णिमा वा बुद्ध पूर्णिमाको पावन दिनमा हामी भगवान् बुद्धको उत्सव मनाउन मात्र नतम्सिएर वास्तविक विशेषता र महत्त्व पनि बुझ्ने गरौं, यथार्थमा हामी सच्चरित्रशील पनि बनौं । तब मात्र हामी धन्य हुनेछौं, हाम्रो संसर्गले अरू धन्य हुनेछन् र समूचा मानवजगत् धन्य धन्य हुनेछ ।

## ऐतिहासिक पृष्ठभूमि - बैशाख पूर्णिमा

नेपालको थेरवाद बुद्धशासन उथलपुथलताको गर्भमा चुर्लुम्मिएको छ । कहिले बुद्धशिक्षा जनप्रिय जनधर्म बन्यो त कहिले यस धर्मले आफ्नै उत्पत्तिस्थल नेपालभूमिबाट निष्काशित समेत हुनुपर्‍यो । हाल नेपालमा थेरवाद बुद्धशासनको प्रचार-प्रसार सुव्यवस्थित ढंगले यत्रतत्र विस्तार भएको छ । आंशिक रूपमै भए पनि नेपालमा सयौं मात्रामा भिक्षुहरू छन्, सयौं मात्रामा गुरूमाँहरू छन् । सन्तोष र आनन्दको झिल्को मात्र भए पनि बिद्यमान नै छन् । यसमा पनि धेरैको उद्योग, साधना, वीर्य एवं संघर्ष मिसिएको छ ।

**वर्तमान नेपालमा सर्वप्रथम थेरवाद बुद्धधर्म भित्र्याउने श्रद्धेय ब्यक्ति स्व. भिक्षु महाप्रज्ञा** (सन् १९०१-१९७९) हुनुहुन्छ । उहाँ सन् १९२४ मा **छेरिन्नोर्बु लामा**को उपाध्यायत्वमा काठमाडौंमा महायानी लामा परम्परा अनुसार प्रब्रजित हुनुभएको थियो । पुनः सन् १९२८ मा उहाँ कुशीनगरमा पुगी **चन्द्रमणि महास्थविर**द्वारा थेरवाद बुद्धधर्ममा प्रब्रजित हुनुभयो। उहाँ नेपालको आधुनिक इतिहासमा प्रथम थेरवादी भिक्षु हुनुहुन्छ। **उहाँकै प्रमुख सक्रियतामा नेपालको भोजपुरमा पहिलोपल्ट बुद्ध जयन्ती कार्यक्रम मनाइएको थियो ।**

काठमाडौं उपत्यकामा प्रथम थेरवाद बुद्धधर्मको प्रवेश गराउने नेपाली भिक्षु थिए– **प्रज्ञानन्द महास्थविर** । उहाँ भोटमा घ्यलुँपाको उपाध्यायत्वमा सन् १९२८ मा महायानी भिक्षु बन्नुभयो र पछि पुन: सन् १९३० मा कुशीनगरमा चन्द्रमणि महास्थविरको उपाध्यायत्वमा प्रव्रजित हुनुभयो । उहाँ नै **प्रथमपल्ट उपत्यकाको सडकमा भिक्षाटन गर्ने भिक्षु** हुनुहुन्थ्यो । यसरी नै, काठमाडौं **उपत्यका भित्र सर्वप्रथम स्थानीय मासंगल्लीमा** श्रीप्रसाद (पछि श्रामणेर महाविर)को प्रमुख भूमिकामा बुद्ध जयन्ती मनाइयो । तत्पश्चात्, उपत्यकामा **स्व. चित्तधर हृदयको घर**मा दोस्रो वैशाख पूर्णिमा वा बुद्ध पूर्णिमा सम्पन्न भयो । अनि तेस्रो बुद्धजयन्ती महोत्सव **स्वयम्भूको किण्डोल बिहार**मा सम्पन्न गरियो । [कोही कोहीले उपत्यकामा पहिलो बुद्धजयतन्ती यहीं किण्डोल बिहारमा मनाइएको कुरा भन्ने गर्दछन् तर वास्तविकता त्यो होइन ।]

बुद्धभूमि नेपाल देश ! विश्व शान्तिको मूल एवं मानव सभ्यताको शंखनादक क्षेत्र नेपाल ! यहाँबाट पनि बुद्धका सन्तान भिक्षुहरूलाई, अविवेकीका साथ देश निकाला गर्न पनि हिच्किचाइएन । राणा शासकहरूले पटक पटक भिक्षु महाप्रज्ञा र अमृतानन्दलाई देश निकाला गरे । भिक्षु महाप्रज्ञाद्वारा लिखित नेपाल भाषाका विभिन्न बौद्ध पुस्तकहरू जफत पनि गरिए । अझ **वि.सं. २००० श्रावण १५ का** दिन नेपालमा भएका ८ जना भिक्षुहरूलाई पनि **देश निकाला** गरेका थिए । निष्काशित हुने उहाँहरू हुनुहुन्छः– (१) **भिक्षु प्रज्ञानन्द**, (२) **भिक्षु धर्मालोक**, (३) **भिक्षु सुबोधानन्द**, (४) **भिक्षु प्रज्ञारश्मि**, (५) **श्रामणेर प्रज्ञारश**, (६) **रत्नज्योति**, (७) **श्रा. अग्गधम्म** र (८) **श्रा. कुमार काश्यप ।**

श्रीलंकाब्राट सन् १९४६ मा **नारद महास्थविर** श्री ३ पद्मशम्शेरकहाँ आउनुभयो । परिणामतः **भिक्षु धर्मालोक**को नेपाल आगमन भयो । विभिन्न सकारात्मक क्रियाकलापहरू देश तथा विदेशबाट यहाँ सन्चालन हुँदै गए । थेरवाद बुद्धशासनमा केही सुधार हुँदै गयो । यसै सन्दर्भमा **सन् १९४८ जून**मा **श्री ३ मोहन शम्शेर**ले वैशाख पूर्णिमा वा बुद्धपूर्णिमाका दिन **केवल बौद्ध कर्मचारीहरूलाई मात्र बिदा दिने** घोषणा गरेका थिए ।

वि.सं. २००७ सालमा नेपालमा प्रजातन्त्र आयो । **श्री ५ को जन्मोत्सवमा महापरित्राण गर्ने चलन** स्व. **श्री ५ त्रिभुवनले संचालन** गरे, जुन अद्यावधि यथावत चलेकै छ । मौसूफले सन् **१९५१ मा राजदरबार** भित्रै

**महापरित्राण** पाठ गराइबक्सेको थियो । यसै वर्ष स्वयम्भूस्थित आनन्दकुटी विहारमा **अखिल नेपाल भिक्षु महासंघको स्थापना** भयो । **अग्रश्रावकहरूका अस्थि धातु** ल्याइयो । **वि.सं. २००८, जेष्ठ ७ मा श्री ५ त्रिभुवनले बैशाख पूर्णिमाको दिन नेपाल अधिराज्यभर सार्वजनिक छुट्टीको घोषणा** गरिबक्स्यिएको थियो ।

त्यसै अनुसार, **राजदरबारमा भोजन गराउने, राजा स्वयं बिहारमा पुग्ने** क्रम जारी नै रह्यो । **वि.सं.२०१२, फागुन ७ मा श्री ५ महेन्द्रले अधिराज्यभर बैशाख पूर्णिमा - बुद्ध पूर्णिमाको दिन हिंसाकर्म बन्द** गर्ने हुकुम मौसूफ लुम्बिनी सवारी होइबक्सिदा गरिबक्सिएको थियो । अझ **वि.सं. २०१३ कार्तिक ३० देखि मंसिर ६ गते सम्म काठमाडौंको टुँडिखेलमा चतुर्थ बिश्व बौद्ध सम्मेलन**को पनि आयोजना भयो, जसमा २७ राष्ट्रहरूले भाग लिएका थिए ।

यसप्रकार, नेपालको आधुनिक इतिहासमा थेरवाद बुद्धधर्मको प्रभाव विभिन्न क्षेत्रमा फैलिएको छ । बौद्ध कार्यक्रमहरू, मुख्यत: बैशाख पूर्णिमा वा बुद्ध पूर्णिमा देशका कुना-काप्चासम्म विविध[३२] तवरले मनाइएको प्रत्यक्षत: देखिरहेका छौं, यो एउटा राम्रो पक्ष हो ।

## बौद्ध मात्रको नयाँ बर्ष

विभिन्न समुदाय, देश, वा राष्ट्रका आ-आफ्नै संवत् हुन्छन् । त्यस अनुसार नै आ-आफ्नो नयाँ बर्षको रूपमा लिने गरिन्छ र धुमधामका साथ हर्षोल्लासले आफ्नो नयाँ वर्ष मनाउने चलन छ । नेवार समुदायको **नेपाल संवत्**, नेपाली मात्रले **बिक्रम संवत्**, अधिकांश देशले **ईश्वी संवत** तथा आ-आफ्ना देश अनुसारका संवत्लाई एउटा नयाँ वर्षको रूपमा लिने र मनाउने गरिएको पाइन्छ । त्यसै अनुसार, समस्त **बौद्ध मात्रको नयाँ वर्ष भन्नु नै बुद्ध संवत्** हो । यो संवत् बुद्धको महापरिनिर्वाणपछि देखिको गणना गरेर प्रारम्भ गरिएको छ । यसानुसार, भगवान् बुद्धको महापरिनिर्वाण भएको पनि २५४५ वर्ष पुगिसकेको छ ।

जसरी एउटा व्यापारीले नयाँ वर्षमा आफ्ना सम्पूर्ण आर्थिक कारोवार सम्वन्धी हिसाव किताव मिलाउने गर्दछ र आगामी दिनहरूमा त्यसवाट शिक्षा पनि हासिल गरेर फाइदा हुने मार्गमा उ अघि वढ्ने गर्दछ,

३२. बौद्ध दर्पण पृ. १६४ : "नेपाल" अन्तर्गत 'थेरवाद र वर्तमान अवस्था ।

त्यसै गरी हामी पनि नयाँ वर्षको शुरुवातसँगै वर्षभरिको चरित्रमा ध्यान दिएर आगामी कार्यक्रमहरू ठीक तवरले तर्जुमा गर्न तयार हुन्छौं। स्मरणीय छ, गल्ती मान्छेवाटै हुन्छ। भनिन्छ, गल्ती नहुने मान्छे त मान्छे नै होइन। यसको मतलव गल्ती मात्र गर्नेलाई पनि सच्चा मान्छे भन्न मिल्दैन। मान्छे त्यो हो, जसले आफ्नो दोष-गल्तीलाई महसुस गरी, त्यसलाई छाडेर असल गुण बनाउनतिर र स्वयंलाई निर्दोष राख्नतिर उन्मुख हुन्छ। ठीक यस्तै नै, सच्चा मानव बन्नका लागि नै हामीले विगतका दिनहरूलाई नियाल्ने गर्छौं, राम्रो र नराम्रो, योग्य र अयोग्य, उचित र अनुचित बुझ्ने गर्छौं, शिक्षा प्राप्त गर्छौं अनि नयाँ वर्ष २५४५ औं वैशाख पूर्णिमा-वुद्ध पूर्णिमाको प्रारम्भ देखि नै आफ्नो चरित्र सुधार गरेर, राम्रोलाई अभिवृद्धि गर्दै र नराम्रोलाई त्यागी आदर्शमय सच्चा मानव बन्न प्रयत्न वा प्रयास गर्छौं। पुन: एकपल्ट समस्त शान्तिप्रेमी धर्मप्रिय श्रद्धालु व्यक्ति मात्रामा नयाँ वर्ष २५४५ औं वैशाख पूर्णिमा वा बुद्ध पूर्णिमाको हार्दिक मंगलमय शुभकामना !

## कुशल र अकुशल ज्ञात

सद्धर्ममा प्रतिवद्ध भएर धुमधामसँग यो दिन मनाउनु त पर्छ नै। त्यसको अलावा पनि, वौद्धजन मात्रका लागि वैशाख पूर्णिमा-वुद्ध पूर्णिमा नयाँ वर्षको प्रारम्भ पनि हो। यसर्थ हामीले केही कुरा विचार गर्न नितान्त आवश्यक मात्र नभएर अनिवार्य पनि हुन आउँछ। विगत वर्षमा वा आजका दिनभन्दा अघिसम्म हामीले के कस्ता कार्यहरू अवलम्वन गर्‍यौं त ? न हामीले अकुशल कार्य पो गर्दै थियौं कि ? अथवा कुशल कार्य नै गर्दैथियौं ? यदि हामीले कल्याणकारी परोपकारमय कुशल कार्य नै गरेका रहेछौं भने त ठीकै भयो, त्यसलाई अवको नयाँ वर्षमा अझ वढाउँदै र अभिवृद्धि गर्दै लान भरमक भरपुर कोशिस गर्नुपर्छ। तर हामीबाट काम सम्पन्न नभई वा आंशिक मात्रामा मात्र राम्रा कुशल कार्य भई धेरै मात्रामा गलत काम भएका रहेछन् र हाम्रो मन दिनानुदिन कलुषित भइराखेको छ भने हामीले एक पटक सोच्नैपर्छ। प्रथमत: हामी नराम्रो कार्यलाई नराम्रो र गलत कामलाई गलत भन्ने वुझौं। तव मात्र त्यस्ता गलत अनैतिक कुकृत्यबाट अलग्गिन र टाढिन संभव हुन्छ र हामीद्वारा पनि छुट्टिन प्रयत्न वा प्रयासको आवश्यकता हुन्छ।

# स्वार्थ र परोपकार स्वभाव ज्ञात

त्यस्तैं; विगत वर्षमा हामी कस्तो स्वभावका बन्यौं त ? स्वार्थीभावनाले प्रभावित पो भयौं कि ? आफ्नै स्वार्थका लागि मात्र कामकुराहरू तयार गऱ्यौं कि ? अथवा परोपकारका कार्यहरूमा पनि समावेश भयौं ? यदि आफ्नै स्वार्थमै निहित बनी दुनियाँका तमाम दुष्ट-नीच् अकुशल कार्यहरू गरेका रहेछौं भने शतप्रतिशत यो राम्रो भएन, आफ्नो जीवन फलदायी भएन । तब; स्वार्थीपनाको भयानक दुष्परिणाम तथा विपाकहरूको स्मरण गरी स्वार्थलाई मलमूत्रसरि त्याग गर्न सक्नुपर्छ, सक्नैपर्छ । जबसम्म मानव मात्रमा स्वार्थको तुषारो सुषुप्त अवस्थामा लुकिरहेको हुन्छ तबसम्म मानव वास्तविक रूपमा मानव बन्न मुश्किल प्रायः हुनजान्छ । परोपकारका कार्यहरूमा सरिक बन्न त उसलाई झन गाह्रो पर्छ । जुन व्यक्तिहरू परोपकार गर्दैनन्, आफ्नै निहित् स्वार्थको वशमा परिरहेका हुन्छन्, भौतारिएका हुन्छन्, तिनीहरूको हित-कल्याण कुनै हालतमा पनि सम्भव हुँदैन, आफ्नो लागि आफैंले खाल्डो खने झैं मात्र हुन्छ । हो, भौतिकतामा, बाह्य आडम्बरीमा तिनीहरू सम्पन्न देखिएलान्, समृद्ध बन्लान् किन्तु आध्यात्मिकतामा यिनीहरू खोक्रो बनेका हुन्छन्, भित्री सन्तुष्टि र आनन्दको लागि पलप्रतिपल तड्पिरहेका हुन्छन् । तिनीहरू वास्तविक सुख र शान्तिका लागि एकदम भिखारी जस्ता बनेका हुन्छन् । यो स्वार्थी व्यक्तिहरूको बाध्यता हो, विवशता हो र अनिवार्य अवस्था हो ।

त्यसकारण हामी स्वार्थी वा निस्वार्थी के भयौं ! विचार गर्न कहिल्यै नभुलौं । यद्यपि गत वर्ष स्वार्थकै दास बनेर कामकुराहरू गरेर बिताएका रहेछौं भने, नआतिनुस् बरू संकल्प गरौं, अबको २५४५ औं वर्षमा आजैदेखि स्वार्थीपना त्यागन प्रयत्न गरौं र त्यागिहालौं पनि । त्यसपछि परोपकारी कार्यमा संलग्न बन्दै जाऔं । यद्यपि विगतमा हामी स्वार्थमुक्त परोपकार कार्यमा बराबर संलग्न सहभागी हुदै आएका रहेछौं भने त उचित नै भयो । आउँदो वर्षमा अझ त्यस्ता परोपकारी कार्य गर्दै जाऔं, अभिप्रेरित बन्दै बढौं र सदाकाल अरूको हित र कल्याणमा भरसक सक्दो तन, मन र धनले सहायता दिन प्रयत्न गरौं । अझ यस अनुरूप गर्दै जाने संकल्प पनि गरौं :

**परोपकाराय फलन्ति बृक्षा, परोपकाराय वहन्ति नद्यः ।**
**परोपकाराय दुहन्ति गाव, परोपकारार्थमिदं शरीरम् ॥**

**अर्थात्:**

अरूको उपकारकै निम्ति रूखले फलादि दिन्छ, परोपकारकै निम्ति

नदी निरन्तर बग्दछ, परोपकारकै निम्ति गाईले दुध दिन्छ, त्यसरी नै परोपकारको निम्ति यो शरीर पनि हो ।

## लोभ र दान ज्ञात

पापको मूल एवं दुःखको मूहान हो - लोभ । लोभको विनाश गर्न सक्ने एउटै साधन, एउटै मार्ग र एउटै उपाय हो - दान । हामीले के कुरा विचार गर्न आवश्यक छ भने विगतका वर्षमा हामी लोभरहित दानादि पुण्यकार्यमा कतिसम्म समावेश हुन सक्यौं ? कुन हदसम्म त्यागभाव चित्तमा रम्न सक्यौं ? यदि हामीले गएको वर्षमा दानलाई चिन्न सकेनौं, दानको यथार्थता बुझ्न सकेनौं र त्यागचेतनाले दानादि सत्कार्यमा सरिक बन्न पाएनौं भने, ठीकै छ, हामी धेरै मानसिक तनाव-उत्पीडनको शिकारी भई नरहौं । बरू, अबको नयाँ वर्ष प्रारम्भसँगै त्यस दोषलाई निर्मूल पार्न पूर्णतः जागरूक बनौं, दानको यथार्थलाई पहिचान गरौं अनि दानको आनिशंस, महिमा अवबोध गरी त्यसतिर सक्रियताका साथ सहभागी बन्न भरसक भरपुर प्रयास गरौं, अल्पकालीन मानवमय जीवन सन्तुष्ट तुल्याउदै एवं आनन्दमय जीवनमा परिणत गर्दै सुस्तरी अघि बढौं ।

**पृथगजन**[३३] प्रत्येक प्राणीको मनमा सुषुप्त अवस्थामा नै लोभ भन्ने खराब चित्त लुकिरहेको हुन्छ । यसै लोभचित्तका कारण व्यक्तिले व्यक्तिको सजीव तथा निर्जीव बस्तुमा आशक्त पैदा गरिदिन्छ । जब व्यक्ति उक्त आसक्ति तृष्णाको चरमोत्कर्षमा पुग्छ, तब उसले उक्त बस्तु प्राप्त गर्न भरमग्दुर प्रयास देखाउँन थाल्छ । सो वस्तु प्राप्त नभए पागलपना देखाएर हर तरहले पनि हासिल गर्ने प्रयत्न गर्छ, चाहे त्यो काम योग्य, राम्रो होस् अथवा अयोग्य अपराधिक अकुशल कार्य नै होस् । अपितु उसले उक्त बस्तु प्राप्त गर्न बस्तु धनीलाई दुःख-कष्ट दिएर हुन्छ वा मारेर हुन्छ, चोरी गरेर हुन्छ वा लुटेर हुन्छ, ब्यभिचार गरेर हुन्छ वा छलप्रपञ्च गरेर हुन्छ, जस्तो सुकै अनैतिक दुष्कार्य गरेर पनि आसक्त त्यो ब्यक्ति उक्त बस्तु प्राप्त गर्न प्रयत्नरत हुन्छ । यसैमा, जानेर होस् वा नजानिकन, आफ्नो सुखका प्रत्येक ढोकाहरू आफैंले बन्द गर्दै दुःखको दलदलमा नराम्ररी भासिन पुग्दछ । यसर्थ, समस्त ब्यक्तिहरूको चित्तमा बिद्यमान लोभ नै त्यस्तो तत्त्व हो, जसद्वारा पापकार्य अवलम्बन हुन्छ, जुनद्वारा हमेशा दुःखको सागरमा डुब्ने दूष्कार्यकै

३३) **पृथगजन** = मार्गफल प्राप्त नगरेका साधारण अज्ञानी ब्यक्तिहरूलाई पृथगजनको रूपमा बुद्धधर्मले पहिचान गरिन्छ ।

कार्ययोजना बन्न जान्छ। यस्ता पापरूपी लोभलाई दमन गर्नसक्ने, छेदन गर्नसक्ने एवं पूर्ण रूपमा जरैदेखि उखेलेर फाल्नसक्ने एउटै त माध्यम छ-दान वा त्याग।

आफ्नो तातो पसिना र रगत बगाएर आर्जन गरिएको एवं आफ्नै स्वामित्वमा रहेको कुनै पनि सम्पत्ति वा बस्तु परजनको हित वा कल्याण कामनाले अरूलाई प्रदान गर्नु नै दान हो। दानमा असंख्य कुत्सित पक्षहरूलाई छेदन गर्नसक्ने उच्चतम शक्ति रहेको हुन्छ। लोभ आफैंमा दुःख र झन्झटको कारण हो भने त्याग आफैमा एक शक्तिपुञ्ज हो। लोभको विनाश गर्न सक्ने अचूक शस्त्र पनि हो। त्याग छ, र त मान्छे समाजमा सामाजिक प्राणी भएर जिउन सक्यो, बृहद्को प्रियपात्र भएर आपसी सौहार्दता एवं मित्रतामा रहन सक्यो। त्यागयुक्त चेतनाले नै उसलाई त्यस्तो महान् धनवान बनाइदिन्छ, जुन धनले सर्वदा आध्यात्मिक सुख-शान्ति प्राप्त गर्नसक्छ। अनि जुन धनले यथार्थतः आनन्दमय जीवनको आस्वादन गर्न पाउँदछ।

हुन त, आफ्नो यशकीर्ति, प्रशंसा आदि विभिन्न आडम्बरका लागि अनि विविध फलादि प्राप्त गर्ने प्रलोभन र आशाले मात्र दान गर्ने पनि धेरै छन्। परन्तु यस्ता दुस्प्रवृत्तिगत त्रुतिपूर्ण दानलाई यथार्थ त्याग भनिदैंन, न त शुद्ध दान नै कहलाइन्छ। यो त मात्र मात्सर्ययुक्त दान हुनजान्छ। अझ भनौं त नाफा कमाउनको लागि गरिने एउटा ब्यापार जस्तो मात्र हुन्छ,। किनकि केही प्राप्त गर्ने लोभले गरिने दान ब्याज प्राप्तिका लागि ऋण दिएको सम्पत्ति जस्तो मात्र हो। दान गर्दा, त्याग गर्दा लोभरहित हुनुपर्छ। मनमा अनेकानेक फलहरूको धेरै इच्छा-आकांक्षा भरिनु हुन्न। देखावटी एवं यशकीर्तिको चाहनाबाट दूर रहेको हुनुपर्छ। कारणः खाना खाएपछि निश्चय नै पेट भरिन्छ, यद्यपि खानेले पेट भरोस् भन्ने कामना गरेको होस् अथवा नहोस्।

यथार्थतः दान त्यो हतियार समान छ, जुनले लोभ, लालच र मात्सर्यलाई नस्ट-ध्वस्त गरिदिन्छ। त्याग त्यस्तो प्रकाश समानको सार बस्तु हो, जसले लोभ, कपट एवं अहंकार-अभिमानरूपी बाक्लो अंधकारलाई पनि स्पष्टतः छर्लंगाएर सहजरूपमा निर्मूल गरिदिन्छ। त्याग वा दान त्यस्तो विश्वासपूर्ण मित्र हो, जसले कहिल्यै कसैलाई धोका दिदैन। त्यागले आवश्यक समयमा आवश्यकता अनुसार टेवा पुऱ्याउंछ, सेवा गर्छ। त्याग वा दान जुन गर्नुपर्छ तथा प्रत्येकले गर्न जान्नुपर्छ।

भनिन्छ, मेरो मेरो भनेर जुन सम्पत्ति मानिसले मात्र थुपारिराख्छ, कुनै पनि उपयोगमा ल्याउँदैन, त्यो सम्पत्ति नभए सरह हो। हामी मृत्युपछि च्यापेर आफूसँगै लान असमर्थ छौं र हामीले त्यो सम्पत्ति छोडेर जानुपर्छ।

त्यस्तै, जुन सम्पत्ति हामी आफ्नो दैनिक व्यवहारमा सदुपयोग गर्छौं, त्यो सम्पत्ति मात्र आफूसँग भएको सम्पत्ति हो । कमसेकम आफ्नो जीवनमा उपयोग त गर्न पाएका छौं । तर, जुन सम्पत्ति बहुजनको हित र सुखको निम्ति, मानव-कल्याणको निम्ति त्याग गर्छौं, श्रद्धाले दान गर्छौं, त्यो सम्पत्ति नै वास्तवमा आफ्नो सच्चा सम्पत्ति हो । मरणपश्चात् पनि यो पुण्यरूपी सम्पत्ति सदा-सर्वदा हाम्रा पछि-पछि आइरहन्छ, निर्वाण कामना परिपूर्ण गर्न सहायक बनिदिन्छ, परमसुख परमशान्ति प्राप्तिको कारकतत्त्व भइदिन्छ ।

त्यसैले, लोभको विपाक र दुष्परिणाम बुझेर दानको महत्ता एवं आनिशंस अवबोध गरी दानादि सत्कार्यमा अग्रसर हुँदै हामी अघि बढ्नु पर्छ- यदि हामीमा थोरै मात्र पनि बुद्धशिक्षाले राम्रो पक्षको प्रभाव पारेका छन् भने, थोरै मात्र पनि हामी आफूलाई बौद्ध जगत्सँग गाभिएका सच्चा मानव स्वीकार्छौं भने । बगेको नदी फर्किन्न, गएको समय पुनः आउन्न । तसर्थ, हामी समयको सदुपयोग गरौं । गएका समयमा दान-त्यागको यथार्थता बुझ्न नसके पनि त्यसमा शोक र पश्चात्ताप नगरी अत्त्यधिक सचेतता अपनाऔं, बाकी र आउँदा समयमा दान-त्याग सम्बन्धी विस्तृत जानकारी लिएर त्यसमा चित्तलाई केन्द्रित गर्न सकौं, लोभलाई पूर्णतः निर्मूल गराउन सकौं ।

शान्तिप्रेमी धर्मप्रिय श्रद्धालु उपासक-उपासिकाहरू, यदि विगत कालदेखि नै दानको महत्त्व बुझेर र दान कर्ममा लागेका छौ भने राम्रो, असल र उत्तम भयो - **साधु**[३४] ! अबको नयाँ बर्ष प्रारम्भसँगै अझै गहिरिएर दानादि पुण्यकार्यमा निर्भीकताका साथ लाग्न सकून्, स्वतन्त्र चिन्तनले बिचारेर पहिचान गर्न सकून् भन्ने हार्दिक शुभकामना छ तपाईंहरूलाई !

## सत्य र असत्य ज्ञात

विगतका वर्षमा हामी सत्यमा निहित छौं अथवा असत्यको लहरमा लहलहिएका छौं ? यो पनि विचारणीय बन्न आउँछ । हामी वास्तविक सत्यकै तरफदारीमा कामकर्तब्यहरू अवलम्बन गरिरहेका छौं भने धेरै राम्रो भयो, अझ आउँदा वर्षमा सत्यको प्रतीक बन्न दृढ संकल्पित बनौं । कथंकदाचित सत्यतातिर लम्कन नसकेर असत्य कै बाढीमा हेलिन पुग्यौं भने पनि आउँदा वर्षमा बडो

(३४) **साधु** = बुद्धधर्मको पालि साहित्यमा उल्लेख गरिए अनुसार "राम्रो, असल, ठीक, बढिया, हो, धन्यवाद, स्याबास तथा हुन्छ" भन्ने भाव व्यक्त गर्नको निम्ति "साधु" शब्द प्रयोग गरिन्छ । स्वीकृति सूचनार्थमा पनि "साधु" शब्द प्रयोग गरिन्छ । यहाँ पनि यस्तै सकारात्मक प्रशंसा वा राम्रो भनाइको अर्थमा "साधु" शब्द आएको छ ।

सजगता र सचेतता अपनाउनु पर्छ, असत्यताको पथलाई नियन्त्रण गर्न प्रयासरत बन्नुपर्छ। सके त, असत्यलाई नै चटक्क त्यागेर सत्यलाई चट्ट अँगालौं र आफ्नो व्यवहारमा हरदम चरितार्थ गर्न अग्रसर बनौं। असत्यको जगजगीमा सत्यताको प्रतीक भएर आदर्शमय नमुना बन्न सकौं। यही हाम्रो विजय हो।

## दश अकुशल ज्ञात

मानवले मानवलाई मानवजस्तै व्यवहार गर्न सिपालु एवं तिखालु बनाउने सच्चरित्रतामा मानव कमै रमाउँछ। बाह्य आडम्बर एवं तडक भडकमा लागेका मानवमनकै उपजका रूपमा खराब कुराहरू पैदा हुन्छन्। ती पापकर्महरू मानवद्वारा तीन माध्यमबाट हुने गर्छन। जस्तो मान्छे आफ्नो शारीरिक इच्छापूर्तिको लागि कुत्सित कर्म गर्न तम्सन्छ, वचनद्वारा काम, क्रोध, द्वेष, अहंकार आदि भावनाले युक्त भई अकुशल कुरा बोल्न थाल्छ, आसक्तपन, तृष्णा आदिका कारणले मनमा कुभावना पैदा भई कुत्सित कुरा सोच्न थाल्छ। यिनै तीन माध्यमद्वारा मानवबाट गरिने दशवटा अकुशल कार्यहरू बौद्ध वाङ्मयमा उल्लिखित छन्। तिनलाई "**दश-अकुशल**" का रूपमा चिनाइएको छ। ती दश-अकुशल कृत्य यसानुरूप छन् :–

(१) **पाणातिपाता** = प्राणीहिंसा गर्नु
(२) **अदिन्नादाना** = परधन चोरी गर्नु
(३) **कामेसु मिच्छाचारा** = व्यभिचार गर्नु
} शरीरद्वारा गरिने अकुशल

(४) **मुसावादा** = असत्य वचन बोल्नु
(५) **पिसुणवाचा** = चुगली लगाउनु
(६) **फरूसवाचा** = कडा अपशब्द बोल्नु
(७) **सम्पप्फलापवाचा** = अनर्थको निन्दाचर्चा गर्नु
} वचनद्वारा गरिने अकुशल

(८) **अभिज्झा** =परवस्तुमा लोभ राख्नु
(९) **ब्यापाद** =अरूका लागि-अमंगल कामना र द्वेषभावना राख्नु
(१०) **मिच्छादिट्ठि** = कर्म र कर्मफलमा विश्वास नगर्ने मिथ्यादृष्टि अँगाल्नु।
} मनद्वारा गरिने अकुशल

श्रद्धालुजनहरू ! एकपल्ट पुनः सोचौं, विगतका वर्षमा हामी यी दश-अकुशल कार्यमा फँस्यौं कि फसेनौं ? त्यसैमा लिप्त भएर पो काम-कुरा गऱ्यौं कि ? अथवा शरीर, वचन र मन मध्ये कुनैमा मात्र जाकियौं ? विचार गरौं र निक्यौंलमा हामी यसमा लिप्त भएका रहेछौं भने त सावधान हुनैपऱ्यो। खराव चरित्रका उपज यी दश अकुशललाई क्रमिकरूपमा

निरन्तर त्यागदै र छोड्दै जान केही प्रयास र केही दृढ प्रयत्न हामीमा हुनैपर्‍यो । आशा गरिन्छ, अबको २५४५ औं बुद्ध पूर्णिमाको नयाँ वर्षदेखि दश-अकुशललाई पहिचान गरी आफ्नो चरित्र एवं मनमा भएका अकुशललाई आफ्नै अनुभव र अनुभूतिद्वारा मन्दरूपमा नै सही, निर्मूल पार्दै जान दृढ र दरिलो कोशिसमा लाग्छौं र लागिरहन्छौं ।

## दश पुण्यक्रिया ज्ञात

जुन कामकुरो गर्नाले, सोच्नाले मनमा तनाव, उत्पीडन तथा पश्चात्ताप, छटपटीको भाव बिल्कुल आउँदैन, बरू शारीरिक, मानसिक सुख-शान्ति, प्रसन्नता-आनन्द प्राप्ति हुन्छ, त्यस्ता कार्यलाई पुण्यमय कुशल कार्य भन्न सकिन्छ । पापबाट अलग्गिनु, बच्नु र जीवनलाई राम्रो मार्गतिर डोर्‍याउनु एक प्रकारले कुशल कामको विशेषता नै हो । त्यो कुशल काम हो, जसले वर्तमान जीवन सफल-सार्थक एवं सुखदायी बनाउँछ । त्यो कुशल कार्य हो, जसले परलोकसम्म राम्रो र उत्तम तुल्याउँछ ।

दश-अकुशल कार्यबाट अलग्गिनु वा कायिक, वाचिक र मानसिक पाप नगर्नु नै पनि दश-पुण्यक्रिया हुनसक्छन् । बौद्ध बाङ्मयमा "**दश-पुण्यक्रिया**" भनेर अरू कुराको पनि उल्लेख गरिएको छ । ती हुन्:-

(१) **दान** = श्रद्धापूर्वक परकल्याणको लागि त्याग गर्नु,
(२) **शील** = राम्रो आचरण गर्नु वा पञ्चशील, अष्टशील आदि पालना गर्नु,
(३) **भावना** = चित्त एकाग्रता र अनित्य भावना गर्नु,
(४) **अपचायन** = आफूभन्दा जन्म, कर्म र धर्मले ठूला व्यक्तिलाई मान्नु,
(५) **वेय्यावच्च** = त्रिरत्न, माता-पिता, आचार्य तथा आफूभन्दा ठूला व्यक्तिहरूको सेवा गर्नु,
(६) **पत्तिदान** = प्राप्त भएको पुण्य अरूलाई पनि बाँडेर दिन सक्नु,
(७) **पत्तानुमोदन** = परजनले गरेको पुण्य कार्य देखी सहर्ष साधुवाद दिन सक्नु,
(८) **धम्मस्सवन** = ज्ञानगुणका धर्मोपदेश सुन्नु,
(९) **धम्मदेसना** = जीवनोपयोगी धर्मोपदेश सुनाउनु र
(१०) **दिट्ठिजुकम्म** =कर्म र कर्मफलमा विश्वास गरी मिथ्यादृष्टि रहित बन्नु ।

976

बुद्धको वचनानुसार असल कृत्यमा गाभिएका पुण्यकारी मानवोपकारी यी दश-पुण्यक्रिया कार्यहरू अवगत गरेर मात्र हातमा हात

बाँधी मौन वस्नु कथंकदाचित् पनि उचित हुदैन । समयको प्रवाह निरन्तर गतिमान छ, रोकेर रोक्न असम्भव छ। बरू राम्रा यी दश पुण्यक्रियाहरूलाई शुद्ध रूपमा परिपालन गर्न, चरित्रमा चरितार्थ गर्न भरसक भरपुर प्रयास गरौं । कतै यस्तो नहोस् कि राम्रो कुशल गर्ने इच्छा र आकांक्षा हुँदा-हुँदै पनि जीवनक्रमको प्रवाह सुकेर जाओस् । यदि यस्तो भएमा, हामीसँग मात्र पश्चात्ताप र वेदनाको झन्कार र तातो आँसु सिवाय अरू केही शेष रहने छैन । यो कुरा कहिल्यै नभुलौं । तब पाइला अघि बढाऔं, अकुशललाई निर्मूल र कुशललाई अभिबृद्धि गर्न अनवरत दृढगामी बनौं, सदा बनिरहौं ।

## स्वयंलाई ज्ञात

हामी दुनियाँको ज्ञान राख्छौं, परजनको यथाहाल सबै बुझ्छौं तर हामी आफूले आफैलाई चिन्न बिर्सन्छौं र स्वयंलाई अध्ययन गर्नमा वास्ता पनि देखाउदैनौं । यसकै प्रतिफल हामी अरूले गरेका प्रत्येक सूक्ष्मदेखि विकरालसम्मका गल्ति, दोष र अवगुण देख्छौं, याद गर्छौं तर आफूमा बिद्यमान साना-साना गल्ती त टाढै छोडौं, ठूल्ठूला गल्ती पनि हामी अन्देखी गर्दिन्छौं अथवा महसुस गर्न अन्कनाउछौं।

बुद्धशिक्षा यस्तो क्रान्तिकारी शिक्षा हो, जसले प्रथमतः स्वयंलाई बुझ्न सिकाउँछ, स्वयंको कृत्य र कर्तब्य हेर्न, देख्न र स्मरण गर्न सिकाउँछ । बुद्ध बरोबर आज्ञा गर्नुहुन्छ :–

**न परेसं विलोमानि – न परेसं कता'कतं ।**
**अत्तनो'व अवेक्खय्य–कतानि अकतानि च ॥**

**अर्थः** धम्मपद, पुप्फवग्गो (फूल वर्ग)–७

अर्काको दोष र अर्काले के गर्‍यो के गरेन भनी हेर्नु भन्दा बरू आफ्नो दोष र आफूले के गरे के गरिन भनी हेर्नु नै बेस छ ।

तब, गएको वर्षमा स्वयंलाई चिन्न सक्यौं वा सकेनौं ? अथवा चिन्ने प्रयत्न मात्र पनि गर्‍यौं वा गरेनौं त्यो पनि ? छातीमा हात राखेर विचार गर्नु पर्ने हुन्छ । यदि हामीले आफैलाई पनि चिनेका छैनौं भने अन्यलाई चिनेको फुस्रो अभिमान गरेर फाइदा नै के र ? त्यसैले, आऔं, प्रथमतः आफूले आफैलाई चिनौं, आफैलाई संयमित तुल्याऔं । आफ्नो पलपलको काम र कुरा स्मरण गरेर आफैलाई परिशुद्ध एवं पवित्र पार्न प्रयत्न गरौं । जबसम्म हामी आफूले आफैलाई उपकार गर्न सक्दैनौं, तबसम्म हामीले अरूको लागि के उपकार गर्न सकौला र, शंकै छ ।

# चित्त चञ्चलता ज्ञात

चित्तको स्वभावै हुन्छ, जुनसुकै काममा पनि अगुवा हुनु र जताततै मुख्य भएर पुग्नु । तसर्थ, अशुद्ध मनले बोल्ने वा गर्ने गर्नाले बेलको पछि-पछि गाडाको पांग्रा आए झैं दुःख पछि लागेर आउँछ । यसको विपरीत, शुद्ध मनले कामकुरा[३५] गर्नाले-बोल्नाले सदैव संगै आउने छायाँसरि सुख पछि-पछि लागेर आउँछ । त्यसैले, यत्रतत्र अनि जगसर्वत्र मन प्रमुख भएर रहेको हुन्छ । तर बिडम्वना ! यो मन बांदर जस्तै अति चञ्चल छ, जुन चञ्चलताले राम्रो कामकुरामा होइन, नराम्रो कामकुरामा बढी आकर्षित गराइदिन्छ । जवसम्म चित्तको चञ्चलता हटाई एकाग्र-एकचित्त बन्न सकिन्न, तबसम्म कुनै पनि कामकुरा सही ढंगले सुसम्पन्न गर्न सकिन्न, चाहे त्यो पढाइ जस्तो क्षेत्रमा होस् अथवा व्यावहारिक कार्यक्षेत्रमा किन नहोस् ।

राम्ररी नियालेर परीक्षण गरी हेर्‍यौं भने, स्पष्ट हुन्छ - चित्त राम्रोमा कम र नराम्रोमा अत्त्यधिक लागेको हुन्छ । यदि हामी चित्तकै पछि-पछि लागेर चित्तको चञ्चलतासँगै चञ्चल हुने हो भने हामी संसारमा केही राम्रो गर्न सक्दैनौं । तसर्थ, यस चित्तका पछि-पछि नलागी चित्तलाई पूर्णतः नियन्त्रण गर्नाले नै पापमुक्त भएर दुःखबाट मुक्ति प्राप्त गर्न सकिन्छ, निर्वाण ज्ञान प्राप्तिसँगै सुखानुभूति पनि गर्न सकिन्छ । तथागत बुद्धले **धम्मपदमा** यसरी आज्ञा गर्नु भएको छ :–

**दिसो दिसं यं तं कयिरा – वेरी वा पन वेरिनं ।**
**मिच्छा पणिहितं चित्तं – पापियो नं ततो करे ॥**

धम्मपद–४२, चित्तवग्गो (चित्त वर्ग)–१०

**अर्थः**

शत्रुले शत्रुलाई जति हानि पुर्‍याउन सक्छ, त्यो भन्दा बढी हानी कुमार्गमा लागेको चित्तले पुर्‍याउँदछ ।

३५) मनोपुव्वङ्गमा धम्मा-मनोसेट्ठा मनोमया ।
मनसा चे पदुट्ठेन - भासति वा करोति वा ।
ततो नं दुक्खमन्वेति-चक्कं'व वहतो पदं ॥१॥

मनोपुव्वङ्गमा धम्मा-मनोसेट्ठा मनोमया ।
मनसा चे पसन्नेन - भासति वा करोति वा ।
ततो नं सुखमन्वेति - छाया'व अनपायिनी ॥२॥

धम्मपद-४२, यमकवग्गो (जोरा वर्ग) -१,२

**न तं माता पिता कयिरा – अञ्ञे वा पिच ञातका ।**
**सम्मा पणिहित्तं चित्तं – सेय्यसो नं ततो करे ।।**

धम्मपद–४३, चित्तवग्गो (चित्त वर्ग)–११

**अर्थः**

सुमार्गमा लागेको चित्तले आफूलाई जति उपकार गर्दछ, त्यति उपकार बाबु, आमा र कुटुम्बले समेत गर्न सक्तैनन् ।

श्रद्धावान् उपासक तथा उपासिकाहरू ! चित्त-चञ्चलताबारे केही ज्ञान हासिल गरेपछि विगत दिनका परिस्थितिसँग तुलना गर्न आवश्यक छ । यदि विगतका वर्षमा चित्त-चञ्चलता यथावत नै थियो भने अब त सावधान हुनैपर्‍यो । कमसेकम पनि, आफ्नो चित्तलाई एकाग्र-एकत्रित गर्न एवं नियन्त्रण गर्न सक्षम हुनुपर्‍यो । हामी के नभुलौं भने चित्त नियन्त्रण गर्नु भनेको नराम्रो पापकार्यलाई नियन्त्रण गर्नु पनि हो । यदि विगत देखि नै चित्त-चञ्चलता नियन्त्रण गर्ने प्रयत्नमा छौ भने, बधाई छ, आउँदा वर्षमा अझ बढी चित्त चञ्चलता निर्मूल गरी आफ्नो भरोसा आफै बन्न सकून्, आफ्नो उपकार आफैले गर्न सक्षम बनून्, सबैलाई शुभकामना छ ।

## मर्नुपर्ने अनित्यता ज्ञात

संसारको नियम हो - उत्पत्ति भएका सम्पूर्ण बस्तुहरू विनाशतिर उन्मुख छन्, जन्मेर प्रत्येक प्राणीहरूले अवश्यम्भावी मृत्युलाई वरण गर्नैपर्छ । **अधुवं मे जीवितं**– जीवन अनिश्चित छ तर **धुवं मे मरणं** - मृत्यु निश्चित छ । यसरी मर्नुपर्ने, आफ्नो प्रिय शरीर पनि खरानी भइजाने कटुसत्यलाई हामीले हरदम स्मरण गरिरहनु पर्दछ । तब मात्र, झैंझगडा र कलहबाट हामी टाढिन सक्छौं, मात्सर्यचित्तरूपी लोभबाट बिरक्तिन सफल हुन्छौं, अहंकारी-अभिमानी स्वभावलाई त्याग्न सक्छौं अनि द्वेषभावलाई निर्मूल गरी मैत्रीभावमा जीवन उच्चस्तरको बनाउन सफल हुन्छौं । संक्षेपमा भन्नुपर्दा, अनित्य जीवन यो भोलि रहन्न, धनजन सम्पत्ति केही लान नि पाइन्न भन्ने यथार्थ बोध गर्नाले हामी सम्पूर्ण अकुशल कृत्यबाट निरन्तर अलग्गिन सक्छौं, बिना कुनै चिन्ता आनन्दले जीवन सुचारुरूपले संचालन गर्न सक्छौं । धम्मपदमा भगवान् बुद्ध आज्ञा गर्नु हुन्छ :

**परे च न विजानन्ति – मय'मेत्थ यमामसे ।**
**ये च तत्थ विजानन्ति – ततो सम्मन्ति मेधगा ।।**

धम्मपद–६, यमकवग्गो (जोरा वर्ग)–६

**अर्थः**– मूर्खले मात्र हामीले एक दिन अवश्य मर्नुपर्छ भन्ने विचार गर्दैन, "हामी अवश्यै मर्नेछौं" भनी विचार गर्ने बित्तिकै कलह शान्त हुन्छ ।

अनित्य स्वभावलाई राम्ररी चिनेर यसको थप आर्यशंस-फाइदा पनि जानेर अनित्य बोध गर्नु आफ्नै सुख र शान्तिको मूल कारण हो । तसर्थ, जीवनलाई सुमार्गमा डोऱ्याउन इच्छुक धर्मप्रिय शान्तिप्रेमि उपासक अनि उपासिकाहरू ! विचार गरौं, विगत कालमा अनित्य-स्मरण गर्न हामी कति सफल भयौं, कति हदसम्म हाम्रो चरित्र परिशुद्ध बन्यो ? अनित्य स्वभाव निरन्तर स्मरण गरेर बानी सपार्दै अग्रसर छौ भने अत्युत्तम नै भयो, अझ प्रगतिको शुभकामना ! तर विगतका वर्षमा अनित्य-स्वभाव जानेर पनि आवश्यक समयमा याद गरिरहन सकेनौ, अकुशल पथबाट जोगिन सकेनौ भने, अब संयमित बनौ, शोक-विलाप नगरेर बाकी जीवनलाई सदुपयोग गरौ, आउँदा नयाँ वर्षको प्रारम्भ दिनदेखि क्रमशः अकुशल काम-कुराहरू त्यागदै र छोड्दै, हरदम अनित्यताबोध गर्दै कुशल कार्य र पथमा अघि बढ्ने दृढता प्रकट गरौ, सफलताको अग्रिम शुभकामना !

## भावना धर्म ज्ञात

अकुशल **क्लेश**[३६] युक्त कार्यबाट सदैव जोगाइराख्ने र चित्तलाई एकाग्र गर्ने काम नै भावना हो । आफ्ना प्रत्येक **इर्यापथ**[३७] मा स्मरण गरिरहनु र होश जगाइराख्नु भावना हो । आफूले गरेका कामकुराले राम्रो वा नराम्रो, कुशल वा अकुशल परिणामबारे अगावै सचेत भई होश राख्न सके सायदै आफ्नो र परको अनर्थ र हानी-नोक्सानी पुग्नजान्छ । दुःखको प्रमुख कारण नै सुखको आशा हो र यद्यपि दुःखको कामना छैन र सुखको आशा छ भने पनि हामी भावनामा तल्लीन हुनैपर्छ । भावनाद्वारा नै हामी आफ्नो चञ्चल चित्तलाई वशमा पार्न सक्छौं अनि अनित्य एवं मरणानुस्मृति भावना पनि सम्पन्न

३६) **"क्लेश"**=चित्तलाई धमिलो पार्ने खराब तत्त्व, राग, द्वेष, मोह आदि मैललाई क्लेश भनिन्छ । मनलाई दुषित पार्ने दश क्लेशहरू छन्, जुन यसप्रकार उल्लिखित छन्–

क) **लोभ** = परवस्तुमा कुदृष्टि हाल्नु, अति चाहना
ख) **द्वेष** = क्रोध, रिस,
ग) **मोह** = मूर्खता,
घ) **मान** = अहंकार, अभिमान,
ङ) **दृष्टि** = मिथ्यादृष्टि, विपरीत धारणा,
च) **विचिकिच्छा** = नचाहिंदो शंका-उपशंका,
छ) **थीन** = अल्सीपन,
ज) **उद्वच्च** = मानसिक चंचलता,
झ) **अहिरिक** = कुकर्म गर्नमा निर्लज्ज,
ञ) **अनोतप्त**=कुकर्म गर्नमा त्राश नहुनु।
**(बौद्ध दर्पण, पृ. ४५ः मूल उपदेश)**

३७) **इर्यापथ** = बस्ने, सुत्ने, उठ्ने, हिड्ने जस्ता कुराहरूलाई इर्यापथ भन्दछ ।

गरेर पलप्रतिपल नाश हुनुपर्ने, मर्नुपर्ने सम्झेर अकुशलमुक्त कुशल पथमा अघि बढ्न सक्छौं ।

भवदुःखवाट पार लाग्नसक्ने एउटै मार्ग भनेको नै भावना हो । भावना धर्म द्रुतगतिले प्राप्त गर्न व्यक्ति व्यक्तिमा यो क्षमता पनि हुन नितान्त आवश्यक छः[३८]

१) तथागतप्रति आस्था र विश्वास भएको श्रद्धा हुनु,
२) आफू स्वस्थ र निरोगी हुनु,
३) छलकपटरहित भई आफ्नो वास्तविकता प्रकट गर्न जान्नु,
४) प्रयत्नशील र उद्योगशील हुनु,
५) **प्रज्ञा**[३९] युक्त वन्नु ।

आफ्नो मनभित्रको सारा हाल यथार्थरूपमा ऐना झैं छर्लङ्ग देख्न सक्ने माध्यम हो - भावना । जवसम्म हामीमा भावना हुन्न, तबसम्म हामी आफ्नो मनको स्वभाव चाल पाउन सक्दैनौं, चित्त-चञ्चलता रोकथाम गर्न सक्दैनौं अनि.....अनि अनैतिक पापकृत्य गर्ने र गराउने प्रवृत्तिको अन्त्य पनि गर्न सक्दैनौं ।

चित्त नियन्त्रक एवं अनित्य स्मरणमा प्रमुख भएको भावना धर्मका बारेमा जानकारी गरेर पुनः एकपल्ट विगतका समयसँग तुलना गर्न अत्यन्त आवश्यक हुन्छ । विगतका वर्षमा यदि हामी भावना धर्मबारे विल्कुल अनभिज्ञ रह्यौं, केही-कुनै ग्रहण गर्न सकेनौं भने, अवको २५४५ औं बुद्धजयन्तीको शुभारम्भसँगै त्यो गल्ती त्यो दोष सच्याउदै लगौं । समय थोरै छ । त्यो थोरै समय पनि कहिले सकिने हो, अनिश्चित छ । तसर्थ, भावना धर्म अभिबृद्धि गर्दै दुःखमुक्त मार्गमा अघि वढौं । यदि बिगतका समयदेखि यसै भावना धर्ममा लागेका छौ भने राम्रै भयो । अझ वढाउँदै लग्न थप उद्योग र प्रयत्न गर्दै जान सकौ, नयाँ वर्षको शुभकामना !

**३८) न्हूगु परित्राण निश्रय, पृ.३३०: मेत्त सुत्त/मज्झिम निकाय, बोधिराजकुमार सुत्त ।**
३९) **प्रज्ञा** = आवश्यक क्षेत्रमा आवश्यक तवरले आचरण गर्नसक्ने विशेष प्रकारको विवेक वुद्धिलाई प्रज्ञा भनिन्छ । अनित्य, दुःख र अनात्मलाई राम्ररी ज्ञात गर्नसक्नु तथापि आर्यसत्य वोध गर्नसक्नु नै प्रज्ञा हो । जीवनको प्रत्येक घडीमा प्रज्ञाले विचारेर, यथार्थ अववोध गरेर मात्र ठीक, उचित, उत्तम, उपयोगी, कुशल र धर्म लागेमा नै जुनै कामकुरा कार्यान्वयन गर्न समर्थवान रहनु नै "प्रज्ञायुक्त वन्नु" को आशय हो ।

## सच्चा उपदेश अनुशरणमा ज्ञात

स्मरण गरौं, बुद्ध, धर्म र संघको शरणमा परेकाहरू, उपासक-उपासिकाको उपाधि ग्रहण गरी बसेकाहरू र त्यसैमा गर्व मान्ने हामीहरू, बौद्धमार्गी त भयौं, उपासक-उपासिकाहरू त कहलाइयौं तर हामी के भगवान् बुद्धको वास्तविक सत्यज्ञान अनुशरण त गर्दैछौं ? ग्रहण गरेको ज्ञान केही हामीले आचरणमा लागू गर्न त सक्यौं ? यस्तै, विगत वर्षमा हामीले बुद्धको ज्ञान कति धारण गऱ्यौं ? कति-कति ज्ञान, कति-कति उपदेश आफ्नो आचरण-व्यवहारमा सदुपयोग गऱ्यौं ? यदि हामीले बुद्धको शुद्ध कल्याणकारी सत्यज्ञानलाई जानेर, बुझेर, सुनेर आफ्नो स्वविवेकद्वारा चिन्तना गरी राम्रा उपयोगी बुद्धोपदेशलाई आचरणमा लागू गरेका रहेछौं भने उत्तम नै भयो । आउँदा वर्षमा अझ त्यस्ता गुणहरू गुणात्मक तवरले अभिवृद्धि गर्दै जान सकौं, बुद्धदेशित ज्ञान-मार्गतिर दृढता पूर्वक अग्रगामी बन्नसकौं । तर हामीले बुद्धोपदेशलाई किञ्चित् पनि वास्ता गरेका छैनौं वा गर्न सकेका छैनौं, आफूले ग्रहण पनि गरेका छैनौं र व्यवहारमा यत्किञ्चित पनि लागू गरेका छैनौं भने त्यो जस्तो दुर्भाग्य अरू के होला ! तसर्थ, सत्कर्ममा आवद्ध रही वास्तविक सत्य बुझ्नु जरूरी छ । त्यसतर्फ हामीले चर्मचक्षुले होइन ज्ञानचक्षुले विचार गर्नैपर्छ। हामीले बुद्धका सत्य ज्ञानलाई बुझ्ने प्रयासमा लागेर बुद्धशिक्षाको अध्ययन र अनुसन्धान गर्नुपऱ्यो, जान्नु र बुझ्नु पऱ्यो अनि मात्र, कुशल एवं धार्मिक कार्य नै रहेछ भने आफ्नो आचरणमा पनि लागू गर्न सक्नु पऱ्यो । यद्यपि बाह्य संसारबाट जतिसुकै जाल-जंजाल आए तापनि, विघ्न-बाधाको पहाडै खडा भए तापनि, अनेक-तनेक प्रपञ्चरूपी तगारा नै तेर्सिए पनि तमाम त्यस्ता समस्यावाट मुक्त रही, संघर्षशील वनी कुशलकार्य, धार्मिक कर्म र जीवन परिशुद्धि एवं सार्थकताका कारक तत्त्वहरू आफ्नो व्यवहारमा लागू गर्न प्रयत्न गरौं । त्यसका लागि हामी दृढ बनौं ।

## राम्रो र नराम्रो ज्ञात

विगत वर्षमा हामीले यथार्थतः के-कस्तो कुकामहरू गऱ्यौं र के-कस्ता राम्रा कामहरू गरेनौं भन्ने जान्न पनि आवश्यक देखिन्छ । यद्यपि हामीले गएको वर्षमा सामान्यभन्दा सामान्य बुद्ध-उपदेशित ज्ञान पनि आफ्नो

व्यवहारमा, स्वयंको आचरणमा उतार्न सफल भएनौं भने बुद्धद्वारा निर्देशित मुक्तिमार्गबाट हामी कति टाढियौं त ? भगवान् बुद्ध जन-जनहरूलाई मनै छुने गरी केवल दुई कुरामा जोड दिनु हुन्थ्यो- **दुःख र दुःखबाट मुक्ति** । तव, हामीले दुःख बुझ्यौं कि बुझेनौं ? मुक्तिमार्ग अँगाल्यौं कि अँगालेनौं ? अथवा दुःख र दुःखमुक्ति पथबाट पन्छिएर, नबुझेर हामी कतिसम्मको अन्धकारमा रूमल्लिएका छौं त ? कतिसम्म दुःखमै भौतारिरहेका छौं त ? यथार्थ अववोध गर्न अपितु राम्रो र नराम्रोको बोध ज्ञात गर्न अति नै आवश्यक हुन्छ ।

## मुक्तिमार्गको नजिक वा टाढाको ज्ञात

बैशाख पूर्णिमाकै पावन दिनमा बोधिसत्त्वले बोधिबृक्षको शीतल छहारी मुनि ३५ वर्षको उमेरमा बोधिज्ञान लाभ गर्नुभएको थियो, बुद्धत्व ज्ञान प्राप्त गर्नुभई लोकमा बुद्ध कहलाउनु भएको थियो । प्रमुखतः उहाँले चारआर्यसत्यलाई यथार्थ रूपमा अवबोध गर्नुभयो । जस्तोः–

(क) **दुःखसत्यः (दुःख छ)**

१) **जाति'पि दुक्खा** = जन्म हुनु दुःख,

२) **जरा'पि दुक्खा** = वृद्ध बन्नु दुःख,

३) **व्याधि'पि दुक्खो** = रोगी हुनु दुःख,

४) **मरणम्पि दुक्खं** = मृत्यु हुनु दुःख,

५) **पियेहि विप्पयोगो दुक्खो** = प्रियजनसँग बिछोड हुनुपर्ने दुःख,

६) **अप्पियेहि सम्पयोगो दुक्खो** = अप्रियजनसँग बस्नुपर्ने दुःख,

७) **यम्पि इच्छं नलभति तम्पि दुक्खं** = इच्छाएको पूर्ण नहुनु दुःख

८) **संखित्तेन पञ्चुपादानक्खन्धा दुक्खा** = संक्षिप्तमा **पञ्चस्कन्ध**[४०] रूपी देह धारण गर्नुपर्ने नै दुःख ।

(अझ शोक गर्नुपर्ने दुःख, रुनुपर्ने दुःख, पीडित हुनुपर्ने दुःख, चिन्ता हुने दुःख, अशान्ति हुने दुःख इत्यादि)

४०) **पञ्चस्कन्ध** = पञ्चस्कन्ध भन्नाले यसरी बुझनुपर्छ-
(१) रूप स्कन्ध,
(२) वेदना (अनुभव)-स्कन्ध,
(३) संज्ञा-स्कन्ध,
(४) संस्कार (चेतना) -स्कन्ध र
(५) विज्ञान (चित्त) - स्कन्ध ।

ख) **दुःखसमुदयआर्यसत्य (दुःखको कारण छ)**[४१]:

१) **कामतृष्णा** = पञ्चकाम विषयमा भोग विलास गर्ने इच्छा,[४२]

२) **भवतृष्णा** = पुनर्जन्म हुने इच्छा,

३) **विभवतृष्णा** = तृष्णा भइकन पनि पुनर्जन्ममा विश्वास गर्न नचाहनेको इच्छा ।

ग) **दुःखनिरोधआर्यसत्य (दुःखको अन्त छ) :**

१) **सउपादिशेष निर्वाण** = पञ्चस्कन्ध शेष रहेर पनि क्लेश नाश भइसकेको निर्वाण ।

२) **अनुपादिशेष निर्वाण** = पञ्चस्कन्ध र क्लेश दुइटै शेष नभइसकेको निर्वाण ।

घ) **दुःखनिरोधगामिनी प्रतिप्रदा आर्यसत्य (दुःख अन्तका मार्ग पनि छन्), ती हुन्:–**

१) **सम्यक् दृष्टि** (=ठीक धारणा),
२) **सम्यक् संकल्प** (=उचित संकल्प) । } **प्रज्ञा**

३) **सम्यक् वचन** (=ठीक बोली),
४) **सम्यक् कर्मान्त** (=परिशुद्ध कर्म),
५) **सम्यक् आजीविका** (=सम्यक् जीविका) । } **समाधि**

६) **सम्यक् व्यायाम** (=ठीक प्रयत्न),
७) **सम्यक् स्मृति** (=उचित स्मृति),
८) **सम्यक् समाधि** (=ठीक एकाग्रता) । } **शील**

४१) दुःखको मूल कारण **तृष्णा**लाई यसरी पनि बुझ्न सकिन्छ:–
(क) **रूप-तृष्णा**=रूपप्रति अतिशय चाहना,
(ख) **शब्द-तृष्णा**=शब्दप्रति अतिशय चाहना,
(ग) **गन्ध-तृष्णा**=गन्धप्रति अतिशय चाहना,
(घ) **स्पर्श-तृष्णा**=स्पर्शप्रति अतिशय चाहना,
(ङ) **रस-तृष्णा**=स्वादप्रति अतिशय चाहना,
(च) **धर्म-तृष्णा**=स्वभाव (धर्म) प्रति अतिशय चाहना ।

४२) **पञ्चकाम विषयमा भोग विलास गर्ने इच्छा** = पञ्चकाम विषयमा आसक्त वनी भोग विलास गर्ने इच्छा भन्नाले यसरी बुझ्नुपर्छ–
(क) आँखाले रूप हेरी आसक्तभावले मज्जा लिनु,
(ख) कानले शब्द सुनी रसास्वादमा आसक्तभावले मज्जा लिनु,
(ग) नाकले गन्ध सुंघी त्यसैमा टाँसिरहनु,
(घ) जिब्रोले रसास्वाद गरी त्यसैमा पल्किनु तथा
(ङ) शरीरले स्पर्श गरी मोहित हुनु ।

## सम्यक् वचन के हो ?

आफ्नो दुर्वचनबाट अलग्गिनु र राम्रो, प्रिय एवं सार्थक सत्य सुवचन बोल्नु सम्यक् वचन हो । सम्यक् वचन अन्तर्गत परिशुद्ध बोली बनाउनका लागि पालना गर्नुपर्ने कुरा चार प्रकारका छन् –

१) असत्य भएको झूठो कुरा नबोल्ने,
२) परको अहित कामनाले चुकली नगर्ने,
३) मुटुमा बिभ्ने कडा अपशब्द नबोल्ने र
४) काम नलाग्ने ब्यर्थको निन्दाचर्चा आदि कुरा नगर्ने ।

## सम्यक् कर्मान्त के हो ?

आफ्नो कर्मलाई सुधार गर्ने राम्रो आचरण सम्यक् कर्मान्त हो । मुख्यतः आफ्नो शारीरिक अशुद्धिपना अथवा कल्मष पापहरू निर्मूल गर्नु सम्यक् कर्मान्त हो । यहाँ, तीन प्रकारका काम नगर्नु नै सम्यक् कर्मान्त भन्ने बुझिन्छ । ती हुन्–

१) कुनै पनि प्राणीलाई दुःख-कष्ट नदिनु, हिंसा नगर्नु,
२) अरूका चीजवस्तुहरू चोरी नगर्नु, नसोधीकन नलिनु,
३) परस्त्री/परपुरूष गमन नगर्नु वा ब्यभिचार नगर्नु ।

## सम्यक् आजीविका के हो ?

आफ्नो जीविकाको लागि जति पनि **शारीरिक एवं वाक् दुश्चरित्रहरू**[४३] छन्, तिनीहरूबाट टाढा बस्नु सम्यक् आजीविका हो । कुनै पनि मिथ्या तवरले जीविका नगरी राम्ररी उद्योगी-परिश्रमी बनेर आफ्नो जीवन व्यतित गर्नु सम्यक् आजीविका हो । यहाँ, प्रमुखतः पाँच किसिमका नराम्रा व्यापारबाट अलग्गिनुलाई सम्यक् आजीविका भनी मानिएको छ । ती कृत्यहरू संक्षिप्तमा यसप्रकार छन्:–

१) काटमार गर्ने शस्त्र-अस्त्र बनाई वा बनाउन लगाई त्यसको क्रय-विक्रय गर्नु र गराउनु हुन्न ।
२) सत्त्वप्राणीहरू विशेषतः मानिसहरू क्रय-विक्रय गर्नु र गराउनु हुन्न ।

४३) **शारीरिक एवं वाक् दुश्चरित्रहरू**=शरीरद्वारा गरिने र वचनद्वारा बोलिने नराम्रो पापयुक्त स्वभावलाई शरीरिक एवं वाक् दुश्चरित्र भनिन्छ। मार्नु, चोर्नु, व्यभिचार गर्नु आदि शारीरिक दुश्चरित्र हुन्। त्यस्तै झुठो बोल्नु, चुकली गर्नु, कडा फोहोर शब्द बोल्नु, व्यर्थको निन्दाचर्चा गर्नु आदि वाक् दुश्चरित्रहरू हुन् ।

३) हिंसा गर्न वा हिंसा गरी मासु क्रय-विक्रय गर्नु र गराउनु हुन्न ।
४) अम्मल लाग्ने जाँड, रक्सी, गाँजा, अफिम जस्ता कुनै पनि नशालु मादकपदार्थहरू क्रय-बिक्रय गर्नु र गराउनु हुन्न ।
५) कुनै प्रकारको विषालु पदार्थ बनाई वा बनाउन लगाई त्यसको क्रय-विक्रय गर्नु र गराउनु हुन्न ।

## सम्यक् ब्यायाम के हो ?

आफ्नो चरित्रमा बाधा पुग्ने, निन्दा-अपहेलना हुने तथापि आफैंलाई खाल्डोमा खसाल्ने प्रकारका अकुशल पापकार्यहरूलाई आफ्नो मन-मष्टिष्कबाट सदैव टाढा नै राख्ने प्रयत्न गर्नु सम्यक् ब्यायाम हो । राम्रो कुरालाई राम्रो भनी थाहा पाई बढाउँदै लग्नु एवं नराम्रो कुरालाई नराम्रो भनी थाहा पाई घटाउँदै-हटाउँदै लानु सम्यक् ब्यायाम हो । यहाँ, चार प्रकारका प्रयत्नलाई सम्यक् ब्यायाम मानिएको छः–

१) उत्पन्न नभएका कुशल कार्यहरूलाई उत्पन्न गर्नका निम्ति उत्साह एवं प्रयत्न गर्नु,
२) उत्पन्न भैसकेको कुशल कार्यहरूलाई अझ बढाउनका निम्ति उत्साह एवं प्रयत्न गर्नु,
३) उत्पन्न नभएका अकुशल कार्यहरूलाई उत्पन्न हुनै नदिन उत्साह एवं प्रयत्न गर्नु,
४) उत्पन्न भइसकेका अकुशल कार्यहरूलाई नाश गर्न उत्साह एवं प्रयत्न गर्नु ।

## सम्यक् स्मृति के हो ?

आफ्नो शरीरबाट भइरहेको कार्य, मनमा आइरहेको कल्पनालाई चिनेर खराब पापकर्मलाई दमन गर्न सतर्क वा जागरूक हुनु सम्यक् स्मृति हो। आफ्नो मनलाई नियन्त्रण गर्नु र होश राखेर जागृत हुनु सम्यक् स्मृति हो। प्रमुखतः चार प्रकारका स्मृतिलाई सम्यक् स्मृति भनिन्छ। ती हुन् :–

१) **कायानुपस्सना** = आफ्नो शरीरद्वारा के-कस्ता काम र कुराहरू भइरहेका छन्, त्यसमा होश राखेर सतर्क हुनु कायानुपस्सना हो ।

२) **वेदनानुपस्सना** = आफ्नो चित्तले अनुभव गर्ने सुख, दुःख वा न सुख, न दुःखको यथार्थता जानेर होश राखेर जागृत रहनु वेदनानुपस्सना हो ।

३) **चित्तानुपस्सना** = आफ्नो चञ्चल चित्तमा के-कस्ता कल्पना एवं विचारको आगमन भइरहेको छ, त्यसमा होश राखेर जागृत हुनु चित्तानुपस्सना हो ।

४) **धर्मानपस्सना** = राम्रो-नराम्रो, पाप-पुण्य र कुशल-अकुशल धर्म राम्ररी थाहा पाई होश राखी जागरुक भई राम्रो क्षेत्रमा मन राख्नु धर्मानुपस्सना हो ।

## सम्यक् समाधि के हो ?

आफ्नो ध्यानलाई कहीं-कतै जान नदिई मनलाई एकाग्र गर्नु वा नियन्त्रण गरिराख्नु नै सम्यक् समाधि हो । आफ्नो पुरानो संस्कार परित्याग गर्न, राम्रा आचरणयुक्त शील पालन गर्न, प्रज्ञायुक्त बन्न पनि समाधिको महत्त्वपूर्ण भूमिका हुन्छ । हामीभित्रको पञ्चनीवरणलाई दमन गर्नु, छेदन गर्नु सम्यक् समाधि हो । ती **पञ्चनीवरण** यसप्रकार छन्:-

१) **कामच्छन्द नीवरण** = सुख भोग गर्ने आशामा रहनु,
२) **व्यापाद नीवरण** = द्वेषभावले क्रोधित हुनु, डाह-ईर्श्या गर्नु,
३) **थीनमिद्ध नीवरण** = कायिक र मानसिक रूपले अल्छी बन्नु,
४) **उद्धच्च-कुक्कुच्च नीवरण** = कायिक र मानसिक चञ्चलता हुनु र
५) **विचिकिच्छा नीवरण** = अनावश्यक शंका-उपशंका गर्नु ।

त्यस्तै; पाँच प्रकारका ध्यानलाई पनि सम्यक् समाधि भनिन्छ । ती ध्यानहरू यसप्रकार छन्:-

१) **प्रथम ध्यान** = वितर्क, विचार, प्रीति, सुख र एकाग्रता भएको ध्यान,
२) **द्वितीय ध्यान** = विचार, प्रीति, सुख र एकाग्रता भएको ध्यान,
३) **तृतीय ध्यान** = प्रीति, सुख र एकाग्रता भएको ध्यान,
४) **चतुर्थ ध्यान** = सुख र एकाग्रता भएको ध्यान,
५) **पंचम ध्यान** = उपेक्षा र एकाग्रता भएको ध्यान ।

## सम्यक् दृष्टि के हो ?

चार आर्यसत्य धर्मलाई यथार्थ रूपमा जान्नु सम्यक् दृष्टि हो । अनित्य, दु:ख र अनात्म स्वभावलाई वास्तविक दृष्टिमा अववोध गर्नु सम्यक् दृष्टि हो । **मिथ्याधारणा**[४४] बाट अलगिएर उचितरूपमा बुझ्नु, ग्रहण गर्नु र अनुचित रूपमा नबुझ्नु सम्यक् दृष्टिको अर्थ हो । यत्रतत्र जगसर्वत्र ब्याप्त-

दीप्त दुःखको यथार्थता जान्नु, तृष्णालाई विनाश गर्न सहायक सिद्ध बन्नु, विमुक्ति सुखरूपी निर्वाण साक्षात्कार गर्ने आर्यअष्टांगिक मार्ग उन्नति गर्दै लानु आदि सम्यक् दृष्टिका कार्य हुन्। यो सम्यक् दृष्टि प्रज्ञाबिना असंभव छ।

पाँच विषयहरूप्रति ठीक धारणा हुनु नै सम्यक् दृष्टि मानिन्छ। ती हुन् –

१) **कर्मसकता सम्यक् दृष्टि** = कर्म र कर्मफलप्रति ठीक धारणा,

२) **ध्यान सम्यक् दृष्टि** = ध्यानको महत्त्वबारे ठीक धारणा,

३) **विपस्सना सम्यक् दृष्टि** = अनित्यताबारे ठीक धारणा,

४) **मार्ग सम्यक् दृष्टि** = क्लेश निर्मूल पार्ने मार्गबारे ठीक धारणा र

५) **फल सम्यक् दृष्टि** = निर्वाणको महत्त्वबारे ठीक धारणा।

## सम्यक् संकल्प के हो ?

मनमा कुनै कुरा उत्पन्न हुनासाथै त्यसको कार्यन्वयन तत्क्षणमै सम्पन्न नगरी चिन्तन-मननद्वारा हित, कल्याणतिर उन्मुख हुने विचारलाई सम्यक् संकल्प भनिन्छ। जति पनि नराम्रा क्लेशयुक्त विचारहरू छन्, ती सबैलाई त्यागेर परोपकार एवं सुख-शान्ति प्राप्तिका मार्गतिर डोऱ्याउने विचारमा अडीग हुनसक्नु सम्यक् संकल्प हो। प्रमुखतः निम्नलिखित संकल्पलाई सम्यक् संकल्प भनिन्छ–

१) **नैष्क्रम्य संकल्प** = पंचकाम विषयक भोगबाट टाढै रहने विचार,

२) **अव्यापाद संकल्प** = द्वेष-भावबाट टाढै रहने मैत्री सहगत विचार,

३) **अविहिंसा संकल्प** = दुःखीहरूलाई सुखी बनाउने करूणा सहगतका सम्पूर्ण विचार।

उल्लिखित दुःखमुक्ति मार्गका बारेमा जानेर, बुझेर व्यवहारमा परिपालना गरी शतशः उत्तीर्ण भइसकेपछि मात्र भगवान् बुद्धले संसारवासीलाई उक्त ज्ञानको प्रचार-प्रसार गर्नुभएको थियो। ती उपदेशलाई मनन एवं अनुशरण गरी मानवले आफ्नो अल्पकालीन मानव जीवनलाई

४४)मनभित्रको त्यस्ता अनुचित पापयुक्त विचारलाई **मिथ्यादृष्टि (मिथ्याधारणा)** भनिन्छ, जसले सर्वदा आफूलाई पतनतिर उन्मुख गराउँछ। मिथ्याधारणा भन्नाले यसनिम्नलिखित दश विषयहरू बुझ्नुपर्छ–

क) दानको फल छैन,
ख) यज्ञ (त्याग) को फल छैन,
ग) अतिथि सत्कारको फल छैन,
घ) कर्मफल छैन,
ङ) यो लोक छैन,
च) परलोक छैन,
छ) आमा छैन,
ज) बुवा छैन,
झ) जन्मने प्राणी छैन र
ञ) अर्हत् बुद्ध छैन।

सार्थक र सफल तुल्याए, दुःखमुक्त अवस्थामा अर्हत् फल प्राप्त गरेर स्वयंलाई सदा-सर्वदाको लागि धन्य तुल्याएर उनीहरू दुःखबाट पूर्णतः सदाकै लागि मुक्त भए ।

हामी बौद्धमार्गीहरूले उहाँको यस सत्यधर्मलाई बुझेका छौं वा छैनौं ? आफ्नो आचरणमा चरितार्थ गरेका छौं वा छैनौं ? त्यस्तै हामी मुक्तिमार्गको पथमा अग्रसर भयौं वा भएनौं ? यी कुरा सर्वदा बिचारयोग्य र मननीय छन् । यदि हामीले विगत वर्षमा यो सत्यधर्म जान्न पाएनौं, यथार्थतः चिन्न सकेनौं र केही पनि कुनै पनि बुद्धोपदेश आफ्नो व्यवहारमा उतार्न सकेनौं भने हामीलाई दुःखमाथि अझ थप दुःखै भयो । तर पनि, ठीकै छ, पश्चात्ताप नगरौं । बरू आउँदो नयाँ वर्षको पहिलो दिन अर्थात् आजकै बैशाख पूर्णिमाको दिनदेखि नै बुद्धोपदेश चारआर्यसत्य धर्म जान्न प्रयत्नशील बनौं, आफ्नो आचरणमा तिनको परिपालना गर्न कोशिस गरौं, दुःखै दुःखको भव सागर-महासागरबाट दुःखमुक्त मार्गतिर अग्रसर बनौं, भइरहौं ।

## विगत वर्षमाथि दृष्टि

हामीले विगतका वर्षमा के गर्‍यौं, के गरेनौं, के कस्ता कति राम्रा कार्यहरू गर्‍यौं, कति नराम्रा कार्यहरू गर्‍यौं, कति कुशल कृत्य गर्‍यौं, कति अकुशल कृत्य गर्‍यौं, कति फाइदाजनक कल्याणकारी कामकुराहरू गर्‍यौं, गरेनौं, ती सम्पूर्ण कुराहरूमा ध्यान पुर्‍याउनै पर्छ । तब, अब आउने नयाँ वर्षका दिनहरूमा के गर्नुपर्छ, के गर्नुहुन्न भन्ने कामकर्तब्यहरूको नीति र नियम तर्जुमा गरेर योजनाबद्ध रूपले हामी क्रियाशील हुन सकिन्छौं । यो हामी जस्ता बौद्धमार्गी मानवहरूको आवश्यकता मात्र नभएर जीवनको अनिवार्य पक्षनै हुन आउने कुरामा दुई मत नहोला ।

बितेका दिनहरूमा आफूद्वारा अवलम्बन हुनगएका काम कुरा एवं घटना-दुर्घटनाहरूलाई चिन्तनमनन एवं गहिरिकन विचार गर्न हामीले सक्नुपर्छ । उक्त कुराहरूबाट नौला-नौला अनुभव अनुभूतिका सँगालो बोकेर, राम्रो एवं आफू र परलाई पनि हित-कल्याण र जयमङ्गल हुनसक्ने असल शिक्षा हासिल गर्नुपर्छ । तत्पश्चात्, भविष्यप्रति आफू यत्किञ्चित पनि भय र त्रासले व्याप्त नबनी बुद्ध-धर्म र संघको दरिलो सहायताद्वारा उच्च-बिचारको पथ स्वयं निर्माण गर्न सक्नुपर्छ, आफ्नो जीवनलाई सुन्दर शान्त तवरले जिउन जान्नुपर्छ ।

# बैशाख पूर्णिमा - बुद्ध पूर्णिमाको संयोग

पुनः एकपल्ट, आज हामी बुद्ध जयन्ती वा बैशाख पूर्णिमा बडो हर्षोल्लास अनि नयाँ जोश र जाँगरले मनाउन गइरहेका छौं । प्रमुखतः लुम्बिनीमा जन्मनु भएको, **बुद्धगया**[४५] मा बोधिज्ञान प्राप्त गर्नु भएको तथा कुशीनगरमा महापरिनिर्वाण हुनुभएको भगवान् बुद्धसँग सम्बन्धी त्रिसंयोगले परिपूर्ण विशेष दिन हामी बुद्धको गुणानुस्मरण गरेर, सद्धर्म र सत्कर्ममा प्रतिबद्ध रहेर मनाउदैछौं । त्यस बाहेक पनि, बुद्धले बुद्धत्व ज्ञान प्राप्त गर्नु भइसकेपछि प्रथमपल्ट आफ्नो स्वदेश कपिलबस्तुमा पदार्पण हुनुभएको यही बैशाख पूर्णिमाकै दिन परेको थियो । त्यस्तै, अघिका तथागत दीपंकर बुद्धले उहाँ बोधिसत्त्व अवस्थामा लक्षण विचार गरेर भविष्यमा बुद्ध हुने शुभ-आशीर्वाद प्रदान गर्नुभएको पनि आजकै बैशाख पूर्णिमाको पावन दिन थियो । अब यहाँ यिनै संयोगहरूका कथाक्रम केही उल्लेख गर्नु सान्दर्भिक हुन्छ ।

## चिरस्मरणीय बुद्धको जन्म जयन्ती

**कपिलबस्तु**[४६] राज्य सम्पन्न एवं समृद्धशाली थियो । सबै जनताहरू आ-आफ्नै कृषि एवं उद्योग धन्दामा मस्त-ब्यस्त थिए, सबै सुखी-खुशी देखिन्थे । त्यस राज्यका **राजा शाक्यकुलका सूर्यवंशी एवं गौतम गोत्रका शुद्धोदन** नामक ब्यक्ति थिए । उनका महामायादेवी र प्रजाप्रति गौतमी गरी दुई महारानीहरू हुँदा पनि आफ्ना उत्तराधिकारी कुनै पुत्रको प्राप्ति भएका थिएन । पुत्रको अभावमा शुद्धोदन राजा दुःखी थिए ।

समय निरन्तर चलिरह्यो । धेरै वर्षको अन्तरालपछि जेठी महारानी महामायादेवीको कोखमा विशिष्ट लक्षणगुणयुक्त गर्भ रह्यो । गर्भावस्थामा महारानीलाई कुनै कठिनाई नदिन र दरिलो सुरक्षा प्रदान गर्न बृहद् परिचारिकाहरूको नियुक्ति गरिएको थियो, आवश्यक सुख-सुविधाहरू सम्पूर्ण प्रायः उपलब्ध गराएका थिए ।

दिन, हप्ता र महिना हुँदै क्रमशः दश महिना बित्यो । महारानीको मनमा आफ्नो माइतीघर **देवदह**[४७] जाने तीब्र इच्छा पलायो । उक्त कुरा राजा समक्ष बिन्ति चढाउँदा स्वीकृति पनि प्राप्त भयो । कपिलबस्तुदेखि देवदहसम्मको सम्पूर्ण बाटो सफासुग्घर गर्न लगाइयो । हजारौं हजार लावालष्करका साथ

४५) **बुद्धगया** = वर्तमान भारतको विहार प्रदेशस्थित बोधगया । **(बौद्ध दर्पण)**
४६) **कपिलबस्तु** = तिलौराकोट (तौलिहवा), लुम्बिनी अंचल, नेपाल । **(बौद्ध दर्पण)**
४७) **देवदह** = देवीदमाद गाउँ, बुटवल नजिक, नेपाल ।**(बौद्ध दर्पण)**

महारानी महामायादेवी सुवर्णमय पाल्कीमा चढेर देवदहतिर प्रस्थान गरिन्।

रानीको यात्रा बाटो निरन्तर पार हुदै थियो। कपिलबस्तु र देवदहको मध्यमा अवस्थित मनोरम लुम्बिनी शालोद्यानमा तिनीहरू पुगे। दुबै नगरका राजकुमारहरूको भ्रमणस्थल, अद्‌भुत पंक्षीहरूको सुरिलो स्वरलय घन्किने अत्यन्त मनमोहक **लुम्बिनी**[४८] बगैंचामा पुगेपछि महारानीको मनमा एकपल्ट निश्चितैरूपमा बगैंचा घुम्ने दिगो मनसायको अभ्युदय भयो। शितल अतिप्रिय प्राकृतिक सौन्दर्यसँग लुटपुटिन लालायित बन्दै महारानी पाल्कीबाट ओर्लिइन् र उक्त बगैंचाको रमणीयतामा निर्लिप्त बनिन्।

बगैंचाको भ्रमण वास्तवमै आनन्ददायी थियो। मिठो सुखानुभूति पैदा हुनथाल्यो। अझ यत्रतत्र घुम्दै र रमाउँदै रानी समय सहजताले बिताउन थालिन्। घुम्दाघुम्दै र रम्दारम्दै नै अचानक महारानीले आफ्नो शारीरिक अवस्थामा परिवर्तनको अनुभव गरिन्। समीपमै अवस्थित एउटा शालबृक्षको हाँगा समाएर उभिइन्। महारानीसँगै हिँडिरहेका परिचारिकाहरूले यथार्थ कुरा बुझेर त्यही ठाउँमा कपडाहरूले चारैतिर बेरेर एउटा कोठा झैं बनाए। उपस्थित सैनिकहरू दूर-दूर भए। वातावरणले अनौठो रूप धारण गर्‍यो।

अहा ! एकै क्षणपछि एक तेजस्वी सुन्दर **बत्तीस महापुरूष लक्षणले सुसम्पन्न बालकको जन्म** भयो। महारानीलाई पुत्ररत्न प्राप्त भयो। यही जीवनको भविष्यमा बुद्ध हुने बोधिसत्त्वको पदार्पण यस धर्तीमा भयो। लोकमा विभिन्न शुभ लक्षणहरू प्रकट भए। हर्षले भूमिकम्प भयो। यो दिन बैशाख शुक्ल पूर्णिमाको पावन दिन थियो।

बोधिसत्त्व कुमारको जन्म शुद्धोदन राजाको ५७ वर्ष उमेरमा तथापि बिवाह समयको २० वर्ष पार गरिसकेपछिमात्र भएको थियो। बोधिसत्त्व जन्मेकै पावन दिनमा अन्य सात कुरा पनि लोकमा उत्पन्न भए। तिनीहरू हुन् – (१) **यशोधरादेवी**[४९], (२) **छन्दक (छन्न) सारथी**[५०],

४८) **लुम्बिनी** = रूम्मिन देई, भैरहवा, नेपाल। **(बौद्ध दर्पण)**

४९)सिद्धार्थ कुमारकी पत्नीको नाम हुन्-**यशोधरादेवी**। यिनको **१६ वर्षमा विवाह** भएको थियो भने तिनी **देवदहकी कुमारी** थिए। आफ्नो **पुत्र राहुल कुमार** जन्मेकै समयमा आफ्नो पतिले छोडेर गृहत्यागी भएका थिए। पछि यिनी पनि बुद्धशासनमा **प्रब्रजित भएर दुःखबाट मुक्त** भएका थिए।

५०)गृहत्यागको वेला ठूलो मद्दत गर्ने र सिद्धार्थसँगै वनसम्म जाने सारथीको नाम हो- **छन्दक सारथी। पछि यी सारथी भिक्षु** हुँदा पनि बुद्धका साथी र बुद्धत्त्व प्राप्त गर्नमा आफूले मद्दत गरेको कुरालाई लिएर छन्दक अत्तेरी, अभिमानी बन्यो। बुद्धको महा-परिनिर्वाण पछि बुद्धकै आज्ञा भए अनुरूप यी **छन्दक भिक्षुलाई भिक्षसंघले ब्रह्मदण्ड (कसैले नबोल्ने, वास्तै नगर्ने सजाय)** दिएका थिए।

(३) **कालुदायी अमात्य (मन्त्री)**[५१], (५) **मङ्गल हात्ती**[५२], (६) **बोधिबृक्ष**[५३] तथा (७) **श्रीसम्पत्तियुक्त चारवटा घडाहरू ।**

ई.पु. ५६३ को बैशाख-पूर्णिमाको शुभ पावन दिनमा उक्त बालक बोधिसत्त्व लुम्बिनी वनको एउटा शाल बृक्षमुनि जन्मिए । उक्त ओजस्वी बालकले भविष्यमा सम्पूर्ण बाधाहरू पन्छाएर सर्व अर्थ सिद्ध गर्ने लक्षण देखेर विद्वान् ब्राह्मणहरूले बोधिसत्त्व कुमारको नामाकरण सर्वार्थसिद्ध वा सिद्धार्थ गरिदिए । तिनै बालक, भविष्यमा जीवनका सम्पूर्ण तगाराहरूलाई काटेर दुःखमुक्त निर्वाणमा प्रतिष्ठित भई महामानव बुद्ध पनि भए, मुक्तिका पथप्रदर्शक सर्वज्ञाता सर्वज्ञ सुखका दाता बने, सत्यसन्देशका प्रचारक लोकका कल्याण निर्माता रहे । आफू धन्य भए, समूचा जगत्लाई धन्य-धन्य तुल्याए ।

तसर्थ, आजको बैशाख–पूर्णिमाको पावन दिन शाक्यमुनि तथागत बुद्धको जन्म-जयन्ती हो । समस्त मानव मात्रलाई सुख-शान्तिको मार्ग अवलम्बन गर्न, नयाँ स्वच्छ सभ्यताको शंखनाद गर्न नेपाल भूमिकै लुम्बिनी बगैंचामा भगवान् बुद्धले जन्म लिनु भएको चिरस्मरणीय जन्मदिन यो बैशाख पूर्णिमा–बुद्ध पूर्णिमा हो ।

## चिरप्रेरक बुद्धत्त्व ज्ञान प्राप्ति

सिद्धार्थ बोधिसत्त्व बढ्दै ठूलो हुनथाले । नगर एवं उद्यान परिक्रमा गर्ने क्रममा उनी **चार संवेगदायी दृश्य**[५४] अवलोकन गर्न पुगे । त्यसबाट पूर्णतः बैराग्य प्रस्फुटनसँगै २९ वर्षको उमेरमा सम्पूर्ण राज्यश्री सुख अनि बैभव त्यागेर, ममतामयी माता र पिता छोडेर, सुत्केरी पत्नी यशोधरा र नाबालक पुत्र राहुललाई माया मारेर, हरेकमा साथ दिन तम्तयार ज्ञातिबन्धु पनि नभनेर दुःखमुक्तिका लागि र ज्ञान प्राप्त गर्न

५१)शुद्धोदन राजाको इच्छानुरूप भगवान् बुद्धलाई प्रथमपल्ट कपिलवस्तु ल्याउने प्रमुख व्यक्ति थिए-**कालुदायी मन्त्री** । यिनले बुद्धशासनमा प्रव्रजित भई सम्पूर्ण दुःखबाट मुक्त रहेको **अर्हत्फल प्राप्त** गरेका थिए ।

५२)कुनै कुनै अट्ठकथामा **मंगल हात्तीको ठाउंमा आनन्दको नाम उल्लेख** भएको छ ।

५३)सिद्धार्थ वोधिसत्त्वले गृहत्यागको वेलामा चढेर जानुभएको सुन्दर एवं वलियो घोडाको नाम हो – **कन्थक घोडा** । यी घोडाले सिद्धार्थको गृहत्यागपछि हुनुपरेको विछोडमा आफ्नो प्राण त्यागेको थियो ।

५४)**चार संवेगदायी दृश्य**= जीवनका दयनीय किन्तु अनिवार्य तीन कटुसत्य एवं एक प्रेरणादायी दृश्यावलोकनले सिद्धार्थ गौतम बैराग्य सँगै गृहत्याग गरेका थिए । ती दृश्यहरू हुन् :– (१) जरा-जीर्ण वृद्ध व्यक्ति, (२) कायकष्ट रोगी, (३) देहत्यागी मृतक एवं (४)गृहत्यागी श्रमण ।

**महाभिनिष्क्रमण**[५५] गर्न पुगे ।

कन्थक घोडा र छन्दक सारथीसँग आषाढपूर्णिमाको जूनेली रातमा सिद्धार्थ बोधिसत्त्व **अनोमा नदी**[५६] छेउमा पुगे र आफ्नो अमूल्य वस्त्र-आभरण सबै फुकालेर प्रब्रजित भेष धारण गरे । तत्पश्चात्, सिद्धार्थ एक्लै ज्ञानको खोजीमा यताउता बहकिन थाले । उनी मगध देशको **राजगृह**[५७] नगर हुँदै तत्कालीन नामूद तपश्वीहरू **आलारकालाम** र **उद्दकरामपुत्र**हरूको आश्रममा पुगेर शिक्षाध्ययन गर्न थाले । उनले ध्यानको उच्चतम् **आकिञ्चन्यायतन** र **नैवसंज्ञानासंज्ञायतन** भन्ने ध्यान पनि सिके, तर यसबाट दुःखमुक्तिको मार्ग संभव नभएपछि गुरुहरूले रोक्दा रोक्दै पनि आश्रम छोडेर उनी आफै धर्मको खोजी गर्नतिर अघि बढे ।

तत्कालीन धारणा अनुसार, उनी पनि **नेरञ्जना नदी**[५८] नजिकको उरुवेल जंगलमा ६ वर्षसम्म दुष्करचर्या अँगाल्न पुगे । हठयोगको क्रममा खान-पिउनसम्म पनि उनले छाडे । दुइटा आँखा इनार जस्तै गहिरा भए । शरीरका मासु सुक्दै गयो । रगत सुक्दै गयो । छाला र हाडमात्र बाकी भयो । अन्ततः शरीर थाम्न नसकिने भई क्लान्त भएर उनी पछारिए । यस बीचमा **पञ्चभद्रवर्गीय**[५९]हरू सिद्धार्थ बोधिसत्त्वलाई गुरूका रूपमा आवश्यक सेवा गरिबसेका थिए ।

हठयोगादि शारीरिक पीडा दिएर ज्ञानरहित, प्रज्ञारहित मार्गमा लाग्नाले दुःखमुक्ति निर्वाण प्राप्ति संभव नभएपछि उनले उक्त मार्गलाई त्याग गरे र मध्यम मार्गलाई अँगालेर शरीरलाई पोषण गर्न थाले । चित्त नियन्त्रण गर्न ध्यान भाविता गर्नथाले ।

एक दिन सिद्धार्थ **अचम्मको सपना**[६०] देखेर अत्यन्तै प्रशन्न भए ।

५५) **महाभिनिष्क्रमण** = वुद्ध हुने वोधिसत्त्वले आफ्नो सांसारिक गृहजंजाल एवं भौतक श्री सम्पत्ति, सुख-वैभव त्यागेर गृहत्याग गर्नुलाई महाभिनिष्क्रमण भनिन्छ ।

५६) **अनोमा नदी** = वर्तमानको औमी नदी । (**बौद्ध दर्पण**)

५७) **राजगृह नगर** = वर्तमान भारतको राजगिर गाउं, पटना । (**बौद्ध दर्पण**)

५८) **नेरञ्जना नदी** = भारतमा रहेको हालको नीलाजन नदी । (**बौद्ध दर्पण**)

५९) **पञ्चभद्रवर्गीय** = भगवान् वुद्धले वुद्धत्व ज्ञान प्राप्त गरेपछि सारनाथको रुखमुनि बसी पाँचजना गृहत्यागीहरूलाई प्रथम उपदेश दिनुभएको थियो, तिनै उपस्थित पाँच गृहत्यागीहरूलाई "**पञ्चभद्रवर्गीय**" भन्दछन् । तिनीहरू नै गौतम बुद्धका प्रथम शिष्यहरू थिए । तिनीहरू हुन् - **कौण्डन्य, वप्प, महानाम, भद्दिय र अस्सजित ।**

६०) यहाँ, **अचम्मको सपना** भन्नाको तात्पर्य सिद्धार्थ वोधिसत्त्वले वुद्धत्व ज्ञान प्राप्त गर्नु अघि देखेको एकदम अनौठो र सन्तुष्टिजनक सपना भएर हो । वौद्ध वाङ्मयमा ती सपनालाई पाँच महत्त्वपूर्ण बुँदामा यसरी उल्लेख गरिएको छ →

त्यसको भोलिपल्ट अर्थात् बैशाख-पूर्णिमाको दिनमा भिक्षाटनको समय नभएकोले उनी अजपाल बरको वृक्षमा केही बेर आराम लिन पुगे । त्यही स्थानमा उरुवेल प्रदेश सेनानी गाउँकी **सुजाता**[६१] ले उनलाई देवता थानेर सुवर्णपात्र सहित शुद्ध पायास (खीर) दान गरिन् र कामना पनि यसरी गरिन्– **जसरी मेरो इच्छा पूर्ण भयो, त्यसरी नै तपाईंको इच्छा पनि पूर्ण होस् ।**

सुजाताले दिएको क्षीर[६२] उनले ४९ गांसमा सेवन गरे । सोत्थिय नामक ब्राह्मणले दिएको आठमुट्ठी कुशको घाँस आसनमा बिछ्याएर त्यसै आसनमा पूर्व दिशाभिमुख हुनुभई बज्रासन गरी अधिष्ठान प्रारम्भ गर्नुभयो- **मेरो यस शरीरमा रहेको हाड, मासु, रगत जम्मै सुकेर कंकाल मात्र बाकी रहे पनि बुद्धत्व प्राप्त नगरी म यस आसनबाट उठ्ने छैन ।**

उनी भावनामा तल्लीन भए, चित्तलाई परिशुद्ध गर्दै लगे । सम्पूर्ण मारलाई पराजित गरे । ध्यान गर्दागर्दै उनी चतुर्थ ध्यानसम्म पुगे । मध्यरातको प्रथम प्रहरमा **पुब्बेनिवासानुस्सति ज्ञान** (=पूर्वजन्मको थाहा पाउने ज्ञान) प्राप्त गरे । मध्यम (दोस्रो) प्रहरमा **च्युत्योत्पति ज्ञान** (=उत्पति र विनाश थाहा पाउने ज्ञान) प्राप्त गरे । अन्तिम (तेस्रो) प्रहरमा पञ्चस्कन्ध, अनित्य, दुःख, अनात्म विचार गर्दागर्दै, सबै क्लेश मेटाई **आसवक्खय ज्ञान** (आश्रव क्लेश नाश गर्न सकिने अर्हत्मार्ग ज्ञान) प्राप्त गरे । उनलाई चतुरार्यसत्य अवबोध भयो । यस कारणले यो हुन्छ, यस कारणले यो हुँदैन,

➔ क) विशाल हिमालय पर्वतलाई शिरान गरी पूर्व र पश्चिमको सागरमा दुवै हात राखी दक्षिण महासागरमा खुट्टा तेर्स्याई पृथ्वीमा आरामसित आफू सुतिरहेको थियो ।
ख) नाइटोवाट कुश उम्रेर आई आँखाले नभेटिने गरी माथि आकाशतिर गैरहेको थियो ।
ग) दुवै पाइतलावाट काला र सेता दुई किसिमका कमिला आदि उत्पन्न भई माथि घुँडासम्म ढाकिने गरी आइरहेका थिए ।
घ) विभिन्न रङ्गका चारवटा चराहरू पाइतला नजिकै सम्म उडेर आई एकैछिनपछि एउटै रङ्गका भएर गएका थिए ।
ङ) अशुची भएको पर्वतमाथि रहँदा पनि अलिकति पनि आफ्नो पाइतालामा लागेको थिएन । बुद्धजीवनी, सातौं परिच्छेद अन्तर्गत "पञ्च महास्वप्न"

६१) **सुजाता** : बुद्धत्व प्राप्त हुनु अघि सिद्धार्थ वोधिसत्वलाई सुवर्णमय पात्रसहित खीर दान दिने उरुवेला प्रदेश सेनानी गाउँकी महिला सुजाता हुन् । बुद्धको शासनमा सर्वप्रथम त्रैवाचिक शरण जाने उपासिकाहरू **सुजाता र बुहारी यशकुमारकी पत्नी** मध्ये एक तिनी पनि थिइन् ।

६२) सुजाताले दान गरेको यो क्षीर भोजनलाई अति उत्तम भोजन हो भनी पालिसाहित्यले मानेको छ किनभने यही क्षीर भोजन गरी सिद्धार्थ गौतमले बुद्धत्व–ज्ञान प्राप्त गर्नुभएको हो । दीघनिकाय अट्ठकथा-१, पृ. ३९८ : महापरिनिब्बानसुत्तं

यस कारणले जन्म हुन्छ, यस कारणले जन्म हुँदैन आदि जान्ने ज्ञान **प्रतीत्यसमुत्पाद ज्ञान** पनि उनलाई प्राप्त भयो । वैशाख पूर्णिमाको मध्यरातको अन्तिम प्रहरमा बोधिज्ञान प्राप्त गरी उनी सम्यक् सम्बुद्ध हुन पुगे, महामानव बुद्ध कहलाउन पुगे । यसबेला उनले ३५ वर्ष पूरा गरी ३६ वर्षमा प्रवेश मात्र गरेका थिए ।

बुद्धत्व प्राप्त गरी सिद्धार्थ बुद्ध हुँदा लोकमा ३२ शुभलक्षण देखा परे। भूमिकम्प भयो । उहाँले विमुक्ति सुखको अनुभूति गर्नुभयो। वज्रासनमा नै बसेर उनले प्रीति उदान वाक्य व्यक्त गरे।[६३]

**अनेक जाति संसारं – सन्धाविस्सं अनिब्बिसं ।**<br>
**गहकारकं गवेसन्तो – दुक्खा जाति पुनप्पुनं ॥**

**गहकारक दिट्ठोसि – पुन गेहं न काहसि ।**<br>
**सब्बा ते फासुका भग्गा – गहकूटं विसंखितं ।**<br>
**विसंखारगतं चित्तं – तण्हानं खयमज्झगा ॥**

**अर्थः**

फेरि फेरि जन्म लिनु दुःख भएको हुनाले मैले यो शरीररूपी घर बनाउनेलाई खोज्दाखोज्दै यो संसारमा बारम्बार जन्म लिइसकें । हे गृह निर्माण गर्ने बुद्धि हो ! अब मैले तिमीलाई देखिसके, फेरि तिमीले गृह निर्माण गर्न सक्दैनौ ! तिम्रो घर बनाउने ज्यावल सबै भाँचिदिइसकें। घरका शिखर धुरी सबै विनाश भयो । चित्त संस्कार रहित भयो । पूर्ण रूपमा तृष्णाको विनाश भयो ।

यसरी, भगवान् बुद्धको चिरप्रेरक बुद्धत्व ज्ञान प्राप्तिको पावन दिन पनि आजकै वैशाख पूर्णिमा-बुद्ध पूर्णिमाको शुभ संयोगमध्येको एक हो । उनको सम्बोधि ज्ञान सत्त्वप्राणीको हित-मंगल एवं सुख-शान्तिको लागि सदा सर्वदा बहूपकारी लाभप्रद नै छ ।

## चिरसंविगदायी महापरिनिर्वाण

भगवान् बुद्ध बोधिज्ञान प्राप्त गरिसकेपछि अनवरत संसारवाशी दुःखी प्राणीहरूलाई दुःखमुक्ति मार्ग प्रदर्शन गर्न गाउँ-गाउँमा, नगर-नगरमा तथा देश-विदेशमा पुग्नुभयो। ४५ वर्षसम्म उहाँले धर्मप्रचारार्थ, बहुजन हित र बहुजन सुखार्थ विचरण गर्नुभयो । अनन्त मानव मात्रका

६३) धम्मपद, जरावग्गो (बुद्धवर्ग)–८ र ९/परियत्तिशिक्षा, भाग-२,पृ.४५ : सिद्धार्थको बुद्धत्वप्राप्ति

दुःखनाशक, मुक्तिमार्ग प्रदर्शक हुनुभई बहुजन मात्रलाई धन्य तुल्याउनु भयो।

चारिका गर्दै उहाँले आफ्नो **अन्तिम बर्षावाश**[६४] **बेलुव ग्राम**मा सम्पन्न गरे। उहाँको नश्वरदेहमा अनेक रोग एवं वेदना प्रकट हुनथाल्यो तर आफ्नो ध्यानबलद्वारा वेदना शान्त गर्दै रहनुभयो, अपितु रोग पनि दमन गर्दै जानु भयो। आफ्नो बुद्ध शासनमा कुनै गुरुमुष्ठि नभएको सत्य प्रकट गर्नुहुँदै तथागत बुद्ध सदैव उपदेश दिनुहुन्छ - **धर्मद्वीप, धर्मशरण आफैं भई बस्ने प्रयत्न गर्नुपर्छ, अन्य शरण भएर होइन।**

बुद्ध-शासनमा धर्म बुझेका धर्मधर तथा शासनधर भिक्षु भिक्षुणी तथा उपासक, उपासिकाहरू एक-से-एक समर्थवान् देखेर बुद्ध सन्तुष्ट थिए। तत्पश्चात्, **माघ-पूर्णिमाको दिनमा आफ्नो आयुसंस्कार त्याग** गर्नुहुँदै तथागत बुद्धले आज्ञा भयो-"**आजको तीन महिनापछि तथागत बुद्धको परिनिर्वाण हुनेछ।**" **बैशाली**[६५] मा तथागतको आयुसंस्कार त्यागले त्यसबखत अति भयानक तरिकाले भूकम्प भयो।

बैशालीबाट बुद्ध **श्रावस्ती**[६६]मा पुगे। बुद्धका प्रमुख **शिष्य सारिपुत्र**[६७] त्यतिबेला आफ्नो गाउँमा थिए, उनको त्यही आफ्नो घरमै **परिनिर्वाण (देहावसान)** भयो। त्यसको दुई हप्तापछि अर्को प्रमुख **शिष्य मौद्गल्यायन**[६८]

६४) **वर्षावाश**= वर्षात् कालमा भिक्षुहरूले अधिष्ठान गरी एकै बिहारमा तीन महिना बिताउनुलाई वर्षावाश भनिन्छ। यो नियम स्वयं भगवान् बुद्धले बर्षा समयका विभिन्न समस्याहरू एवं आन्तरिक लाभ हुने कारण देखेर नै सार्वजनिक गरिदिएका हुन्।

६५)**बैशाली**= वर्तमान भारतको वसाढ गाउँ, मुजफ्फरपुर। **(बौद्ध दर्पण)**

६६)**श्रावस्ती**= वर्तमान भारतको उत्तर प्रदेश अवस्थित "सहेत महेत", गौड जिल्ला।

६७)**सारिपुत्र**= भगवान् गौतम बुद्धको भिक्षुसंघमा दुई मुख्य शिष्यहरू थिए- सारिपुत्र स्थविर र मौद्गल्यायन स्थविर। यी दुईलाई **अग्रश्रावक** वा **महाश्रावक** (=उत्तम शिष्यहरू) पनि भनिन्छ। त्यसमध्ये, सारिपुत्र भन्ते भगवान् बुद्धका प्रमुख एवं दायाँ हातसमानका भिक्षु थिए। उनले **प्रज्ञामा अग्रस्थान प्राप्त** गरेका थिए भने बुद्धशासनको धर्म सेनापति पनि थिए। रुपसारी ब्राह्मणीका पुत्र सारिपुत्र **नालक (=उपतिस्स) गाउँ**, राजगृहका निवासी थिए भने अस्सजि भन्तेको उपदेशद्वारा प्रभावित भई बुद्धशासनमा प्रवेश गरेका थिए। अति सहनशील भएको हुनाले उनलाई "**सीङ् नभएको गोरु**" पनि भनिएको थियो। **(बौद्ध दर्पण, पृ. ११ : बुद्ध जीवन र बुद्ध काल)**

६८)**मौद्गल्यायन**= गौतम बुद्धका दोस्रा प्रमुख श्रावक शिष्य एवं बायाँ हातसमानका भिक्षु मौद्गल्यायन भन्तेले **ऋद्धिमा एतदग वा अग्रस्थान प्राप्त** गरेका थिए। उनी राजगृहको **कोलित गाउँ**का निवासी थिए र गृहस्थकालको नाम 'कोलित' थियो। मौग्गली ब्राह्मणीका पुत्र मौद्गल्यायन भन्तेलाई आफ्नै पूर्व अकुशल विपाक स्वरूप डाँकाहरूद्वारा परिनिर्वाण हुनुपरेको थियो।**(बौद्ध दर्पण, पृ. १२ : बुद्ध जीवन र बुद्ध काल)**

को पनि राजगृहको एउटा डाँडामा आफ्नो पूर्व विपाकका कारण डाँकाहरू-द्वारा परिनिर्वाण भयो । अशक्त अवस्थाकी **प्रजापति गौतमी भिक्षुणी**को पनि बुद्धको दर्शन प्राप्त गरी १२० वर्षको उमेरमा परिनिर्वाण भयो । यशोधरा भिक्षुणी पनि बुद्धको परिनिर्वाण पूर्वनै आफू बुद्धलाई भेटेर परिनिर्वाण भइगइन् । जीर्ण र अशक्त बुद्ध **उच्चाकेल, भण्डग्राम, हत्थिग्राम, आम्रग्राम, जम्बुग्राम** हुँदै **भोग नगर**[६९] पुग्नुभयो । त्यहाँ बुद्धले घोषणा गर्नुभयो–**मेरो परिनिर्वाण पछि बिवाद उत्पन्न भएमा सो बिषयलाई लिएर मेरो शिक्षा (धर्म) र नियम (विनय) सँग दाँजेर मात्रै ग्रहण गर्नू ।**

त्यहाँबाट बुद्ध **पावा**[७०] पुग्नुभयो । त्यहाँ पावावासी **चुन्द कर्मारपुत्र** नामक व्यक्तिको घरमा उहाँले भोजन गर्नुभयो, जुन उहाँको अन्तिम भोजन थियो । सो भोजनपछि उहाँको पेट असाध्यै दुख्न थाले तर पनि बुद्धले भिक्षुहरू समक्ष चुन्दको भोजन वर्णना एवं प्रशंसा गरी केही दोष नदिन आज्ञा गर्नुभयो[७१] । यही भोजन बुद्धको महापरिनिर्वाण हुन सहायक सिद्ध भयो ।

६९) **भोग नगर** = वर्तमान भारतको बदराँव गाउँ, बिहार प्रदेश ।
**(बुद्ध र बुद्धपछि, पृ. ५२: बुद्ध जीवनी)**

७०) **पावा** = प्राचीन "पावा" लाई **कनिंगहाम**ले वर्तमान भारतको गोरखपुर जिल्लाको **कुशीनगर बाट १२ माइल उत्तर-पूर्वी भागको पडरौना भन्ने शहर**लाई ठहऱ्याएको छ । G.D. पृ.१५५
**(बुद्धकालीन महिलाहरू, पृ. ६ : सुजाता उपासिका को फुट नोटबाट)**

७१) जुन सुजाताको भोजन गर्नाले तथागतलाई बोधिज्ञान प्राप्त भयो र जुन कर्मारपुत्रको भोजन गर्नाले तथागतको परिनिर्वाण भयो-यी दुबै भोजनहरू एक समान तथा महत्वपूर्ण छन् र महत्वफलदायी पनि छन् भनी स्वयं भगवान् बुद्धले दीघनिकाय अन्तर्गतको महापरिनिब्बानसुत्रमा व्यक्त गरेका छन् । यस उसले, चुन्द कर्मारपुत्रको भोजन पनि उत्तिकै महत्वपूर्ण मानिएको छ जति सुजाताको क्षीर भोजनलाई मानिएको छ। उनीहरू दुबैका भोजनमा (१) परिनिर्वाण-समानता, (२) समापत्ति-समानता तथा (३) अनुस्मरण समानता भन्ने तीन गुणहरूले युक्त भएकोले समान फलदायी तथा अति उत्तम मानिएका हुन् ।

यहाँ, यसरी पनि समानता बुझौं-सुजाताको क्षीर भोजन गरेपछि सिद्धार्थ गौतमले **सउपादिशेष क्लेशनिरोध निर्वाणधातु** प्राप्त गर्नुभयो भने चुन्द कर्मार पुत्रले दिएको भोजन गरेपछि **अनुपादिशेष स्कन्धनिरोध निर्वाणधातु** प्राप्त गर्नुभयो । त्यस्तै, सुजाताद्वारा प्रदत्त भोजन पछि सिद्धार्थ गौतम वीतरागी, वीतद्वेषी तथा वीतमोही हुनुभयो भने चुन्द कर्मारपुत्रद्वारा प्रदत्त भोजन पछि रूप, वेदना, संज्ञा, संस्कार तथा विज्ञानको पुन्ज समेत निरोध गरी महापरिनिर्वाण प्राप्त भयो । **(बुद्धकालीन महिलाहरू, भाग-१, सुजाता उपासिका, पृ. २ : क्षीर भोजन)**

तत्पश्चात्, बुद्ध **कुशीनगर** जानुभयो । त्यहीं, सुभद्र परिब्राजक दुर्लभ बुद्धको दर्शन एवं उपदेश श्रवण गरेर भिक्षु बने र अन्तिम श्रावक अनुयायी भए । अनि बुद्धले भिक्षुहरूलाई आफ्नो महापरिनिर्वाण पछि उहाँको **धर्म र विनय नै भिक्षुहरूको शास्ता वा गुरू हुनेछ** भनी घोषणा गरे । साथै **साना नियमहरू अवस्था अनुसार बदल्न सकिने** कुरा पनि व्यक्त गर्नुभयो ।

अन्तिमशय्यामा बुद्ध आज्ञा गर्नुहुन्छ–"**भिक्षुहरूको मनमा कुनै कुराको सन्देह बाकी छ भने अहिलेसम्म समय छ, तथागतसित सोध्नू ।**" त्यस समयका त्यहाँ उपस्थित त्यत्तिका भिक्षुहरूमध्ये कसैको मनमा पनि बुद्ध, धर्म र संघ तथा बुद्धशिक्षाका बारेमा कुनै प्रकारको सन्देह नरहेको कुरा अभिव्यक्त हुन्छ । तब, भगवान् बुद्धले भिक्षुहरूलाई सम्बोधन गर्नुहुँदै अन्तिम उपदेशको रूपमा वाक्य प्रकट गर्नुहुन्छ – "**हे भिक्षुगण ! संस्कार जम्मै अनित्य भन्ने बुझी अप्रमादी भई राम्ररी स्मृति राखी गुणः धर्म सम्पादन गरिलिने प्रयत्न गर ।**

तदनन्तर भगवान् बुद्ध प्रथमध्यानमा समाधिस्थ भए । त्यसपछि क्रमैसित द्वितीयध्यानमा, तृतीयध्यानमा तथा चतुर्थध्यानमा लीन भए । चतुर्थध्यानपछि क्रमशः **आकाशानन्त्यायतन**[७२], **विज्ञानन्त्यायन**[७३], **आकिञ्चन्यायतन**[७४], **नैवसंज्ञानासंज्ञायतन**[७५] नामक अरूपीध्यानहरूमा बस्नुभयो । त्यसपछि **निरोधसमापत्ति**[७६] मा बसे । तदनन्तर फेरि क्रमैसित प्रथमध्यानमा ओर्लनुभयो । पुनः प्रथमध्यानबाटै क्रमैसित चतुर्थध्यानसम्म पुगी त्यहींबाट उनको महापरिनिर्वाण भयो ।

७२)**आकाशानन्त्यायतन** = अनन्त आकाशमा ध्यान केन्द्रित गर्नु । शून्यता मात्र अनुभव हुने ध्यान ।

७३) **विज्ञानानन्त्यायतन** = अनन्त चेतनामा ध्यान केन्द्रित गर्नु । अनुभव थाहा पाउने विज्ञान बाकी रहेको ध्यान ।

७४) **आकिञ्चन्यायतन** = शून्यतामा ध्यान केन्द्रित गर्नु । अनुभव मात्रै बाकी रहेको ध्यान ।

७५)**नैवसंज्ञानासंज्ञायतन** = न संज्ञा न असंज्ञामा ध्यान केन्द्रित गर्नु । सूक्ष्म संज्ञा मात्रै बाकी रहेको ध्यान । (यी चार आरूप्य वा अरूपावचर ध्यानहरू ती ध्यानहरू हुन्, जसले मनलाई अरूपलोकमा पुर्‍याउँछ ।)

७६)**निरोधसमापत्ति** = चार अरूपावचर ध्यानहरूबाट उत्तीर्ण भएपछि "**संज्ञा वेदचित निरोध**" ध्यानमा पुगिन्छ र यसैलाई निरोध समापत्ति पनि भनिन्छ । यो सर्वोच्च ध्यानमा संज्ञा पनि निरोध भई प्रज्ञा उत्पन्न हुन्छ । अर्हत्‌हरू मात्रै यो ध्यानमा पुग्छन् । **(बौद्ध दर्पण, पृ. ९९ : दर्शन)**

यसप्रकारले **महाकारूणिक**[७७] सम्यक्सम्वुद्ध ८० वर्ष पूर्ण भएकै दिन सकल संस्कारको अनित्यभाव देखाई आफू स्वयं निदर्शन भई अनुपादिशेष महापरिनिर्वाण भएर जानुभयो। त्यस बखतमा त्यहाँ अति भयानक महाभूकम्प पनि भएंको थियो । त्यो चिरसंवेगदायी दिन ई.पू. ४८३ को वैशाख पूर्णिमाकै पावन दिन थियो ।

## प्रथम कपिलबस्तु आगमन

भगवान् बुद्धले बोधिज्ञान प्राप्त गरेपछि **पञ्चभद्रवर्गीय सामु ऋषिपतन मृगदावन (सारनाथ) मा धर्मचक्र प्रवर्तन** गर्नुभयो। तत्पश्चात उहाँ चारिका गर्दै राजगृह पुग्नुभयो र **बिम्बिसार**[७८] राजाद्वारा निर्मित **वेणुवन बिहार**[७९] मा बस्नुभयो। आफ्ना पुत्र वेणुवनमा भएको खबर पाएर पुत्रको मुहार एवं दर्शन गर्नमा शुद्धोदन राजा छटपटिन थाले । छोराको मुख देख्न व्याकुल भएका राजाले तुरुन्त एउटा सचिवलाई बोलाएर भने –"**भणे ! मेरो प्यारो पुत्र भगवान् बुद्ध आजकल राजगृह नगरको वेणुवनमा बसिरहेका छन् रे भन्ने**

७७)**महाकरूणिक**=अरूको दुर्दशाभाव देखेर मनमा दयाको जागरण गराउनु "करूणा" हो । उहाँ भगवान् बुद्ध करूणाका खानी थिए । कुनै-कसैको पनि पतन भएर दयनीय यातना भोगेको दृश्यद्वारा प्रसन्न हुने उहाँको बानी थिएन । आफूप्रति भलो चिताउनेलाई पनि, भलो नचिताउने देवदत्त जस्तालाई पनि उनी महाकरूणा राख्दै समानताले व्यवहार गर्थे । अझ उनी तथागत गौतम बुद्धले नित्यप्रति बिहान र बेलुका "**महाकरूणासमापत्तिध्यान**" मा लीन बन्ने गर्थे र संसारमा बिद्यमान बोध गर्न योग्य बेनेय्य प्राणीहरूलाई बोध गराउथे । उनको अनन्त करूणाका खानी चरित्र देखेर नै उहाँलाई "महाकारूणिक" बुद्ध भनिन्छ ।

७८)**बिम्बिसार**=बुद्धको उपदेश सुनेर त्रिशरणागतसहित श्रोतापत्तिफल प्राप्त गरेका मगधका सम्राट थिए -बिम्बिसार। पिता : भाति। माता : बिम्वि। रानीहरू : केशलदेवी र खेमा। छोरो : अजातशत्रु।

राजा बिम्बिसार बुद्धभन्दा ५ वर्ष कान्छो थियो । उनको १५ वर्ष हुँदा राज्याभिषेक भएको थियो। उनीले २४ वर्षको छँदा सिद्धार्थलाई पाण्डव पर्वतमा भेटेका थिए। ३१ वर्षको उमेरमा उनी बुद्धको शरणमा गएका थिए। त्यसपछि ३६ वर्षसम्म राज्य गरी ६७ बर्षमा आफ्नै छोरा अजातशत्रुको कुविचार र यातनाले मृत्यु भयो। उनको निधन अवस्थामा बुद्ध ७२ बर्षका थिए।

**(बौद्ध दर्पण, पृ. १० : बुद्ध जीवन र बुद्ध काल)**

७९)**वेणुवन बिहार** = भगवान् गौतम **बुद्धको शासनमा पहिलो बिहार** दान दिएको र ग्रहण गरिएको आवासस्थल बिहार नै वेणुवन बिहार हो । यो वेणुवन बिहार मगधका सम्राट राजा बिम्बिसारले भगवान् बुद्धसहित भिक्षु संघलाई आफ्नो राजगृह नगर आउँदा दान गरेका थिए । यो बिहार बाँसको वगैंचा भएर नै वेणुवन नाम रहन गएको हो । **वेणु** = बाँस र **वन**= वगैंचा ।

**सुनिन्छ । तिमी त्यहाँ गएर उहाँलाई तुरुन्त बोलाएर ल्याऊ ।"**

राजाज्ञा पाएका सचिव एक हजार सैनिकहरूको साथमा वेणुवन बिहारमा पुगे । त्यहाँ पुगेर हेर्छन् त शाक्यमुनि तथागत बुद्ध हजारौं शिष्यहरूलाई धर्मोपदेश गरिरहेका छन् । तसर्थ, तिनीहरू पनि एक स्थानमा बसी धर्मोपदेश सुन्नमा तल्लीन भए । उपदेशको अन्तमा तिनीहरू जम्मै अर्हत् भए । त्यसपछि बुद्ध समक्ष गई उपसम्पदा मागी प्रब्रजित पनि भए तर कसैले पनि राजा शुद्धोदनको समाचार भगवान्लाई सुनाउन सकेनन् ।

सचिव गएको धेरै दिन बित्यो । खबर भने केही छैन । शुद्धोदन राजाको ब्याकुलता अझ तीब्र हुन थाल्यो । पुनः अर्को एकजना सचिवलाई एक हजार सैनिकहरूका साथमा बुद्धकहाँ पठाए । तिनीहरू पनि भगवान्को धर्मोपदेशले प्रब्रजित भएर गए र कपिलबस्तु फर्केनन् । यसप्रकारले नौ पटकसम्म राजाले दूतहरू पठाउँदा पनि सबैले राजाको समाचार भगवान् बुद्धलाई भनेका थिएनन् ।

बृद्ध शुद्धोदन राजा खिन्न भए । उनका मनमा ठूलो सन्तापले छायो । छोराको मुख हेर्ने ब्याकुलताले अझ दुःखी बने । आफ्नो सन्देश बुद्धकहाँ नपुगेको हुनाले कुनै बिश्वासी ब्यक्तिको खोजीमा उनको ध्यान दौड्न थाल्यो । आफूप्रति स्नेह र विश्वास हुने तथापि भगवान् बुद्धका बालककालदेखिका साथी कालुदायी नामक मन्त्रीलाई सम्झेर राजा केही धुक्क बने, सन्तोषको केही श्वास फेरे ।

आफ्नो मनोकामना पूर्ण गर्नसक्ने दृढ आशाले कालुदायी मन्त्रीलाई सो कुरा ब्यक्त गरे । राजाको कुरा सुनेर चलाख मन्त्रीले पहिल्यै भने – **"महाराज ! मलाई पनि प्रब्रजित हुने आज्ञा बक्सिए म उहाँलाई यहाँ ल्याउन सक्नेछु अन्यथा असमर्थ रहनेछु ।"**

तब, राजाले भने–**"हे कालुदायी ! तिम्रो जे इच्छा छ, गर्न सक्छौं । जसो गरेर भए पनि मेरो छोराको मुख मलाई चाँडै देखाउने काम गर ।"**

राजाको आज्ञा पाई कालुदायी मन्त्री एक हजार जवान सैनिकहरूका साथ बुद्धसमक्ष पुगे, भगवान्को धर्मोपदेश सुने, अर्हत्फल प्राप्त गरे अनि सबैले प्रब्रजित याचना गरेर उपसम्पदा पनि प्राप्त गरे । आठ दिन जति भएपछि आयुष्मान् कालुदायी, भगवान्लाई कपिलबस्तु लैजाने अभिलाषाले, भगवान् बुद्ध समक्ष गई कपिलबस्तु जाने मार्गको वर्णन गर्दै यसप्रकारले

भन्न लागे – "**महावीर ! आजकल ऋतुगुण साह्रै सुखदायी छ, वसन्त-ऋतुको आगमनको बेला छ । अति जाडो पनि होइन, अति गर्मी पनि होइन । घाम साह्रै कडा पनि होइन, साह्रै नरम पनि होइन । कपिलबस्तुतिर जाने मार्गमा भर्खर-भर्खरै फुल्न लागेका रंगबिरंगका फूलहरू शोभायमान भैरहेको छ । मार्ग साह्रै आनन्ददायक छ । बाटोमा पनि न धेरै हिलो छ न ग्रीष्मकालमा झैं धूलो उड्छ । ऋतुराजले आफ्नो शोभा प्रदर्शन गरिराखेको छ । नानाप्रकारका पंक्षीहरूको संगतीले गर्दा मार्गको सौन्दर्य अझ दुगुना बढेको छ । आदि ।**"

अनेक प्रकारले कपिलबस्तु जाने मार्गसौन्दर्य वर्णनको कारण तथागत बुद्धले जान्नुभई फाल्गुण-पूर्णिमाको दिन बीस हजार भिक्षुहरूसित आयुष्मान् कालुदायीसहित् भगवान् बुद्ध कपिलबस्तुको निम्ति राजगृहबाट प्रस्थान गरे । **साठी योजन मार्ग दैनिक एक योजन तय** गरी दुई महिनापछि बैशाख पूर्णिमाको दिन बुद्ध सहित भिक्षुसंघ कपिलबस्तु नगरमा आइपुग्यो ।

बीस हजार भिक्षुहरूसहित् भगवान् बुद्धलाई बाश गराउन एउटा रमणीय स्थानको आवश्यकता महसुस गरी शाक्य राजपरिवारहरू जम्मा गरी **शुद्धोदन राजाले निग्रोध शाक्यको उद्यानमा एउटा बिहार बनाउन** लगाए । निग्रोध शाक्यकै उद्यानमा बनाएको हुनाले त्यस बिहारको नाम पनि '**निग्रोधाराम**' वा '**निग्रोध बिहार**' भन्ने रह्यो । यसै बिहारमा कपिलबस्तु आइपुगेर बुद्धसहित भिक्षुसंघले बिहार गरे ।

जातिअभिमानी शाक्यकुलका सदस्यहरूलाई आफ्नो **ऋद्धि**[८०] द्वारा भगवान्

८०) **ऋद्धि** = ऋद्धि भन्नाले दिव्य चमत्कार बुझिन्छ । यी ऋद्धि बौद्ध वाङ्मयमा दश प्रकारका उल्लेख भएका छन् । ती हुन्:–

क) **अधिष्ठान ऋद्धि** = दृढताबाट प्राप्त ऋद्धि,
ख) **विकृति ऋद्धि** = विविध प्रकारबाट प्राप्त ऋद्धि,
ग) **मनोमय ऋद्धि** = मनोकामनाबाट प्राप्त ऋद्धि,
घ) **ज्ञानमय ऋद्धि** = ज्ञानबाट प्राप्त ऋद्धि,
ङ) **समाधिमय ऋद्धि** = समाधिबाट प्राप्त ऋद्धि,
च) **आर्य ऋद्धि** = श्रेष्ठताबाट प्राप्त ऋद्धि,
छ) **कर्म विपाजक ऋद्धि** = जन्मैदेखि हुने स्वाभाविक ऋद्धि,
ज) **पुण्यमय ऋद्धि** = पुण्य प्रभावबाट प्राप्त ऋद्धि,
झ) **विद्यमान ऋद्धि** = विद्याबाट प्राप्त ऋद्धि,
[illegible] **प्रत्यय ऋद्धि** = प्रयोगद्वारा प्राप्त ऋद्धि ।

(**बौद्ध दर्पण, पृ. ६८: बिविध उपदेश**)

बुद्धले दमन गर्नुभयो भने ज्ञातिसंग्रह पनि कुशलतापूर्वक सम्पन्न गर्नुभयो । बुद्धको धर्मोपदेशले **शुद्धोदन राजा अनागामी** भए, **प्रजापति गौतमी श्रोतापन्न** भए, धेरैले ज्ञान प्राप्त गरे । **नन्दकुमार प्रब्रजित** भए, **पुत्र राहुल बुद्धशासनमा दीक्षित** भए तथापि बृहद् मानव मात्रलाई बुद्धको उपदेश फलदायी लाभप्रद बन्यो ।

यसरी, भगवान् बुद्धको प्रथमपल्ट आफ्नो स्वदेश कपिलबस्तुमा आइपुगेको संयोग दिन पनि आजकै वैशाख-पूर्णिमाको पावन दिननै थियो ।

## बुद्ध हुने भविष्यवाणी प्राप्त

कुरा धेरै अघिको थियो । त्यसवेला **लोकमा दीपंकर तथागत उत्पन्न** भएका थिए । त्यस समयमा अमरवती भन्ने एउटा नगर थियो । त्यहीं एक सम्पन्न ब्राह्मण परिवार **आनन्द र वसीको तर्फबाट** एक प्रभावशाली बालकको जन्म भएको थियो, जसको नाम थियो – **सुमेध** ।

बालक सुमेध शिल्प-बिद्या एवं व्यावहारिक ज्ञान पनि आर्जन गर्दै जानथाले । उनी सुमेध पण्डित नामले प्रसिद्ध भए । तर बिडम्बना ! जवानीमा पुग्दा-नपुग्दै आफ्ना जन्मदाता माता-पिताको देहावसान भयो । दुःखी सुमेध पण्डितका अगाडि घरको सम्पूर्ण हिसाब-किताब एवं धन-सम्पत्ति, सुन, चाँदि, पैसा आदि बहिदारद्वारा छर्लंग गराएपछि उनी झसङ्ग भएर बिचार गर्न थाले – **"यत्तिका धनसम्पत्ति हुँदा पनि मेरा माता-पिताले एक कौडी पनि साथमा लिएर गएनन्, जान सकेनन् तर म भने यी सबै सम्पत्ति साथमै लिएर जानेछु ।"**

आफ्नो दृढता अनुरूप नगरभरि झ्याली पिट्न लगाई मनप्रसन्नले दान दिनथाले । जंजालमय गृहस्थिभावबाट बिरक्त बनी सुमेध पण्डित हिमालयतिर लागेर **धम्मक भन्ने सम्पन्न पर्वतमा ऋषि प्रबज्याले प्रव्रजित** बने । आफ्नो तपस्याले गर्दा उनले सप्ताहबीचमै **अष्टसमापत्ति**[८१] एवं

८१) **अष्टसमापत्ति**=तलका आठ समापत्ति ध्यानहरूलाई अष्ट समापत्ति भनिन्छ–

| | | | |
|---|---|---|---|
| १) प्रथम ध्यान | **रूपावचर ध्यानहरू** | ५) आकाश-आनन्त्यायतन | **अरूपावचर ध्यानहरू** |
| २) द्वितीय ध्यान | | ६) विज्ञान-आनन्त्यायतन | |
| ३) तृतीय ध्यान | | ७) आकिंचन्य आयतन | |
| ४) चतुर्थ ध्यान | | ८) नैवसंज्ञा नासंज्ञा आयतन | |

यस अन्तर्गत, रूपावचर ध्यान चारवटा बारे थाहा पाउन यसै पुस्तकको पृ.५२ मा हेर्नुहोला । त्यस्तै अरूपावचर ध्यान चारवटा बारे थाहा पाउन पृ.६३ मा हेर्नुहोला । **(बौद्ध दर्पण, पृ. ९९ : दर्शन)**

**पञ्चअभिज्ञा**[८२] प्राप्त गरे । अब उनी सुमेध पण्डितका साथै सुमेध ऋषिले सुप्रसिद्ध बन्न पुगे ।

त्यसबखत, लोकमा उत्पन्न दीपंकर तथागत भ्रमण गर्दै **रम्मक** भन्ने नगरमा पुग्नुभयो र त्यस नगरमा रहेको '**सुदर्शन महाबिहार**' मा बिहार गर्नुभयो । बृहद् श्रद्धालुजनहरू दीपंकर तथागतकहाँ पुगी, उपदेश श्रवण गरी प्रसन्नभावले भोलिपल्टको निम्ति निमन्त्रणा गरेर फर्के । तत्पश्चात्, भोलिपल्ट दानादिको लागि नगर अलंकृत पार्ने तथा हिलो-माटो, बिग्रेका बाटोहरू मिलाउने, सम्म पार्ने कार्य हुनथाल्यो ।

आकाश मार्गबाट गइरहेका सुमेध तपश्वीले उक्त शोभाको कारण सोधी, जानी आफू पनि त्यस सफाई अभियानमा सरिक हुने इच्छा जाहेर गरे । एउटा कठिन भाग सुमेध ऋषिले पाएपछि आवश्यक तवरले मिलाउनमा उनी तल्लीन हुन थाले ।

दीपंकर तथागत असंख्य भिक्षुहरूद्वारा घेरिएर क्रमशः नगरमा प्रवेश गरे । यस बेलासम्म सुमेधको काम भने केही बाकी नै रह्यो । सूर्यझैं ज्वाजल्यमान क्षीणाश्रवी भिक्षुहरूलाई हिलो-फोहोर लाग्न नदिन उनले आफ्नै जीवन-दान गर्न योग्य देखे । तसर्थ, आउँदै गरेका दशबल तथागत सहित् भिक्षुहरूलाई आफ्नो ढाडमा टेकेर जान आग्रह गर्दै फोहोर र हिलो बाटोमा आफु पुल झैं बनिदिए ।

यसप्रकार लेटिरहेका सुमेध तपस्वीले दीपंकर तथागत समक्ष प्रार्थना गरे - **"यो मेरो जीवनदानले दीपंकर दशबल झैं सम्बोधि प्राप्त गर्नसक्ने बनूँ । जसरी तथागत बुद्धभावमा पुगेर क्षीणाश्रवीहरूद्वारा घेरिएर लोकमा धर्मदेशना गर्दै चारिका गर्नुभयो त्यसरी नै गर्न म पनि सामर्थ बनूँ ।"**

सुमेध तपस्वीको प्रार्थना सुनेर दीपंकर बुद्धले आफ्नो अनागत ज्ञानद्वारा विचार गर्नुभयो र यथार्थ अवबोध गर्नुभई ती परिषद्का सामू

८२) **पञ्चअभिज्ञा**=ऋद्धिद्वारा प्राप्त गर्न सकिने यी पाँच दिव्य शक्तिहरू (ज्ञानहरू)लाई पञ्चअभिज्ञा भनिन्छन्–
१) **ऋद्धि** = दिव्य चमत्कार
२) **दिव्यश्रोत** = दिव्य सुन्ने शक्ति
३) **दिव्य चक्षु** = दिव्य हेर्ने शक्ति
४) **चेतोपरिय ज्ञान** = अर्काको चित्त थाहा पाउने ज्ञान,
५) **पूर्वेनिवासानुस्मृति ज्ञान**=पूर्वजन्मको ज्ञान । **(बौद्ध दर्पण, पृ. ६९ : बिविध उपदेश)**

भविष्यवाणी गर्नुहुन्छ – "**यो सुमेध तपश्वी आजको चार असंख्य र एक लाख कल्प (कप्पसतसहस्स-अधिकानं चतुन्नं असङ्ख्येयानं) पछि 'गौतम' भन्ने बुद्ध हुनेछ। पिता शुद्धोदन राजा हुनेछ, माता महामायादेवी हुनेछन्। सारि पुत्र र मौद्गल्यायन अग्रश्रावकहरू हुनेछन्।**"

दीपंकर तथागतको नियत व्याकरण सुनेर सुमेध तपस्वी अति सन्तुष्ट एवं आनन्दित भए। तत्काले सम्बोधि प्राप्त गरे झैं प्रीति अनुभव गरे। त्यहीं उपस्थित अन्य महाजन आदि व्यक्तिहरूले पनि प्रार्थना गरे–"**महाबोधिसत्त्व ! जुनबेला तपाईं बुद्ध हुनेछ, त्यसबेला हामी पनि तपाईंकहाँ मार्गफल प्राप्त गरी निर्वाणमा पुग्न सकूँ** ।"

यसरी; दीपंकर तथागतद्वारा भविष्यमा बुद्ध हुने भविष्यवाणीसँगै प्रशंसा प्राप्त गरेको पावन संयोग दिन पनि बैशाख-पूर्णिमाकै शुभदिनको रूपमा मानिन्छ।

**पालिपाठ सिक्खावली (भाग-१), पृ. ५ : एकादसमो पाठो देखि**

यसरी भगवान् गौतम बुद्धका विभिन्न महत्त्वपूर्ण संयोगरूपी यस बैशाख पूर्णिमा-बुद्ध पूर्णिमाका दिन अझ थप उत्साही एवं जागरूक हुन आवश्यक मात्र नभएर अनिवार्य नै हुन आउँछ। जीवनका प्रत्येक चर्यामा भगवान् बुद्धको जीवनीद्वारा शिक्षा लिएर हामी अपूर्व शक्ति प्राप्त गरी स्वयं पनि महामानव बन्नमा अभिप्रेरित बन्न सक्छौं, सम्पूर्ण भवचक्रबाट अलगिगएको दुःखमुक्ति निर्वाण प्राप्त गर्न सक्छौं, आफ्नो अल्पकालीन मानवमय जीवन फलदायी बहूपकारी बनाई समूचा मानव मात्रलाई पनि आफ्नो संसर्गले धन्य-धन्य तुल्य बनाउन सक्छौं।

## उपसंहार

नवीन लहर र जाँगर बोकेर, हर्षोल्लास अनि खुशी समेटेर आइपुगेको यस बुद्ध पूर्णिमा-बैशाख पूर्णिमालाई भव्यताका साथ सुसम्पन्न गरौं। संसार सारामा वैचारिक र मानसिक नवीन शान्ति र क्रान्ति बोकेर, ज्ञानकै अपार भण्डार सँगालेर बहुजन हित र कल्याणका लागि जीवन समर्पण गर्ने बुद्धको पवित्र गुणानुस्मरण गरौं, आफ्नो आचरण-व्यवहार परिशुद्ध बनाएर, बुद्ध कथनानुसार शील, समाधि र प्रज्ञामा निहित भइकन सदासर्वदा प्रीति र सुखको अनुभूति गरौं, वास्तविक यथार्थ सत्य सदैव जानिरहौं, क्षणिक तर सर्वश्रेष्ठ मानव जीवन सफल र सार्थक तुल्याऔं र बनाऔं।

एकपल्ट फेरि, बुद्धका शान्ति सन्देश प्रत्येक व्यक्तिको मानसिक सुख-शान्तिका लागि, समाजको सुखद सद्भावपूर्ण सुव्यवस्थाका लागि, समूचा राष्ट्रको शान्ति, सुरक्षा, समृद्धिका लागि तथापि बिश्वको सुरक्षित पर्यावरण, आणविक भयमुक्त वरद अवस्था, शान्त सुखद प्रगतिका लागि मन, वचन र कर्मले सदासर्वदा परिपालन गर्न सकौं- यही बैशाख पूर्णिमाको शुभ सन्देश हो । यस बैशाख महोत्सवलाई बहिर्मुखी रूपमा होइन, अन्तर्मुखी रूपमा मनाउन सकौं । अझ पनि, हिमालयको देश नेपाललाई "***विश्व शान्तिको मुहान***" को गौरब प्रदान गर्ने, **एसियाका ज्योति** महामानव शान्तिनायक तथागत गौतम **बुद्धको जन्म, सम्बोधि तथा महापरिनिर्वाणको २५४५ औं बैशाख पूर्णिमा–बुद्ध पूर्णिमा नयाँ वर्षको सुखद शुभ पावन अवसरमा समस्त मानव मात्रलाई सुख,शान्ति तथा समृद्धिको कामनासँगै हार्दिक मङ्गलमय शुभकामना !**

**भवतु सब्ब मङ्गलं !**



# सहायक-ग्रन्थहरू

## (Bibliography)

१) भिक्षु अमृतानन्द (अनु.–केशवलाल कर्माचार्य),"**संक्षिप्त बुद्ध-जीवनी**"(नेपाली)
लुम्बिनी:-अन्तर्राष्ट्रिय बौद्ध समाज,
बु.सं. २५४२, बि.सं. २०५५ ।

२) प्रकाश वज्राचार्य, "**बुद्ध र बुद्धपछि**" (नेपाली)
काठमाडौं:-रत्नमान सिंह तुलाधर, नील शोभा तुलाधर,
बु.सं.२५३५, बि.सं. २०४८ ।

३) प्रकाश वज्राचार्य, "**बौद्ध दर्पण**" (दोस्रो संस्करण/नेपाली)
बुद्ध जयन्ति समारोह समिति र धर्मकीर्ति प्रकाशन,
बु.सं.२५४०, बि.सं. २०५३ ।

४) भिक्षु अमृतानन्द (अनु.– केशवलाल कर्माचार्य), "**गृही–विनय**" (नेपाली),
ललितपुर:– जगतराज शाक्यवंश,
बु.सं. २५४२ , बि.सं. २०५५ ।

५) भिक्षु अमृतानन्द, "**बुद्धकालीन महिलाहरू**" (भाग-१, नेपाली);
स्वयम्भू:– आनन्दकुटी विहार गुठी,
बु.सं. २५१७, बि.सं. २०३० ।

६) भिक्षु अश्वघोष (सं,अनु.), "**धम्मचक्कप्पवत्तन सुत्त**" (नेपालभाषा)
काठमाडौं:– धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी,
बु.सं. २५४४, बि.सं. २०५७ ।

७. भिक्षु अश्वघोष, "**आर्य शील र आर्य मार्ग**" (नेपाली)
काठमाडौं:– धर्मकीर्ति अध्ययन गोष्ठी,
बु.सं. २५४०, बि.सं. २०५३ ।

८) भिक्षु अमृतानन्द (अनु.), "**धम्मपद**" (पाली–नेपाली)
काठमाडौं:– धर्मोदय सभा,
बु.सं. २४९५, बि.सं. २००८ ।

९) भिक्षु संघरक्षित, "**बुद्धोपदेश**" (नेपाली)
काठमाडौं:– संघाराम बिहार, ढल्को,
बु.सं. २५४४, बि.सं. २०५६ ।

१०) भिक्षु संघरक्षित, "**श्रद्धाधन**" (नेपाली)
काठमाडौं:– सत्यसन्देश प्रचारक प्रकाशन,
बु.सं. २५४४, बि.सं. २०५७ ।

११) भिक्षु संघरक्षित, "**पथप्रदर्शक**" (नेपाली)
काठमाडौं:– सत्यसन्देश प्रचारक प्रकाशन,
बु.सं. २५४४, बि.सं. २०५७ ।

१२) भिक्षु बुद्धघोष महास्थविर, "**पालि पाठ सिक्खावली**" (भाग १, पाली भाषा)
ललितपुरः– अ.सुशीला, लुँहिटि, यल,
बु.सं. २५२३, बि.सं. २०३६ ।

१३) भिक्षु ज्ञानपूर्णिक महास्थविर, "**न्हूगु परित्राण निश्रय**" (नेपालभाषा)
ललितपुरः– सन्ति सुखावास, चाकुपाट, यल,
बु.सं. २५३७ ।

१४) भिक्षु शीलभद्र र महेन्द्ररत्न शाक्य, "**परियत्ति शिक्षा**" (भाग-१,२,३, नेपाली)
नेपाल बौद्ध परियत्ति शिक्षा,
नेपालीभाषामा प्रथम संस्करण ।

# हाम्रा प्रकाशनका प्रकाशित कृतिहरू

## Our Published Books

१) **बुद्धोपदेश**
(त्रिरत्न वन्दना र बौद्ध कथा सँगालो)

२) **मैत्रीभावना (अनु.,सं.)**
(उपमा-कथा प्रमुख भावनाविधि)

३) **श्रद्धाधन**
(सप्तरत्न आर्यधनको पहिलो धन)

४) **पथप्रदर्शक**
(बुद्धशिक्षाका रचना संग्रह)

५) **दृश्य, दृष्टि र बुद्ध**
(सचित्र कविता संग्रह)

६) **बैशाख पूर्णिमा–बुद्ध पूर्णिमा**
(तपाईंको हातमा)

७) **बौद्ध संगालो**
(पञ्चशील, बुद्धपूजा, परित्राण, ज्ञानमाला: अर्थ र व्याख्या सहित)
– प्रकाशनको तयारीमा प्रेसमा पुगिसकेको

८) **अनागतवंश (अनु.)**
– प्रकाशनको तयारीमा प्रेसमा पुगिसकेको

## प्रकाशनका प्रतिक्षामा हाम्रा कृतिहरू

१) **शीलधन** (सप्तरत्न आर्यधनको दोस्रो धन)
२) **लज्जाधन** (सप्तरत्न आर्यधनको तेस्रो धन)
३) **भयधन** (सप्तरत्न आर्यधनको चौथो धन)
४) **श्रृतधन** (सप्तरत्न आर्यधनको पाँचौ धन)
५) **त्यागधन** (सप्तरत्न आर्यधनको छैठौं धन)
६) **प्रज्ञाधन** (सप्तरत्न आर्यधनको सातौं धन)
७) **जीवन यात्रा** (यात्रा संस्मरण संगालो)

**श्रद्धादान गर्ने र पुस्तक उपलब्ध हुने स्थान:**

**सत्यसन्देश प्रचारक प्रकाशन**

भिक्षु संघरक्षित, संघाराम, ढल्को, क्षेत्रपाटी, काठमाडौं । ☎–२५५९६०

# भन्नुपर्ने कुरा सम्भिँदा

निस्वार्थ निराभिमानी भावनाले प्रेरित भएर बिना कुनै लोभलालच बहुजन हिताय बहुजन सुखायको सन्देशलाई चरितार्थ गर्न औ भगवान् गौतम बुद्धको पवित्र पावन बैशाख पूर्णिमा-बुद्ध पूर्णिमारूपी बौद्ध महोत्सव सत्कर्ममा आवद्ध भई त्याग चेतनामा निहित बन्न सम्पूर्ण दानमध्ये उत्तम एवं श्रेष्ठ 'धर्मदान' जस्तोमा श्रद्धाचित्त उत्पन्न गर्नुहुने बौद्ध उपासक श्री ज्ञानज्योति कंसाकार साहु एवं उपासिका लक्ष्मीप्रभा साहुनीहरूप्रति हाम्रो प्रकाशनको तर्फबाट हार्दिक साधुवाद सहित निरन्तर उन्नति-प्रगति एवं सुखी, निरोगी र दीर्घायुको मंगलमय कामना गर्दछौं ।

मानवोपकारी बुद्धशिक्षा एवं सर्वदा सुखदायी बुद्धसन्देश देशका सुगम-दुर्गम क्षेत्रहरूमा प्रचार-प्रसार गर्ने सहज माध्यमरूपी पुस्तक प्रकाशन गर्नमा धर्मचित्त उत्पन्न गरी सदैव अग्रगामी रहेर सर्वोश्रेष्ठ किन्तु अल्पकालीन मानवमय जीवनलाई लाभप्रद फलदायी तुल्याउन सकून्, पुनः एकपल्ट श्रद्धादाता श्री ज्ञानज्योति कंसाकार साहु प्रमुख स-परिवार सबैलाई नव वर्ष २५४५ औ वैशाख पूर्णिमा-बुद्ध पूर्णिमाको शुभ पावन अवसरमा स-हृदय शुभकामना व्यक्त गर्दछौं ।

**भवतु सब्ब मंगलं !**

**सत्यसन्देश प्रचारक प्रकाशन**

**काठमाडौं ।**

2858.3
91 52

बौद्ध मात्रले नभई सम्पूर्ण विश्वले शान्तिको पर्वका रूपमा लिइने वैशाख पूर्णिमा-बुद्ध पूर्णिमाको विषयमा यथेष्ट बुझ्न र जान्न अचूक साधन नै बनेको प्रस्तुत पुस्तक विषयवस्तु र प्रस्तुतीकरण शैलीले नेपाली मात्रका लागि अत्यन्त महत्त्वपूर्ण एवं लाभप्रद बनेको छ ।

-संघनायक भिक्षु अनिरुद्ध महास्थविर
"अग्ग महा सद्धम्म जोतिक धज"

परियत्ति सद्धम्म कोविद प्रथम वर्ष (बु.सं. २५४४) को परीक्षामा प्रथम श्रेणी प्राप्त गर्ने व्यक्तित्वबाट आमिषलाई भन्दा प्रतिपत्ति पूजालाई बढी जोड दिएर विभिन्न बौद्ध ग्रन्थहरूको अध्ययनद्वारा रचना गरिएको प्रस्तुत पुस्तक पाठक वर्गहरूमा धेरै उपकारक सिद्ध बन्नेछ भन्नेमा विश्वस्त छु ।

-भिक्षु बुद्धघोष महास्थविर
"अग्ग महा सद्धम्म जोतिक धज"
शिक्षाध्यक्ष: नेपाल बौद्ध परियत्ति शिक्षा समिति

प्रस्तुत "वैशाख पूर्णिमा-बुद्ध पूर्णिमा" कुनै पनि बुद्ध धर्मानुयायीका लागि एउटा महत्त्वपूर्ण हस्तक पुस्तक नै हो । मुख्यत: यसभित्र बुद्धधर्मावलम्बीहरूले जानिराख्नुपर्ने विविध महत्त्वपूर्ण एवं अत्यावश्यक ज्ञानवर्द्धक कुराहरु समावेश गरिएका छन् ।

-भिक्षु अश्वघोष महास्थविर
"अग्ग महा सद्धम्म जोतिक धज"

त्रिसंयोगयुक्त पावन वैशाख पूर्णिमाका संयोग, आवश्यकता र महत्त्व, नैतिक शिक्षा-दीक्षा तथा बुद्धका मूल उपदेश शील, समाधि र प्रज्ञा जस्ता शान्तिका कारकतत्त्वहरूको सहज-सरल रूपमा समालोचना गरी रचना गरिएको यो पुस्तक कल्याणकारी-फलदायी नै सिद्ध हुनेछ ।

-त्रिपिटकाचार्य भिक्षु कुमार काश्यप महास्थविर
"विद्यालंकार पद्मभूषण"

"सिद्धार्थ बुद्धको पवित्र त्रिसंयोगको वैशाखपूर्णिमालाई लक्ष्य राखेर कुनै कुरा गर्नु भनेको बुद्धगुण, धर्मगुण र संघगुणलाई सम्झनु हो । त्रिरत्नगुणलाई सम्झनु भनेको शीलको ख्याल गर्नु, कुशलताको जोखो गर्नु अनि अनित्यताको चासो राख्नु हो । भिक्षु जीवनको सार यसै कुरामा आधारित छ । जीवनमा निर्वाणत्व प्राप्ति प्रयास हो भने विनय प्रयास सफलताको कडी हो । यही विनयका लागि नीतिनिर्देशन बुद्धपूर्णिमाले संकेत गर्दछ । यसैले यो "वैशाख पूर्णिमा-बुद्ध पूर्णिमा" पुस्तक मात्र ज्ञानपिपासा मेट्ने भाँडो नभै श्रद्धा र भावनाबाट प्रेरित लोककल्याणको जडीबूटी हो ।"

-प्रा. सुवर्ण शाक्य
महासचिव: धर्मोदय सभा

विश्वमा सर्वप्रथम भाग्यवान् बुद्धगुण अन्तर्गत सम्यक्सम्बुद्धलाई नै भगवान् मानिएकोमा अचेल ईश्वर वा परमात्माका रूपमा 'भगवान्' शब्दको जथाभावी प्रयोग गरिएको हुँदा यस्तो भ्रमको निवारण गर्न यो पुस्तिका सहायक सिद्ध हुने कुरामा म विश्वस्त छु ।

-दुण्डबहादुर वज्राचार्य एम. ए., बि. एल.